
# सर्केगाड गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना (२०७७-२०८१)

# WATER, SANITATION AND HYGIENE (WASH) PLAN OF SARKEGAD RURAL MUNICIPALITY (2020-2025)




# सर्केगाड गाउँपालिका

## हुम्ला

## २०७७

*"सफा,स्वच्छ,गुणस्तरीय र सुरक्षित खानेपानी एवं चर्पीयुक्त घर : प्रभावकारी सेवा प्रवाह र समावेशी विकास निर्माण गाउँपालिकाको रहर"*

# सर्केगाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,सर्केगाड,हुम्ला
### कर्णाली प्रदेश,नेपाल

## शुभ-कामना

खानेपानी तथा सरसफाइ मानव जिवनसंग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र हो । पानी बिना कुनै पनि जीवको परिकल्पना पनि गर्न सकिदैन । त्यस्तै कमजोर खानेपानी तथा सरसफाइका कारण बिभिन्न किसिमका रोगहरु लाग्ने, जसका कारणले ठुलो धनरासी खर्चिनु पर्ने र समयमा उपचार हुन नसक्दा मृत्यु पनि हुन सक्ने हुन्छ । यसै तथ्यलाई आत्मसाथ गरेर नेपालले खानेपानी तथा सरसफाइका क्षेत्रमा उल्लेखनिय उपलब्धि हासिल गर्दै आइरहेको छ। नेपालमा संचालित सरसफाइ प्रवर्द्धनको सामाजिक अभियान मार्फत हुम्ला जिल्लाले सरसफाइ क्षेत्रको प्रगति हासिल गरि २०७४ मंसिर १८ गते जिल्लालाई नै ४३ औं खुला दिसामुक्त जिल्लाको रुपमा घोषणा गर्न सफल भएको थियो ।

खुला दिसा मुक्त क्षेत्रको दिगोपना, सरसफाइ क्षेत्रको उचित व्यवस्थापन, ठोस तथा तरल फोहरको व्यवस्थापन, जोखिमपुर्ण समयमा साबुन पानीले हातधुने आनीबानी, संस्थागत (विद्यालय र स्वास्थ्य संस्था) खानेपानी तथा सरसफाइ सुबिधाको उचित व्यवस्थापन र सुरक्षित खानेपानीमा समुचित पहुँच आदि यस जिल्ला र गाउँपालिकाका मुख्य चुनौतीका रुपमा रहेका छन् ।

दिगो विकास लक्ष्यको मर्म अनुसार यस जिल्लाले र गाउँपालिकाले सबै जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइमा न्यायोचित पहुँच र उचित व्यवस्थापनमा जोड दिनु पर्ने छ । यस प्रकारका राष्ट्रिय तथा अन्तराष्ट्रिय लक्ष्य तथा प्रतिवद्धताहरुलाई आत्मसाथ गर्दै सर्केगाड गाउँपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रको नीति, ऐन तथा नियमहरु बनाउने कार्यको थालनी गर्नुका साथै खानेपानी तथा सरसफाइ क्षेत्रको विकासका सुरक्षित खानेपानीको आपुर्तीका लागि खानेपानी योजनाको निर्माण र मर्मत सम्भार, खानेपानी सुरक्षा योजना, विद्यालय र स्वास्थ्य संस्थामा वास सम्बन्धि प्रवर्द्धनात्मक कार्यक्रमहरु, आपतकालिन अवस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । आगामी बर्षहरुमा पनि यसै क्रमलाई निरन्तरता दिई खानेपानी तथा सरसफाइ क्षेत्रमा यथेष्ट बजेट बिनियोजन गरेर कार्यान्वयन प्रकृयामा प्रभावकारीता ल्याउने प्रतिवद्धता पनि ब्यक्त गर्दछु ।

गाउँपालिकाको सरसफाइ अभियानलाई निरन्तरता दिँदै सरसफाइ र स्वच्छताको दिगोपना कायम गर्न, गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिकाका रुपमा विकास गर्न खानेपानी,सरसफाइ तथा स्वच्छता योजना निर्माण तथा यसको सफल कार्यान्वयन आजको आवश्यकता रहेको छ । सर्केगाड गाउँपालिकालाई खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा पूर्णता दिने दीर्घकालीन सोचका साथ बि.सं. ०८१।८२ सम्मको लागि निर्माण भएको यस खासस्व योजनाको लक्ष्य समय सान्दर्भिक र महत्वपूर्ण विकास प्रयासका रुपमा रहेकोले योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु, अन्तमा, खासस्व योजना निर्माणमा सहयोग गर्ने नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग,विकास साझेदार निकाय युनिसेफ नेपाल र प्राविधिक सहयोग गर्ने छायाँ नेपाल लगायत यस गाउँपालिका अर्न्तगतका सबै शाखाहरु प्रति आभार ब्यक्त गर्दै यो योजना कार्यान्वयन गर्नमा पनि निरन्तर सहयोग हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

.............................

(कृष्ण रोकाया)

गाउँपालिका अध्यक्ष

**सर्केगाड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,सुर्केगाड,हुम्ला**
**कर्णाली प्रदेश,नेपाल**

## शुभ–कामना

खानेपानी,सरसफाइ र स्वच्छता मानव स्वास्थ्यको अपरिहार्य विषय भएकोले यसको समुचित विकासका लागि सबै पक्षले ध्यान दिनु पर्ने हुन्छ । सरसफाइ क्षेत्रको विकासका लागि राष्ट्रिय सरसफाइ गुरुयोजना, २०६८ तर्जुमा भइ यसैको मर्म अनुसार जिल्ला तथा स्थानीय तहमा सरसफाइ प्रवर्द्धनका अभियानहरु संचालन भइ गाउँपालिकाहरुको सरसफाइ र स्वच्छताको अवस्थामा उल्लेखनीय सुधार आई खुला दिसामुक्त क्षेत्र घोषणा भएकाछन् ।

साविकका ६ वटा गाविस जैर,गोठी,रोडिकोट,बराई,सायाँ र सर्किदेउ तथा जिल्ला स्थित सम्पूर्ण सरोकारवाला निकायहरुको सक्रियतामा बिभिन्न समयमा गाविसलाई खुला दिसामुक्त गाविसका रुपमा घोषणा गरी समग्र जिल्लालाई समेत ४३ औं खुला दिसामुक्त जिल्लाको रुपमा घोषणा गर्न समेत यो गाउँपालिका सफल भएको छ । सरसफाइको वर्तमान स्थितिको दिगो व्यवस्थापन गरी आगामी पाँच बर्ष भित्र गाउँपालिकालाई खानेपानी,सरसफाइ र स्वच्छतायुक्त गाउँपालिकाका रुपमा घोषणा गर्न विद्यमान खानेपानी तथा सरसफाइको अवस्था र देखिएका समस्याहरुको बिश्लेषण गरी सिमकोट गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्व र सबै सरोकावाला निकायहरु बिशेष गरेर छायाँ नेपाल÷युनिसेफको सहयोगमा निर्माण गरीएको यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समय सापेक्ष र अत्यन्तै सान्दर्भिक रहेको छ ।

तसर्थ यस खासस्व योजनाको सफल कार्यान्वयन तथा दीर्घकालीन लक्ष्य र उद्धेश्य अनुसारको प्रगति हासिल गर्नका लागि आफ्नो तर्फबाट गनुपर्ने सहयोगको प्रतिबद्धता गर्दै सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

२०७८।६।१६

दिपक कुमार आचार्य
प्रमुख प्रशासकिय अधिकृत

मिति: २०७७/१२/०२

# शुभकामना

सुरक्षित खानेपानी तथा सुधारीएको सरसफाइ सुविधा बिना स्वस्थ र प्रतिष्ठित जीवन संभव छैन भन्ने यथार्थलाई मनन् गर्दै राष्ट्रिय सरसफाइ गुरुयोजना,२०६८ को मर्म अनुरुप सरसफाई तथा स्वच्छता प्रर्वद्धन गर्न सहभागितात्मक अभियान संचालन गरि हुम्ला जिल्लाले बि.स. २०७४ मंगसिर १८ गते जिल्लालाई देशको ४५ औं खुल्ला दिसामुक्त जिल्लाको रूपमा घोषणा गर्न सफल भएको थियो । जिल्ला खुल्ला दिसामुक्त क्षेत्रका रूपमा विकास भए पनि यसको दिगोपना कायम गर्न, सरसफाइ क्षेत्रको उचित ब्यवस्थापन, ठोस तथा तरल फोहरको व्यवस्थापन, जोखिमपुर्ण समयमा साबुन पानीले हातधुने आनीबानी, संस्थागत (विद्यालय र स्वास्थ्य संस्था) खानेपानी तथा सरसफाइ सुबिधाको उचित ब्यवस्थापन र सुरक्षित खानेपानीमा समुचित पहुँच आदि यस क्षेत्रका मुख्य चुनौतीका रुपमा रहेका छन् ।

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका उपलब्धिहरुलाई संस्थागत गर्दै यसको दिगोपना कायम गर्न र विद्यमान समस्याहरुको थप सुधार गर्न यस सर्केगाड गाउँपालिकाले सङ्घीय खानेपानी मन्त्रालय, यूनीसेफ नेपाल, खानेपानी तथा ढल ब्यवस्थापन विभाग र छाया नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मोबाईल एप्स प्रविधिबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विस्तृत सर्वेक्षण, विश्लेषण र विभिन्न तह तथा निकायहरुसंगको सहभागितात्मक छलफल मार्फत ***"सफा, स्वच्छ, र सुरक्षित खानेपानी एवं चर्पीयुक्त घर, प्रभावकारी सेवा प्रवाह र समावेशी विकास निर्माण गाउँपालिकाको रहर"*** भन्ने मूल नाराका साथ यस सर्केगाड गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना, २०७७ तर्जुमा गरेकोमा अत्यन्तै खुशी भएको छु साथै यस योजनाको सफल कार्यान्वयन तथा लक्षित नतिजाहरुको प्राप्तिको लागि हार्दिक बधाई ज्ञापन गर्दै सुरक्षित खानेपानी तथा पूर्ण सरसफाइ यात्रामा निरन्तर सहयोग गर्ने प्रतिवद्धता जनाउन चाहन्छु ।

दिगो विकास लक्ष्यको मर्मअनुसार यस गाउँपालिकाले समग्र जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइमा न्यायोचित पहुँच, विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन र उचित व्यवस्थापनमा जोड दिने कार्य अत्यन्तै स्रहानीय कार्य रहेको छ । खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको व्यवस्थित रूपमा विकास गर्न बस्तुपरक योजना निर्माण एक प्रमुख कार्य हो भने यसको प्रभावकारी कार्यान्वयन अर्को महत्वपुर्ण पक्ष हो । त्यस्तै, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सकारात्मक आनीबानीको विकास गर्नु आफैमा एक चुनौतीपूर्ण भएता पनि सबै सरोकारित क्षेत्र तथा निकायहरुको समन्वय, सहकार्य तथा आपसी सहयोग भएमा लक्षित उपलब्धि हासिल गर्न पक्कै सहज हुनेछ । यस खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना, २०७७ को सफल कार्यान्वयन गर्न सम्पुर्ण सरोकारवाला निकायहरुलाई सहयोग तथा सहकार्यका लागि हार्दिक अनुरोध गर्दछु । साथै यस रणनीतिक योजनाले बृहत दिगो विकास लक्ष्यको सरसफाइ र खानेपानीसंग सम्बन्धित लक्ष्यहरु र नेपाल सरकारको १५औं योजनामा समाहित र आवद्ध भई सर्केगाड गाउँपालिकाले लिएका लक्ष्य तथा नतिजाहरुको सहज प्राप्तिका लागि सफलताको शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद ।

..................

दीपक श्रेष्ठ
प्रमुख
युनिसेफ, क्षेत्रीय कार्यालय, नेपालगंज

UNITED NATIONS CHILDREN'S FUND ★ NEPAL ★

United Nations Children's Fund
UN House
P.O. Box 1187
Kathmandu, Nepal

Telephone: 977-1-5523200
Fax: 977-1-5527280 / 5535395
Email: kathmandu@unicef.org
www.unicef.org/nepal

CHAY-YA NEPAL

Association for the global fight against poverty,
promoting social and environmental development

Registration No.: 135544/71/72
PAN No.: 603496178
SWC No: 44108

## धन्यवाद मन्तब्य

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ (पन्ध्र) वटा साझा अधिकारहरूको व्यवस्था गर्नुका साथै खर्चको जिम्मेवारी र राजस्वका स्रोतहरू समेत प्रदान गरेको छ। यसैको आधारमा यी तहहरूले आ–आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरू तयार गरी कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी समेत बहन गरिरहेका छन्। सोही अनुरुप सर्केगाड गाउँपालिकाले खानेपानी,सरसफाइ तथा स्वच्छताको वर्तमान स्थितिको दिगो व्यवस्थापन गरी आगामी पाँच बर्ष भित्र गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिकाका रुपमा घोषणा गर्न विद्यमान खानेपानी,सरसफाइ तथा स्वच्छताको अवस्था र देखिएका समस्याहरुको बिश्लेषण गरी गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्व र सबै सरोकारवाला निकायहरु बिशेष गरेर छा-याँ नेपाल तथा युनिसेफको सहयोगमा निर्माण गरीएको यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समय सापेक्ष र अत्यन्तै सान्दर्भिक रहेको छ।

खासस्व योजनाबाट समुदाय, बिद्यालय र स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको बर्तमान अबस्था, योजना तर्जुमाको सिलसिलामा अपनाईएका प्रकृयाहरू, योजनाका सीमाहरु, लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीति एवं पाँच बर्षका लागि सम्पादन गर्नुपर्ने क्रियाकलापका साथै अनुमानित बजेट बारेमा स्पष्ट देख्न सकिन्छ। गाउँपालिका एउटा सरकारको रुपमा स्थापित भईसकेको बर्तमान अवस्थामा सर्केगाड गाउँपालिकाको आफ्नो वर्तमान अवस्था र रणनीतिक बाटो तय गरिएको यस दस्तावेजले जन निर्वाचित प्रतिनिधिहरू, कार्यरत कर्मचारीहरु, विकास साझेदार र सरोकारवालाहरुलाई मार्गदर्शन गरी उचित तथा प्रभावकारी कार्यान्वयनबाट निर्धारित लक्ष्यमा पुग्न सहयोग पुर्याउने विश्वास लिईएको छ।

यो समग्र योजना निर्माणको कार्यमा अगुवाई सहितको कृयाशिल संलग्नता देखाउनु भएका यस गाउँपालिका अध्यक्ष श्री कृष्ण रोकाया, उपाध्यक्ष श्री जोशी धामी, प्रमुख प्रशासकीय अधिकृत श्री दिपक कुमार आचार्य लगायत सम्पूर्ण वडा अध्यक्षज्यूहरू, गाउँकार्यपालिकाका सदस्यज्यूहरू, शाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरू, जस्ले हाम्रो सहजिकरणलाई सहजतापूर्वक स्विकार गरी आवश्यक सहयोग समेत पुर्याउने भएकोमा साझेदार संस्थाका तर्फवाट हार्दिक आभार व्यक्त गर्न चाहन्छुं।

अन्त्यमा, यस गाउँपालिकाको खानेपानी,सरसफाइ तथा स्वच्छता योजना तयारीका लागि प्राविधिक सहयोग पुर्याउने छायाँ नेपाल, काठमाण्डौंलाई अवसर दिनु हुने युनिसेफ नेपाल, मध्य तथा सुदुरपश्चिम फिल्ड कार्यालय नेपालगञ्जका वास अधिकृत श्री बिश्वराज भट्ट र कटक बहादुर रोकाया लगायत अन्य सवैलाई साझेदार संस्थाका तर्फवाट हार्दिक धन्यबाद दिन चाहन्छु। यस कार्यलाई शुरुवात देखि नै आवश्यक मार्गदर्शन र सुझाव प्रदान गर्नुहुने युनिसेफ केन्द्रिय कार्यालय काठमाडौका वास विशेषज्ञ श्री दण्डीराम विश्वकर्मा, खानेपानी तथा सरसफाइ मन्त्रालय, खानेपानी तथा ढल निकास विभागका परामर्शदाता श्री बलराम मायालु र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु हुने सम्पूर्णलाई साझेदार संस्थाका तर्फबाट विशेष आभार व्यक्त गर्न चाहन्छु। अन्त्यमा, यस कार्यलाई सम्पन्न गर्न निकै मिहेनत गर्नुहुने साझेदार संस्थाका बोर्ड सदस्य एवं योजना तथा शासन बिज्ञ श्री कृष्ण बहादुर शाही, साझेदार संस्थाका कार्यक्रम अधिकृत श्री निशान्त गौतम तथा जिल्ला स्थित स्थानीय गैर सरकारी संस्था स्नोल्याण्ड एकीकृत विकास केन्द्रका कार्यकारी निर्देशक श्री गोबिन्द शाहीको योगदानको कदर गर्दै खासस्व योजनाको प्रभावकारी कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु।

धन्यबाद,

.......................................

कमल थापा
कार्यकारी निर्देशक
छायाँ नेपाल, काठमाडौं

# बिषयसूची


**अध्याय १** १

**खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको परिचय** १

१.१. पृष्ठभूमि १

१.२. औचित्य २

१.३. खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको उद्देश्य ३

१.४. अध्ययनका सीमा ३

१.५. तयारी विधि र प्रक्रिया ४

१.५.१ खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन ४

१.५.२ गाउँपालिकास्तरीय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण ४

१.५.३ गणकहरुको छनोट एवं अभिमुखीकरण ४

१.५.४ तथ्याङ्क संकलन तथा लेखाजोखा ५

१.५.५ तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी ५

१.५.६ खासस्व योजना प्रमाणीकरण गोष्ठी ६

१.५.७ खासस्व योजना तयारी तथा सार्वजनिकिकरण ६

**अध्याय २** ७

**सर्केगाड गाउँपालिकाको वस्तुगत विवरण** ७

२.१ भौगोलिक अवस्थिति र बनोट ७

२.२ पहुँच ८

२.३ भू-उपयोग तथा वातावरण ९

२.४ जनसांख्यिक विवरण १०

२.५ जात जाति र जनसांख्यिक विवरण १०

२.६ आर्थिक गतिविधि र पेशा ११

२.७ भौतिक पूर्वाधार १२

२.८ गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरू र खासस्व योजनाको सम्वन्ध १२

२.९ खासस्व क्षेत्रमा कार्यरत बिकासका साझेदारहरू १२

**अध्याय ३** १४

**खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति** १४

**३.१ सर्केगाड गाउँपालिकाको खानेपानीको अवस्था** १४

३.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक श्रोतहरू,सेवा प्राप्त गर्ने घरधुरी र जनसंख्या १४

३.१.२ खानेपानीको पर्याप्तता १५

३.१.३ गाउँपालिकामा सुरक्षित खानेपानीको स्तर १५

३.१.४ खानेपानी आयोजनाका प्रकार र नियमितताको अवस्था १७

३.१.५ वडागत रुपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरी १८

३.१.६ योजनाको आयुको आधारमा खानेपानी आयोजनाको संख्या १९

३.१.७ मौजुदा खानेपानी प्रणालीहरूको कार्यक्षमता तथा सुचारुपन (Functionality status) २१

३.१.८ खानेपानी आयोजनाहरूको ईन्टेक लगायत अन्य भौतिक संरचनाको अवस्था २१

३.१.९ खानेपानी आयोजनाहरूको संचालन तथा मर्मत सम्भारको अवस्था २२

३.१.१० खानेपानी प्रणालीहरूको दिगोपना (Sustainability status) २२

३.१.११ निर्माणाधिन खानेपानी प्रणालीहरू २३

३.१.१२ खानेपानीको गुणस्तर २४

३.१.१३ हाल सम्म खानेपानी पहुँच नपुगेका बस्तीहरुको विवरण २५

**३.२ शैक्षिक संस्थाहरुको खानेपानी,सरसफाइ र स्वच्छता अवस्था** २६

३.२.१ विद्यालयहरुको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति (तारा पद्धती) २७

३.२.२ विद्यालयमा खानेपानीको अवस्था २७

३.२.३ विद्यालयहरुमा शौचालयको अवस्था २८

३.२.४ महिनावारी स्वच्छता ३१

३.२.५ विद्यालयमा समुहगत हातधुने व्यवस्था ३१

३.२.६ वातावरणीय सरसफाइ ३२

३.२.७ व्यवस्थापन तथा संस्थागत अवस्था ३३

३.२.८ बाल विकास केन्द्र (कक्षा) मा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको अवस्था ३३

**३.३. स्वास्थ्य संस्थाहरूमा खानेपानी,सरसफाइ तथा स्वच्छता अवस्था** ३४

३.३.१ स्वास्थ्य संस्थामा खानेपानीको अवस्था ३४

३.३.२ स्वास्थ्य संस्थाको शौचालय र यसको सरसफाइको अवस्था ३६

३.३.३ स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन ३८

३.३.४ प्रसुती केन्द्रहरुमा खानेपानी,सरसफाइ र स्वच्छताको अवस्था ४०

**३.४ सरसफाइ तथा स्वच्छताको अवस्था** ४१

३.४.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था ४१

३.४.२ सरसफाइ सेवाको स्तर ४२

३.४.३ : महिनावारी हुँदा चर्पीको प्रयोग ४३

३.४.४ घरयासी शौचालय सरसफाइको अवस्था ४३

३.४.५ घरायसी दिसाजन्य पदार्थ सरसफाइको अवस्था ४४

३.४.६ :घरायसी ठोस पदार्थको व्यवस्थापन ४४

३.४.७ हातधुने स्थानको अवस्था ४५

३.४.८ सार्वजनिक र सामुदायिक शौचालय ४५

**३.५ विपद् जोखिम तथा जलवायु परिवर्तन असर** ४६

३.५.१ विपद्को ऐतिहासिक समयरेखा ४६

३.५.२. वडागत रुपमा बाढी पहिरोको उच्च जोखिम रहेका स्थानहरु ४८

३.५.३. प्रकोप पात्रो ४९

**३.६ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता** ४९

**३.७. खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा भए गरेका राम्रा प्रयासहरु,**
**देखिएका समस्या/चुनौती,सम्भावना तथा अवसरहरु** ५०

३.७.१. खानेपानी,सरसफाइ र स्वच्छता क्षेत्रमा भए गरेका राम्रा प्रयासहरु ५०

३.७.२. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा देखिएका समस्या, चुनौती, सम्भावनाहरु ५०

**अध्याय ४** ५३

**राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, योजना तथा लक्ष्यहरुसंगको तादम्यता** ५३

**अध्याय ५** ५८

५.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य ५८

५.२ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको लक्ष्य ५८

५.३ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको उद्धेश्य ५८

५.४ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको रणनीतिहरु ५९

५.५. गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका निर्देशक सिद्धान्तहरु ६२

**अध्याय ६** ६५

**६.१ बिषय क्षेत्रः सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा** ६५

६.१.१ उद्देश्य ६५

६.१.२ कार्यनीतिहरु ६५

६.१.३ सु(रक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा क्षेत्रको नतिजा तथा लक्ष्य तालिका ६७

६.१.४ कार्ययोजना,प्रमुख क्रियाकलाप तथा वित्तीय श्रोत विश्लेषण ६८

६.१.५. नयाँ निर्माण हुने योजनाहरुको प्राथमिकताक्रम ७०

६.१.६. सामान्य मर्मत संभार गर्नु पर्ने योजनाहरुको प्राथमिकताक्रम ७०

६.१.७. ठुलो मर्मत संभार तथा विस्तार गर्नु पर्ने योजनाहरुको प्राथमिकताक्रम ७१

६.१.८. पुन निर्माण तथा विस्तार गर्नु पर्ने योजनाहरुको प्राथमिकताक्रम ७२

**६.२ विषय क्षेत्र : सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र** ७२

६.२.१ उद्धेश्य ७२

६.२.२.कार्यनीतिहरु ७२

६.२.३ नतिजा तथा लक्ष्य तालिका ७३

६.२.४ सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्ययोजना,क्रियाकलाप तथा वित्तिय श्रोत विश्लेषण ७५

**६.३ संस्थागत (विद्यालय तथा स्वास्थ्य संस्था) खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन** ७७

६.३.१ उद्धेश्य ७७

६.३.२ कार्यनीतिहरु ७७

६.३.३. तीन तारे नमुना विद्यालय तथा स्वास्थ्य संस्थाका नतिजा,सुचक र लक्ष्य तालिका ७८

६.३.४ विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी,सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका
क्रियाकलाप र वित्तीय श्रोत विश्लेषण ८०

**६.४: संस्थागत तथा क्षमता विकास** ८४

६.४.१ उद्धेश्य ८४

६.४.२ कार्यनीतिहरु ८४
६.४.३ संस्थागत सुदृढीकरण तथा क्षमता विकासको लक्ष्य तालिका ८५
६.४.५ संस्थागत सुदृढीकरण र क्षमता विकास सम्बन्धी क्रियाकलाप र वित्तीय श्रोत विश्लेषण ८५
**६.५ जलवायु परिवर्तनको असरमा न्यूनीकरण तथा विपद्मा खानेपानी तथा सरसफाइ सेवा** ८६
६.५.१. उद्धेश्य ८६
६.५.२ कार्यनीतिहरु ८७
६.५.३ जलवायु परिवर्तन तथा जोखीम न्यूनीकरणका नतिजा, सुचक र लक्ष्य तालिका ८८
६.५.४ जलवायु परिवर्तन तथा जोखीम न्यूनीकरणको कार्ययोजना तथा क्रियाकलाप ८८
**६.६ लैगिंक समानता तथा सामाजिक समावेसिकरण मुलप्रवाहिकरण** ९०
६.६.१ उद्धेश्य ९०
६.६.२ कार्यनीतिहरु ९०
६.६.३ लैससासको नतिजा तथा लक्ष्य तालिका ९१
६.६.४ लैससासका लागि कार्ययोजना,क्रियाकलापहरु र वित्तीय श्रोत विश्लेषण ९१
**अध्याय ७** ९३
७.१ लागत अनुमान ९३
७.२ आर्थिक स्रोत साधनको व्यवस्थापन ९३
७.३ मानवीय स्रोत साधन पहिचान र परिचालन ९४
**अध्याय ८** ९६
**८.१ खासस्व योजनाको कार्यान्वयन तथा अनुगमन** ९६
८.१.१ योजना कार्यान्वयन अवधारणा ९६
८.१.२ योजना परिमार्जन ९६
**८.२ अनुगमन योजना (Monitoring Plan)** ९६
८.२.१ अनुगमन ढाँचा तथा पद्धति ९६
८.२.२ सूचक ९७
८.२.३ अनुगमनको तह ९७
८.२.४ अनुगमन विधि ९७
**८.३ निष्कर्ष तथा भावी कार्यदिशा** ९७
८.३.१ सिकाईहरू ९८
८.३.२ खासस्व योजना स्वीकृति र अवधि ९८
**८.४ गाउँपालिकाको खासस्व संरचना** ९८
**८.५ गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कोष** ९९
**८.६ संस्थागत संरचना तथा क्षमता विकास आवश्यकता** ९९
८.६.१ संस्थागत संरचना ९९
८.६.२ संस्थागत क्षमता अभिवृद्धि १००
**अध्याय ९** १०१
**संस्थागत संरचना,सरोकारवालाहरुको भूमिका र जिम्मेवारी** १०१
**९.१ सरोकारवालाहरुको भूमिका र जिम्मेवारी** १०१
अनसूचीहरू १०३

# तालिका सूची


| | |
|---|---|
| तालिका १ : गाउँपालिकाको गठन | ८ |
| तालिका २ : सर्केगाड गाउँपालिकाको भू-उपयोगको अवस्था | ९ |
| तालिका ३ : वडागत घरपरिवार तथा जनसंख्या विवरण | १० |
| तालिका ४ : जाति र धर्मका आधारमा घरपरिवार र जनसंख्या विवरण | ११ |
| तालिका ५ : वास क्षेत्रमा कार्यरत विकासका साझेदारहरु | १३ |
| तालिका ६ : वडागतरुपमा खानेपानी सेवा प्राप्त गर्ने घरधुरी तथा जनसंख्याको विवरण | १५ |
| तालिका ७ : खानेपानीको स्तर (दिगो विकास लक्ष्यको आधारमा) | १६ |
| तालिका ८ : खानेपानी सेवा स्तरको वर्गिकरण | १७ |
| तालिका ९ : खानेपानी आयोजनाका प्रकार र नियमितताको विवरण | १८ |
| तालिका १० : वडागत रुपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरीको विवरण | १९ |
| तालिका ११ : योजनाको आयुको आधारमा वडागत रुपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरीको विवरण | २० |
| तालिका १२ : खानेपानी आयोजनाहरूको ईन्टेक लगायत अन्य भौतिक संरचनाको अवस्थाको विवरण | २२ |
| तालिका १३ : खानेपानी आयोजनाहरूको दिगोपनाको अवस्थाः | २३ |
| तालिका १४ : निर्माणाधिन खानेपानी प्रणालीहरूको विवरण | २४ |
| तालिका १५ : खानेपानीको पहुँच नपुगेका बस्ती र घरधुरीको विवरण | २६ |
| तालिका १६ : विद्यालयको विवरण | २६ |
| तालिका १७ : विद्यालयहरुको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति (तारा पद्धती) को विवरण | २७ |
| तालिका १८ : विद्यालयहरुमा खानेपानी सेवा आपुर्ति अवस्था | २८ |
| तालिका १९ : महिनावारी स्वच्छता सम्बन्धी विवरण | ३१ |
| तालिका २० : विद्यालयमा समुहगत हातधुने व्यवस्था सम्बन्धी विवरण | ३१ |
| तालिका २१ : वातावरणिय सरसफाइ सम्बन्धी विवरण | ३२ |
| तालिका २२ : व्यवस्थापन तथा संस्थागत अवस्था सम्बन्धी विवरण | ३३ |
| तालिका २३ : बाल विकास केन्द्रको खानेपानी, सरसफाइ तथा स्वच्छता विवरण | ३४ |
| तालिका २४ : स्वास्थ्य संस्थामा खानेपानीको अवस्थाको विवरण | ३५ |
| तालिका २५ : स्वास्थ्य संस्थामा शौचालय र यसको सरसफाइको विवरण | ३७ |
| तालिका २६ : स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापनको विवरण | ३९ |
| तालिका २७ : प्रसुती केन्द्रहरुमा खानेपानी, सरसफाइ र स्वच्छता सुविधाको अवस्थाको विवरण | ४० |
| तालिका २८ : विभिन्न समयमा विपद्बाट भएको क्षति | ४६ |
| तालिका २९ : खासस्व क्षेत्रमा देखिएका समस्या/चुनौती, सम्भावना तथा अवसरहरु | ५१ |

# अध्याय १

# खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको परिचय

## १.१. पृष्ठभूमि

खानेपानी, सरसफाइ र स्वच्छता बिषय क्षेत्र मानव जीवनको अभिन्न अंगका रुपमा रहेको छ जसले मानव स्वास्थ्य, शिक्षा, जनजीविका, प्रतिष्ठा, विकास निर्माण, सामाजिक सशक्तिकरण र समृद्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । खानेपानी तथा सरसफाइलाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्ने विश्वका सिमित देशहरू मध्ये नेपाल पनि एक हो । नेपालको संविधान, २०७२ को भाग ३ को मौलिक हक र कर्तव्यको धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानमा परिकल्पना गरिए अनुसारको खानेपानी तथा सरसफाइ सेवा सबै नागरिकको पहुँच सम्म पुर्याउनका लागि स्थानीय सरकारको संरचनागत सुदृढिकरण तथा क्षमता अभिबृद्धि गर्नु अपरिहार्य देखिन्छ ।

नेपालले क्षेत्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेको प्रतिबद्धता र हस्ताक्षरकर्ताको रूपमा खानेपानी र सरसफाइको लक्ष्य प्राप्ति र दिगो व्यवस्थापनका लागि अहिलेसम्म गरिएका प्रयत्नहरूमा अझ तीब्रता दिनुपर्ने देखिन्छ । संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य नं ६ को १ र २ मा सन् २०३० सम्ममा विश्वका सम्पूर्ण जनतालाई स्वच्छ दिगो खानेपानी तथा सरसफाइ सेवाको उपलब्धता सुनिश्चित गर्ने उल्लेख गरिएको छ । नेपाल सरकारले संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य कार्यान्वयनका लागि प्रतिवद्धता जनाई सकेको सन्दर्भमा स्थानीय सरकारहरूले दिगो र व्यवस्थित खानेपानी तथा सरसफाइको सुनिश्चितताका लागि योजनाबद्ध तवरले अगाडि बढ्नु आवश्यक छ ।

सबै नागरिकलाई जुनसुकै समयमा सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र खर्च बहन सामर्थ्ययोग्य खानेपानी, सरसफाइ र स्वच्छता सेवा प्रदान गरि जीवन स्तरमा सुधार गर्नु नेपाल सरकारको खासस्व क्षेत्रको प्रमुख लक्ष्य रहेको छ । सो लक्ष्य प्राप्तिका लागि नेपाल सरकारको खानेपानी मन्त्रालय अन्तरगत खानेपानी तथा ढल व्यवस्थापन विभागले नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (Sector Development Plan) २०७४ - २०८७ तयार गरेर योजनाबद्ध रुपले खानेपानी र सरसफाइको पहुंच जनतासम्म पुर्याउने रणनीतिहरू तय गरेकोछ । त्यस्तै पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ अनुसार पूर्ण सरसफाइका क्रियाकलाप सफा र स्वच्छ क्षेत्र र पूर्ण सरसफाइ उन्मुख क्षेत्र गरी दुई चरणमा विभाजन गरिएको छ  र उक्त अवस्था हासिल गर्न तोकिएका ७ वटा मख्य सूचक तथा उपसूचकहरुको अवस्था हासिल भएको हनुपर्दछ । जसको पहिलो खुडकिलाको रुपमा योजना तर्जुमा तथा कार्यान्वयन रहेको छ जुन अति महत्वपूर्ण र अन्य सूचकहरूलाई प्रभावित पार्ने विषय हो भन्न सकिन्छ ।

नेपाल सरकार खानेपानी मन्त्रालय/खानेपानी तथा ढल व्यवस्थापन विभागको प्रगति प्रतिवेदनमा आधारभूत स्तरको खानेपानीको पहुँच ८९ प्रतिशत र आधारभूत स्तरको सरसफाइको पहुँच १०० प्रतिशत घरधुरीमा पुगेको छ भनिएको छ । यसैगरी ७७ वटै जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेका छन् र आश्विन १३, २०७६ मा देशलाई नै खुला दिसामुक्त देश घोषणा गरिएको छ । यसरि अबको अभियान सुरक्षित खानेपानि सेवा सहितको पूर्ण सरसफाइको हुनेछ, सो अभियानलाई सार्थक बनाउन सरकारी, नीजि तथा गैरसरकारी निकायहरूबाट हुने काममा थप प्रभावकारी बनाउन प्रत्येक स्थानीय तहमा सहभागितात्मक प्रकृया अपनाई एकीकृत खासस्व योजनाको तर्जुमा हुन आवश्यक देखिन्छ ।

यसरी योजनाबद्ध रुपमा सम्पूर्ण जनतामा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कृयाकलाप संचालनका लागि बर्तमान खानेपानी तथा सरसफाइको अवस्था, सम्भावित श्रोतहरू, सार्वजनिक तथा संस्थागत खानेपानी तथा सरसफाइको अवस्था समुदायको स्वच्छता आनिबानि सम्वन्धमा सर्वेक्षण, अध्ययन छलफल गरी उपलब्ध तथ्यहरू र सूचनाहरूका आधारमा खानेपानी तथा ढल व्यवस्थापन विभागको क्षेत्र विकास योजना २०७४-२०८७ संग तादात्म्यता मिलाएर खानेपानी, सरसफाइ तथा स्वच्छताका कार्यकमको प्राथमिकीकरण र बजेट समेत आंकलन गरी यो छायाँनाथ रारा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार गरिएको छ ।

## १.२. औचित्य

सर्केगाड गाउँपालिका स्थानीय तह पुनर्संरचनाका क्रममा नेपाल सरकारको मिति २०७२ साल पौष २१ गतेको निर्णय अनुसार साविकका ६ वटा गा.वि.स.हरु जैर, सर्केगाड, गोठी, रोडीकोट, बराई, सायाँ र सर्किदेउ मिलाएर बनेको यस गाउँपालिकामा ८ (आठं) वडाहरु सहितको गाउँपालिका घोषणा भएको हो । यो गाउँपालिका घोषणा भएपश्चात समायोजन भएको स्थानहरूको खानेपानी र सरसफाइको अवस्था तथा वस्तुस्थिति समाबेश भएको कुनै आधिकारिक दस्तावेज नभएको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको क्षमता, खानेपानी, सरसफाइ तथा स्वच्छताको वास्तविक अवस्था र भावी योजनाहरू तय गर्नका लागि यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको आवश्यकता महसुस गरिएको हो । खानेपानी तथा सरसफाइ जनताको नैसर्गीक अधिकारको रुपमा संविधानमा व्यवस्था गरे अनुसार नै गाउँपालिका क्षेत्रका जनतालाई सर्वसुलभ, सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवाको पहुँचमा अभिवृद्दि गर्नु गाउँपालिकाको कर्तव्य तथा जिम्मेवारी भित्र पर्दछ । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिकाको काम कर्तव्य र अधिकार शिर्षकमा उल्लेख गरिए बमोजिम दफा ११ को उपदफा “ध” मा स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन भनेर उल्लेख गरकोले पनि सो जिम्मेवारीलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रको विकास गर्न अत्यावस्यक रहेको छ ।

## १.३. खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको उद्देश्य

खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) को क्षेत्रमा सर्केगाड गाउँपालिका भित्रका सम्पूर्ण मौजुदा सुविधा र संरचनाहरूको यथास्थिति र अवस्था NWASH MIS को प्रयोगद्वारा संकलन तथा अभिलेखिकरण गरी आगामी दिनहरूका लागि सवै घर दैलोमा सुरक्षित खासस्व सेवाको सुनिश्चितका लागि मार्गदर्शन प्रदान गर्नं नै (खासस्व) योजनाको उद्देश्य हो ।

खासस्व योजनाको अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजनाले परिकल्पना गरेको खानेपानी, सरसफाइ तथा स्वच्छताका स्तरमा पुग्नका लागि नयाँ निर्माण तथा स्तरोन्नति गर्नु पर्ने खासस्व सेवाहरूको प्रस्ताव, प्राथमिकिकरण, आवश्यक अनुमानित बजेट र उपलब्ध श्रोत साधनहरूको लेखाजोखा सहितको रणनीति र कार्ययोजना बनाउनु ।

- गाउँपालिकाको खानेपानी तथा सरसफाइको समस्याको पहिचान गरि गाउँपालिकाका सम्पूर्ण घरपरिवारलाई सर्बसुलभ र गुणस्तरयुक्त खानेपानी उपलब्ध गराउन र पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणाका लागि स्थानीय श्रोत साधनका अतिरिक्त प्रदेश, सङ्घीय सरकार र दातृ निकायबाट सहयोग जुटाएर नेपाल सरकार खानेपानी तथा सरसफाइ क्षेत्रको लक्ष्य तथा दिगो बिकासका लक्ष्य बमोजिमको उपलब्धि हासिल गर्न योजनाबद्ध तरिकाले कार्य गर्न ।

## १.४. अध्ययनका सीमा

यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार पार्ने क्रममा खानेपानी योजनाको विवरण बाहेकका गाउँपालिकास्तरीय अन्य सरसफाइ र स्वच्छता सम्बन्धी सूचनाहरू गाउँपालिकाका निर्वाचित पदाधिकारीहरू, कार्यरत कर्मचारीहरू, विद्यालय शिक्षक तथा स्वास्थ्य केन्द्रका कर्मचारीका अलावा महिला स्वास्थ्य स्वयमसेविकाहरूसंग छलफल गरी संकलन गरिएको हो । घरपरिवार तहको सरसफाइ र स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरू संकलन गर्न सम्पूर्ण घरपरिवारमा नै गई सूचनाहरू संकलन गर्न नसकिएकोले १० प्रतिशतको अन्तरालमा नमुना संकलन (Random Sampling Method) विधिबाट सूचनाहरू संकलन तथा प्राप्त तथ्यहरूलाई सामान्यिकरण गरिएको छ ।

तथ्याङ्कहरू संकलनका लागि स्थानीय प्राविधिक तथ्याङ्क संकलकको अभाव भएकोले कतिपय प्राविधिक सूचनाहरू समेत गैर प्राविधिक तथ्याङ्क संकलकहरूको माध्यमबाट संकलन गरिएको थियो । गाउँपालिकामा खानेपानी तथा सरसफाइका भरपर्दो सूचना प्रणालीको स्थापना भई नसकेकोले गाउँपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी पर्याप्त जानकारीहरू उपलब्ध हुन नसक्दा खासस्व योजना निर्माण क्रममा मौजुदा तथ्यांकहरूको विश्लेषणमा केही कठिनाई उत्पन्न भएको थियो ।

## १.५. तयारी विधि र प्रक्रिया

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयारीमा तपसिलका चरण र प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

### १.५.१ खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा प्रस्तावित ढाँचा अनुरुप नै यो खासस्व योजना तयारी गरिएको छ । सो ढाँचामा प्रस्तावित विषय वस्तु तयारीका लागि फिल्ड सर्वेक्षणका रुजु सूची र प्रश्नावलीहरूका अलावा नेपाल सरकार, खानेपानी मन्त्रालयबाट तयार गरिएको NWASH मोबाइल एप्स विधि अवलम्वन गरी सूचना संकलन गर्न विधि तय गरिएको थियो । फिल्डमा सर्वेक्षणका लागि खटिने टोलीहरू गाउँपालिकाको समन्वयमा तयार गरी उनिहरूका लागि NWASH मोबाइल एप्सबाट तथ्याङ्क संकलन गर्ने विधि सम्वन्धी ३ दिने तालिम संचालन गरिएको थियो ।

### १.५.२ गाउँपालिकास्तरीय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण

सर्केगाड गाउँपालिकामा खासस्व योजना अभिमुखिकरण गोष्ठी मिति २०७६ मंसिर २९ मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत,गाउँकार्यपालिकाका सदस्यहरू र सरोकारवालाहरूको सहभागितामा आयोजना गरियो । गोष्ठीमा खानेपानी, सरसफाइ स्वच्छता (खासस्व) योजनाको आवश्यकता र महत्वका विषयमा छलफल भई तयारी प्रक्रियामा सरोकारवालाहरूको भूमिकाका विषयमा छलफल भएको थियो । अन्तमा खासस्व योजना तयारीको प्रक्रियाको अनुगमन तथा समन्वयका लागि कार्य समूह गठन गरिएको थियो ।

### १.५.३ गणकहरुको छनोट एवं अभिमुखीकरण

खानेपानी आयोजना,विद्यालय र स्वास्थ्य संस्था, घरधुरी एवं समुदाय स्तरको वास सम्बन्धी विस्तृत सूचना संकलनका लागि गाउँपालिकासंगको समन्वयमा प्राविधिक ज्ञान एवं खानेपानी,सरसफाइ र स्वच्छता क्षेत्रमा अनुभव हासिल गरेका ८ जना (८ पुरुष) गणक छनोट गरी मोबाइल एप्सबाट NWASH तथ्याङ्क संकलन सम्बन्धी २०७६ मंसिर २९ देखि पौष २ सम्म तीन दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त तीन दिनको अभिमुखीकरण पश्चात् गणकहरुलाई उपरोक्त क्षेत्रका सूचनाहरु संकलनका लागि परिचालन गरिएको थियो ।

### १.५.४ तथ्याङ्क संकलन तथा लेखाजोखा

तथ्याङ्क संकलनका लागि तपसिलका कामहरू गरिएको थियो ।

- गाउँपालिकामा उपलब्ध सन्दर्भ सामाग्री जस्तै गाउँपालिकाको बस्तुगत विवरण २०७५, गाउँपालिकाको पूर्ण सरसफाइ रणनीतिक योजना २०७६, गाउँपालिकाको

website र विभिन्न निकायको सहयोगमा विगतमा संकलन गरेको सरसफाइ र स्वच्छता सम्बन्धी तथ्याङ्क र कार्यालयका प्रतिवेदन अध्ययन गरिएको थियो ।

- NWASH मोबाइल एप्सको माध्यमबाट गाउँपालिका क्षेत्रभरिका खानेपानी र सरसफाइसंग सम्वन्धित विद्यमान भौतिक संरचनाहरूको लेखाजोखा गरिएको थियो ।
- संचालित खानेपानी आयोजनाहरूको दिगोपना लेखाजोखा गरिएको थियो ।
- घरपरिवार तहको खानेपानी, सरसफाइ र स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरू संकलन गर्ने १० प्रतिशतको अन्तरालमा ९० प्रतिशत Confidence level हुने गरी नमुना संकलन ( Random Sampling Method ) विधिबाट सूचनाहरू संकलन गरिएको थियो ।
- शतप्रतिशत विद्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सार्वजनिक संस्थाहरूमा पुगि खानेपानी तथा सरसफाइ सम्बन्धी अवस्था र भावी योजनाहरू सम्बन्धी सूचना संकलन गरिएको थियो ।
- समुदायको ठोस तथा तरल फोहोर व्यवस्थापन, मानव दिसाजन्य लेदो व्यवस्थापन गरी श्रोतको पुनःप्रयोग सम्बन्धी समुदाय तहमा छलफल तथा अवलोकन गरी तथ्यहरू संकलन कार्य भयो ।
- खानेपानीका पहुँचबाट बञ्चित भएका समुदायको खानेपानीको सम्भावित श्रोतहरू तिनको वर्तमान अवस्था (क्षमता, गुणस्तर) र भविष्यमा स्तरोन्नति गर्न सकिने अवस्थाको समेत आंकलन गरियो ।
- अन्य विकास साझेदारहरूको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरूको विवरणहरू संकलन गरियो ।

### १.५.५ तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी

मोबाइल एप्स, समूहगत छलफल, रुजु सूचीको आधारमा संकलन गरिएका सूचना तथा तथ्याङ्कहरूलाई IT विज्ञहरूको सहयोगमा प्रशोधन तथा विस्तृत बिश्लेषण गरिरएको थियो । तत्पश्चात निर्धारित लक्ष्य हाँसिल गर्न, हालको विद्यमान अवस्था र पुग्न पर्ने स्थान बिचको अन्तरको चर्चा गर्दै स्पष्ट नीति, कार्यक्रम, बजेट र साझेदारहरूका बीचको सहकार्यको योजना सहितको नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागबाट सिफारिस गरिएको ढाँचामा मस्यौदा प्रतिवेदन तयार गर्ने कार्य गरियो ।

### १.५.६ खासस्व योजना प्रमाणीकरण गोष्ठी

मस्यौदा प्रतिवेदन तयारी पश्चात वडा र गाउँपालिका तहमा छुट्टा छुट्टै योजना तर्जुमा गोष्ठीहरू संचालन गरी प्रस्तावित खानेपानी तथा सरसफाइका दुरदृष्टि, परिलक्ष्य, लक्ष्य, रणनीति, अन्य विकासका साझेदारहरूको संलग्नता, गाउँपालिकाको खासस्व कार्यक्रमहरूको बजेट, जलवायु परिवर्तनका असर र अनुकुलन योजना, विपद् व्यवस्थापनका

योजना, संस्थागत क्षमता छलफलका अलावा प्राप्त सूचना र तथ्याङ्कहरूको पुष्टिकरण गर्ने कार्य गरियो । छलफल, गोष्ठीबाट प्राप्त सूचना, सुझाव तथा पृष्ठपोषणहरूलाई संलग्न गरेर खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको अन्तिम प्रतिवेदन तयार गरियो ।

### १.५.७ खासस्व योजना तयारी तथा सार्वजनिकिकरण

अन्तिम खासस्व योजना गाउँकार्यपालिकाको बैठकबाट कार्यान्वयनको प्रतिबद्धता सहित स्वीकृत गरी आगामी गाउँसभाबाट पास गर्ने गरी प्रमाणीकरण र सार्वजनिकिकरण गरियो ।

"सफा, स्वच्छ, गुणस्तरीय र सुरक्षित खानेपानी एवं चर्पीयुक्त घर : प्रभावकारी सेवा प्रवाह र समावेशी विकास निर्माण गाउँपालिकाको रहर"

### ३.२.४ महिनावारी स्वच्छता


यस गाउँपालिकामा रहेका २९ वटा विद्यालय मध्ये कुनै पनि विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि प्रयोग भएका स्यानीटरी प्याडको सुरक्षित व्यवस्थापन गर्न इन्सीनेटरको ब्यबस्था भएको पाइदैन भने १ वटा विद्यालयमा छात्राका लागि स्यानीटरी प्याडको ब्यवस्था गरिएको छ । त्यस्तै छात्राहरु महिनावारी भएको बेला १५ वटा विद्यालयमा मात्र छात्राहरु विद्यालयमा आउने गरेको र बाँकी विद्यालयको छात्राहरु नआउने गरेको पाइएको छ । वडागत रुपमा विद्यालयको महिनावारी स्वच्छता सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

# अध्याय २

# सर्केगाड गाउँपालिकाको वस्तुगत विवरण

## २.१ भौगोलिक अवस्थिति र बनोट

सर्केगाड गाउँपालिका जिल्लाको मध्य भागमा पर्दछ साथै यसको पुर्वमा चंखेली, पश्चिममा बाजुरा जिल्ला र ताँजाकोट गाउँपालिका,उत्तरमा खार्पुनाथ र दक्षिणमा अदानचुली गाउँपालिका र मुगु जिल्ला पर्दछन् । सदरमुकाम सिमकोटवाट यो गाउँपालिकासम्मको दुरी ३४ कोष रहेकाले सिमकोटबाट २ दिनको पैदल दुरीमा पुग्न सकिन्छ ।




यस गाउँपालिकामा जिल्लाको माथिल्लो भेगका अन्य गाउँपालिका भन्दा तुलनात्मक रुपमा न्यानो हावापानी भएका कारण कृषिमा आधुनिकीकरण गरिएमा उत्पादनमा उल्लेख्य बृद्धि हुन सक्ने र यहाँका जनताहरुको जीवनस्तरमा केही हदसम्म सुधार आउन सक्ने वलियो संभावना रहेको छ । भौगोलिक रुपमा गाउँपालिकाको केन्द्र सर्केगाड २९° ४६' ४५ सेकेण्ड उत्तरदेखि २९° ७७' उत्तरी अक्षांशसम्म र ८१° ५७' ३" पुर्बदेखि ८१° ९५' पुर्बी देशान्तरसम्ममा अवस्थित यो गाउँपालिका समुन्द्री सतहबाट करिव १६३९ मिटरको उचाइमा अवस्थित छ ।

सुन्दर प्राकृतिक वनोट, जैविक विविधताले भरिपूर्ण र विविधतापूर्ण जातिय पहिचान रहेको यस गाउँपालिकाको कुल क्षेत्रफल ३०६.७ वर्ग किलोमिटर र हुम्ला जिल्लाको कुल क्षेत्रफल मध्ये १५ प्रतिशत क्षेत्रफल यस गाउँपालिकाले ओगेटेको छ ।

जिल्ला सदरमुकामदेखि दक्षिणमा अबस्थित सर्केगाड गाउँपालिकाको भू-बनोटलाई हेर्दा समुद्र सतहबाट १६०० मिटरदेखि ६००० मिटरसम्म को उचाईमा फैलिएको छ । चट्टानी भू-संरचनाका साथै कंकड बलौटे माटोको अधिकता रहेकाले कृषि भन्दा वन सम्पदाका लागि उपयोगी हुने खालको जमीन रहेको छ । धरातलीय बनोटका हिसाबले यो गाउँपालिकामा हिमाली क्षेत्र जहाँ शुन्य डिग्री

सेन्टिग्रेट सम्म र कर्णाली नदीले बनाएका तटिय स्थानहरुमा तापक्रम उच्च रहेकाले यस गाउँपालिकाको कुनै स्थानमा असाध्यै जाडो र कुनै स्थानमा गर्मी हुने गर्दछ ।

प्राकृतिक श्रोतको प्रचुर सम्भावना रहेको यस गाउँपालिकामा सानातिना खोलानाला र पानीका मुहान भएकाले जलश्रोत उपयोगको पनि सम्भावना रहेको छ साथै गाउँपालिका क्षेत्रभर कालो, बलौटे तथा दोमट माटो पाइने हुँदा कोदो, फापर, मकै, धान, गहुँ, आलु, सिमी आदि प्रशस्त उब्जनी हुन्छ । यस क्षेत्रमा टिमुर, डालेचुक सल्लो, ठिङगे सल्लो, भोजपत्र, गुँरास, ओखर, चुली, धुपी कटूकी जटामासी, च्याउ कटूकी, अत्तिस लगायत विभिन्न जातका वनस्पती र जडीवुटीहरु पाइन्छन् । यहाँ ओखर, चुली, खामु जस्ता तेलहनको रुपमा प्रयोग हुने फलफूलका रुखहरु पनि पाइन्छन् । हाल यस गाउँपालिकामा जिल्ला वन डिभिजन कार्यालयको तथ्यांक अनुसार २० वटा सामुदायिक र १० वटा कवुलियत वनहरु दर्ता भएका छन् । गाउँपालिकाको केन्द्र साविकको सायाँ गाविसको कार्यालय सर्केगाड बजारमा रहेको छ । पूर्ववत् रुपमा नेपालको मध्यपश्चिम विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलमा रहेको यो गाउँपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्लामा एउटा निर्वाचन क्षेत्र रहेको छ । गाउँपालिकामा ८ वटा वडा कायम रहेका छन् । हालको वडामा समावेश साविक गाविस तथा गाउँपालिका र वडागत क्षेत्रफललाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ : गाउँपालिकाको गठन

| वडा नं. | समावेश साविक गाविस | क्षेत्रफल (वर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | जैर (१-९) | ५४.५७ | १७.७९ |
| २ | सर्किदेउ (५,६,७ र ८) | ४६.१४ | १५.०४ |
| ३ | सर्किदेउ (१,२,३,४ र ९) | ५८.७४ | १९.१५ |
| ४ | सायाँ (१-९) | २१.१५ | ६.९० |
| ५ | गोठी (१,२,४,५,६,७,८ र ९) | १९.२३ | ६.२७ |
| ६ | बराई (१-९) | २१.५२ | ७.०२ |
| ७ | रोडिकोट(५,६,७,८ र ९) | ७३.१० | २३.८३ |
| ८ | रोडिकोट(१,२,३ र ४) | १२.२६ | ४.०० |
| **जम्मा** | | ३०६.७१ | १०० |

श्रोत : सर्केगाड गाउँपालिकाको Website

## २.२ पहुँच

सर्केगाड गाउँपालिका कर्णाली प्रदेश अन्तरगत हुम्ला जिल्लाको मध्य भागमा अवस्थित रहेको छ । हुम्ला जिल्लाका ७ वटा स्थानीय तहमध्ये यो गाउँपालिका पनि एक हो । गाउँपालिकाको केन्द्र साविकको सायाँ गाविसको कार्यालय रहेको स्थान सर्केगाडमा सञ्चालनमा छ । पूर्ववत् रुपमा नेपालको मध्यपश्चिम विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलमा रहेको यो गाउँपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि एउटा निर्वाचन क्षेत्र भित्र पर्दछ भने प्रदेश सभा सदस्य निर्वाचनका लागि प्रदेश सभा क्षेत्र नं १ अन्तरगत रहेको छ । हुम्ला जिल्ला हालसम्म पनि राष्ट्रिय सडक संजालमा नजोडिएको भए पनि आन्तरिक सडक सञ्जालमा यस गाउँपालिकाका केही वडाहरु जोडिएका छन्

भने बाँकी वडाहरुमा सडक विभाग तथा गाउपालिकाको श्रोत साधनबाट सडक जोडिने क्रम जारी छ। यस गाउँपालिकामा अधिकांश ईलाकास्तरका सरकारी कार्यालयहरु र वाणिज्य बैंक स्थापना भइ सञ्चालनमा आइरहेका छन्। अन्य सरकारी तथा गैर सरकारी र वित्तिय संघ संस्थाहरु पनि यस गाउँपालिकामा क्रियाशिल रहेका छन्। गाउँपालिकाका स्थानीय बासिन्दाहरुलाई सरकारी सेवाको पहुँचमा सरलता ल्याउनका लागि प्रत्येक वडामा वडा कार्यालयबाट सेवा सुविधा प्रदान हुदै आइरहेको छ र अन्य बिषयगत शाखा जस्तै ६ वटा स्वास्थ्य चौकी, १ आयुर्बेदिक केन्द्र, १ कृषि सेवा केन्द, १ हुलाक कार्यालय, १ प्रहरी चौकी तथा १ पशु सेवा केन्द्रबाट आ-आफ्नो क्षेत्रसँग सम्वन्धित सेवा तथा सुबिधाहरु प्रदान गर्दै आइरहेका छन्। गाउँपालिकाका सम्पूर्ण वस्तीहरुमा नेपाल टेलीकमको जिएसएम मोवाइल सेवाको पहुँच उपलब्ध छ। त्यसैगरी गाउँपालिकाको वडा नं १ मा बाहेक अन्य वस्तीहरुमा स्थानीय लघु जलविद्युत योजनाहरु संचालनमा रहेका छन्।

## २.३ भू-उपयोग तथा वातावरण

उच्च पहाडी तथा हिमाली जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले उच्च हिमाली उपत्यका भित्रको समथर क्षेत्र रहेका छन्। तथापि, होचा तथा अग्ला पहाडी एवम् हिमाली श्रृंखलाको काखमा रहेको समथर र भिरालो भूबनोटका कारण यस गाउँपालिकामा विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ। सर्केगाड गाउँपालिका ३०६.७ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। गाउँपालिकाको बढी भू-भाग अर्थात् १२०.८२ वर्गकिमी जंगल क्षेत्र ९४.३३ किमि क्षेत्र बाँझो जमिनले ओगटेको छ। गाउँपालिकाको उत्तरी तथा पूर्वी सिमामा ६.७८ वर्गकिमी क्षेत्र झाडी बुट्यान र १०.६४ वर्गकिमी क्षेत्र खेतियोग्य जमिन रहेको छ। यस गाउँपालिकाको भूउपयोगको अवस्था सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

तालिका २ : सर्केगाड गाउँपालिकाको भू-उपयोगको अवस्था

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमिन | १०.६४ | ३.४७ |
| २ | बाँझो जमिन | ९४.३३ | ३०.७६ |
| ३ | घाँसे भूमि | ७०.७४ | २३.०७ |
| ४ | वन क्षेत्र | १२०.८२ | ३९.४० |
| ५ | झाडी बुट्यान | ६.७८ | २.२१ |
| ६ | जल क्षेत्र | १.८ | ०.५९ |
| ७ | बलौटे जमिन | १.५६ | ०.५१ |
| ८ | ताल पोखरी | ०.०० | ०.०० |
| **जम्मा** | | ३०६.७ | १०० |

श्रोत: GIS Survey, २०७७

## २.४ जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०६८ र घरपरिवार सर्वेक्षण २०७६ बीच जनसांख्यिक सूचकहरूको तुलना गर्दा घरपरिवार संख्या, जनसंख्या तथा औषत परिवार आकार बढेको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल घरपरिवार संख्या १७४४ र जनसंख्या ९८६८ एवं औषत परिवारको आकार ५.६६ जना प्रति परिवार रहेको छ । गाउँपालिकाको बस्तुगत विवरण र घरपरिवार सर्वेक्षण २०७४ अनुसार कूल घरपरिवार संख्या २१७८ र जनसंख्या १३,०८१ रहेको छ । त्यसैगरी, औषत घरपरिवार संख्या ६.०१ जना प्रतिपरिवार रहेको छ । यससम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

तालिका ३ : वडागत घरपरिवार तथा जनसंख्या विवरण

| वडा नं | जनगणना २०६८ अनुसार | | | | | घरपरिवार सर्वेक्षण २०७५ अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार | जनसंख्या | | | औसत घरपरिवार आकार | घरपरिवार | जनसंख्या | | | औषत घरपरिवार आकार |
| | | जम्मा | पुरुष | महिला | | | जम्मा | पुरुष | महिला | |
| १ | ३८४ | २१५० | १०३२ | १११८ | ५.६ | ४५१ | २९८६ | १४८५ | १५०१ | ६.६२ |
| २ | २२६ | १०९९ | ५५३ | ५४६ | ४.८६ | २६५ | १३३६ | ६२९ | ७०७ | ५.०४ |
| ३ | १२० | ८२२ | ४३३ | ३८९ | ६.८५ | २०६ | १००६ | ४८९ | ५१७ | ४.८८ |
| ४ | १८९ | १०६३ | ५६२ | ५०१ | ५.६२ | २४० | १३८४ | ६७० | ७१४ | ५.७७ |
| ५ | १५३ | ८८८ | ४३४ | ४५४ | ५.८ | १९४ | १३४३ | ६५१ | ६९२ | ६.९२ |
| ६ | २१३ | १२३५ | ६०८ | ६२७ | ५.८ | २६७ | १६०६ | ८०५ | ८०१ | ६.०१ |
| ७ | २६८ | १४४० | ७५१ | ६८९ | ५.३७ | ३२० | १८८६ | ९०० | ९८६ | ५.८९ |
| ८ | १९१ | ११७१ | ६०४ | ५६७ | ६.१३ | २३५ | १५३४ | ७३९ | ७९५ | ६.५३ |
| **जम्मा** | १७४४ | ९८६८ | ४९७७ | ४८९१ | ५.६६ | २१७८ | १३०८१ | ६३६८ | ६७१३ | ६.०१ |

श्रोत: राष्ट्रिय जनगणना २०६८ र घरपरिवार सर्वेक्षण, २०७४

## २.५ जात जाति र जनसांख्यिक विवरण

सर्केगाड गाउँपालिकामा जातजातिगत रुपमा ब्राम्हण,क्षेत्री, तामाङ,मगर,कामी, सार्की, दमाई, आदि जातका मानिसहरू वसोवास गरेको देखिन्छ । जातजातिगत आधारमा घरपरिवार तथा जनसंख्याको स्थितिलाई हेर्दा कुल २१७८ घरपरिवारमध्ये सबैभन्दा बढी ३८.३३ प्रतिशत घरपरिवार क्षेत्रीको रहेको छ भने सबै भन्दा कम घरधुरी ब्राहमणको ४.९१ प्रतिशत रहेको छ । त्यसैगरी कुल २१७८ घरधुरीमा सम्पूर्ण घरधुरी हिन्दू रहेको देखिन्छ । गाउँपालिकाको जातिगत आधारमा घरपरिवार तथा धर्मको आधारमा जनसंख्यालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

तालिका ४ : जाति र धर्मका आधारमा घरपरिवार र जनसंख्या विवरण

| वडा नं. | जातिगत आधारमा घरपरिवार संख्या | | | | | धर्म अनुसार घरधुरी संख्या (घरपरिवार सर्वेक्षण, २०७५ अनुसार) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राह्मण | ठकुरी | क्षेत्री | आदिवासी /जनजाति | दलित | हिन्दु | बौद्ध | इसाई | जम्मा |
| १ | ७ | ५० | २८४ | ० | ११० | ४५१ | ० | ० | ४५१ |
| २ | ० | ० | २३९ | ० | २६ | २६५ | ० | ० | २६५ |
| ३ | ० | ० | १७९ | ० | २७ | २०६ | ० | ० | २०६ |
| ४ | ० | ११६ | ९० | ० | ३४ | २४० | ० | ० | २४० |
| ५ | १ | ११५ | १ | ४६ | ३१ | १९४ | ० | ० | १९४ |
| ६ | ० | १०३ | ० | १३० | ३४ | २६७ | ० | ० | २६७ |
| ७ | ९९ | ११५ | ४२ | ० | ६४ | ३२० | ० | ० | ३२० |
| ८ | ० | ० | ० | २०३ | ३२ | २३५ | ० | ० | २३५ |
| जम्मा | १०७ | ४९९ | ८३५ | ३७९ | ३५८ | २१७८ | ० | ० | २१७८ |
| प्रतिशत | ४.९१ | २२.९१ | ३८.३३ | १७.४ | १६.४३ | १०० | ० | ० | १०० |

स्रोत: गाउँ बस्तुगत विवरण,२०७४

## २.६ आर्थिक गतिविधि र पेशा

यस गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह सिंचाइमा आधारित कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ । सर्केगाड गाउँपालिका आँफैमा व्यापारिक केन्द्रको रुपमा रहेको छ । कृषि, पशु एवं वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाको सबैजसो वडाहरूमा बिजुली, पानी लगायतका आधारभूत पूर्वाधारको विकास तथा उद्योग स्थापनका लागि पर्याप्त समथर जमिन यस गाउँपालिकामा रहेको हुँदा गाउँपालिकामा कृषि, पशु, वन लगायतका उद्योगका साथै शैक्षिक र औषधिय पर्यटन समेतको विकासका सम्भावना रहेको छ । खाद्यान्न, दलहन, तेलहनको उत्पादन,गाई, भैसी, भेडा, बाखा जस्ता पशुजन्य उत्पादन,बेसीका उर्वराशिल भूमि र सिंचित क्षेत्रको विस्तार, बैंक तथा वित्तीय क्षेत्र र सहकारीको विस्तार ,मन्दिर, नदीलाई जल बिहारको रुपमा विकास र बिस्तार गरेमा पर्यटन क्षेत्रमा थप टेवा पुग्न गइ आर्थिक उपार्जनमा टेवा पुग्ने देखिन्छ ।

यस गाउँपालिकाका बासिन्दाहरुको मुख्य पेशा कृषि (खेती तथा पशुपालन) नै देखिन्छ जसमा कृषि पेसा अंगाल्नेहरुको संख्या २४५२ देखियो भने त्यसपछि संघ संस्थाको जागिर गर्नेको संख्या १५९९ छ । त्यसैगरी भारत तथा अन्य देशमा रोजगारी गर्न जानेको संख्या ७०३ पाइयो भने ज्याला मजदुरी गर्ने ३१६, सरकारी जागिरे २५२ र ब्यापार गर्नेहरुको संख्या १५२ रहेका छन् । अधिकांश

घरपरिवारहरुको आम्दानीको स्रोतको आधार हेर्दा सरकारी र संघ संस्थाको नोकरी र त्यसपछिको आम्दानीको स्रोत कृषि र पशुपालन रहेको देखिन्छ । यसको साथै व्यापार, वैदेशिक रोजगारी र ज्याला मजदुरीलाई पनि मुख्य आम्दानीको स्रोतको रुपमा पनि लिन सकिन्छ । गाउँपालिकाको ऋण सम्बन्धी तथ्याङ्कलाई हेर्ने हो भने ब्यक्तिहरुले विभिन्न सहकारी संस्था, नातेदार, बैंक व्यक्ति, साहुमहाजन तथा सामुदायिक संस्थाहरुबाट ऋण लिने गरेको पाइएको छ भने सबैभन्दा बढी ऋण बैंकबाट र सबैभन्दा कम नातेदारबाट लिएको पाइएको छ ।

## २.७ भौतिक पूर्वाधार

यस गाउँपालिका क्षेत्रमा निर्माणाधिन कर्णाली करिडोर अन्तर्गतको लालु लोखडा खण्डदेखि सिमकोटसम्म सडकको ट्याक खोल्ने काम भइरहेको छ । चंखेली गाउँपालिकाको सल्लीसल्लादेखि  गाउँपालिकाको केन्द्र सर्केगाडसम्म कच्ची सडक निर्माण भइ जिप, ट्रयाक्टर लगायतका साधनहरू सञ्चालन भइरहेका छन् भने बस्तीहरू जोड्ने झोलुङ्गे तथा काठे पुल पुलेसा समेत निर्माण भएका छन् । उर्जाको रुपमा दाउरा, एलपि ग्यास, विद्युत,सोलारको उपयोग प्रचुर मात्रामा भइरहेको छ भने गाउँपालिकामा विद्युतको पहुँच करिब ८० प्रतिशत परिवारमा अथवा ७ वटा वडामा पुगेको र बाँकी वडा नं १ मा हालसम्म बिद्युतको पहुँच पुगेको देखिदैन । संचारको क्षेत्रमा नेपाल टेलिकमले सेवा प्रदान गरिरहेको छ भने डिसहोम टेलिभिजनको सुबिधा उपलब्ध छ । गाउँपालिका क्षेत्रमा ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको सहयोगमा ठूला र साना सिंचाई आयोजनाहरू निर्माण भई संचालनमा रहेका छन । गाउँपालिका क्षेत्रमा धार्मिक स्थलका रुपमा देवताका मन्दिरहरु रहेका छन् ।

## २.८ गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरू र खासस्व योजनाको सम्वन्ध

सर्केगाड गाउँपालिकामा हालसम्म कुनै पनि योजना निर्माण भई कार्यान्वयनमा नआएकाले सम्भवत खानेपानी,सरसफाइ तथा स्वच्छता योजना २०७६-२०८७ पहिलो योजनाको रुपमा रहेकाले आगामी दिनमा तयार गरिने अन्य कार्ययोजना र कार्यक्रमहरूले यस खासस्व योजनासंग अन्तरसम्बन्धीत गरी कार्यान्वयन गर्न सकेमा गाउँपालिकामा खानेपानी तथा सरसफाइको अवस्थामा स्तरोन्नति गर्न थप टेवा पुग्ने देखिन्छ ।

## २.९ खासस्व क्षेत्रमा कार्यरत बिकासका साझेदारहरू

यस गाउँपालिकामा रहेका सरकारी निकायहरु खानेपानी तथा सरसफाइ शाखा, गाउँपालिका र वडाहरुबाट खानेपानी र सरसफाइको कार्य हुँदै आएको छ भने जिल्ला शिक्षा समन्वय ईकाइ  र जिल्ला स्वास्थ्य कार्यालयबाट स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जनचेतनामूलक क्रियाकलाप लगायत संस्थागत स्तरमा भौतिक सुविधा निर्माण हुँदै आएको छ । त्यसै गरी सरसफाइका क्षेत्रमा नेपाल रेडक्रस सोसाइटी,स्नोल्याण्ड एकीकृत विकास केन्द्र,ग्रामीण जनउत्थान विकास कार्यक्रम लगायत जिल्लास्तरमा दर्ता भएका गैरसरकारी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशील रहेका छन् भने गाउँपालिका खानेपानी तथा सरसफाइ उपभोक्ता संघ र अन्य सरोकारवाला निकायहरु खानेपानी सरसफाइ र पानी सुरक्षा योजना कार्यान्वयनको लागि क्रियाशील रहेका छन् । त्यसै गरी अन्य राष्ट्रिय तथा

अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी निकायहरुमा युनिसेफ नेपाल, ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना, आधार विकास नेपाल,गुड नेर्वस ईन्टरनेशनल नेपाल,छा–याँ नेपाल जस्ता निकायहरुले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउदै आएका छन् ।

तालिका ५ : वास क्षेत्रमा कार्यरत विकासका साझेदारहरु

| सरकारी कार्यालयहरु | गैरसरकारी कार्यालयहरु |
|---|---|
| • गाउँपालिका, वडा कार्यालयहरु,<br>• शिक्षा विकास तथा समन्वय इकाई र विद्यालयहरु,<br>• स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरु,<br>• खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, | • ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना, यूनीसेफ नेपाल, छा–याँ नेपाल, स्नोल्याण्ड एकीकृत विकास केन्द, ग्रामीण जनउत्थान विकास कार्यक्रम, किडार्क नेपाल, आधार विकास नेपाल,ग्रामीण स्वालम्बन प्रवर्द्धन केन्द्र<br>• सहकारी संस्था, खानेपानी उपभोक्ता समुह, सामुदायिक वन समुह आदि<br>• क्लवहरु, महिला तथा आमा समुहहरु |


श्रोत : समुह छलफल,२०७६

# अध्याय ३

# खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति


## ३.१ सर्केगाड गाउँपालिकाको खानेपानीको अवस्था

श्रोत : NWASH द्वारा नमद्रना घरधद्री सर्वेक्षण, २०७६




### ३.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक श्रोतहरू,सेवा प्राप्त गर्ने घरधुरी र जनसंख्या

चित्र नं. ३.१ खानेपानीको मुख्य श्रोतहरु




सर्केगाड गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माणका लागि तथ्याङ्क संकलनको क्रममा गरिएको नमुना घरधुरी सर्वेक्षणमा गाउँपालिकाका ८ वटै वडाका कुल २८२ घरपरिवारको सर्वेक्षण गर्दा ९५.४ प्रतिशत घरपरिवारहरूले पाइप प्रणालीबाट र बाँकी ४.६ प्रतिशत घरपरिवारहरूले अन्य खानेपानीको श्रोतबाट पानी प्रयोग गर्ने गरेको पाइएको छ । यसै गरी वडागत रुपमा हेर्ने हो भने वडा नं १,३,४,५,७ र ८ का शत प्रतिशत घरधुरीले पाइप प्रणालीबाट खानेपानी सेवा प्राप्त गरेको देखिन्छ भने वडा नं २, र ६ का ३ घरधुरीले अन्य

श्रोतबाट खानेपानी सेवा प्राप्त गरेको देखिन्छ । यसको विस्तृत विवरण तलको तालिका अनुसार रहेको छ ।

तालिका ६ वडागतरुपमा खानेपानी सेवा प्राप्त गर्ने घरधुरी तथा जनसंख्याको विवरण


| वडा नं | जम्मा घरधुरी | जम्मा जनसंख्या | पाइप प्रणाली : खानेपानीको धारा | | अन्य श्रोत : मुल, कुवा, खोला | |
|---|---|---|---|---|---|---|
| | | | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| १ | ५५ | ३७६ | ५२ | ३६१ | ३ | १५ |
| २ | १९ | १२४ | १९ | १२४ | ० | ० |
| ३ | २१ | १२० | २१ | १२० | ० | ० |
| ४ | २९ | १७५ | २९ | १७५ | ० | ० |
| ५ | ४५ | ३२३ | ४५ | ३२३ | ० | ० |
| ६ | ५९ | ३९८ | ५९ | ३९८ | ० | ० |
| ७ | ३३ | २५१ | ३२ | २४४ | १ | ७ |
| ८ | २१ | १३० | १२ | ७७ | ९ | ५३ |
| **जम्मा** | २८२ | १८९७ | २६९ | १८२२ | १३ | ८२ |
| **प्रतिशत** | १०० | १०० | ९५.४ | ९६.० | ४.६ | ४.० |

श्रोत : NWASH ,घरधुरी सर्वेक्षण २०७६ र खानेपानी योजना सर्वेक्षण २०७६

### ३.१.२ खानेपानीको पर्याप्तता

सर्केगाड गाउँपालिकाका ८ वटै वडाको नमुना घरपरिवार सर्वेक्षणमा खानेपानीको पर्याप्तताको सर्वेक्षण गर्दा सबै कामका लागि पानी पुग्छ भन्ने घरपरिवार २८.४ प्रतिशत, पिउन, भान्सा तथा सरसफाइ गर्न पुग्छ भन्ने १७.३ प्रतिशत घरपरिवार,पानी पिउन र भान्साको कामका लागि मात्र पुग्छ भन्ने परिवार ३६.५ प्रतिशत, पिउन मात्र पुग्छ भन्ने घरपरिवार १४.५ प्रतिशत र ३.२ प्रतिशत परिवारलाई पानी नपुगेको देखिन्छ ।

चित्र नं. ३.२ खानेपानीको पर्याप्तता




### ३.१.३ गाउँपालिकामा सुरक्षित खानेपानीको स्तर

नेपाल खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्र विकास योजना (२०७४-२०८७) का आधारमा खानेपानी सेवाको स्तर वर्गिकरण गर्दा २.५ प्रतिशत घरपविारले सुरक्षित तरिकाले व्यवस्थापन गरिएको खानेपानी प्राप्त गरेको,९४ प्रतिशत घरपरिवारले आधारभूत खानेपानी सेवा प्राप्त गरेको,२.५ प्रतिशत घरपरिवारले सीमित खानेपानी

सेवा प्राप्त गरेको र १.१ प्रतिशत घरपरिवारले सेवा नै प्राप्त नगरेको देखिन्छ। विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ७ : खानेपानीको स्तर (दिगो विकास लक्ष्यको आधारमा)

| खानेपानीको स्तर | सुरक्षित व्यवस्थित सेवा | आधारभूत सेवा | सीमित सेवा | सेवा छैन |
|---|---|---|---|---|
| प्रतिशत | २.५ | ९४.० | २.५ | १.१ |
| घरपरिवार | ७ | २६५ | ७ | ३ |

श्रोत : NWASH, घरधुरी सर्वेक्षण २०७६

**खानेपानी सेवाको परिभाषा तथा सूचकहरु**

**सुरक्षित तरिकाले व्यवस्थापन गरिएको खानेपानी** (Safely Managed) : आधारभूत खानेपानी श्रोत जुन घर परिसर भित्र जतिवेला पनि उपलव्ध छ र दिसाजन्य तथा अन्य प्रमुख रासायनिक प्रदुषणवाट (जस्तै Arsenic) मुक्त छ।

**आधारभूत खानेपानी सेवा** (Basic Service) : सुधारिएको खानेपानीको श्रोत, पानी संकलन समय ३० मिनेट भन्दा कम लाग्ने।

**सिमित खानेपानी सेवा** (Limited Service) : खानेपानीका असुरक्षित श्रोत र पानी संकलन समय ३० मिनेट भन्दा वढि लाग्ने।

**असुरक्षित खानेपानी सेवा** (Unsafe Service/ No Service) : सतही पानीको श्रोत

श्रोत: Joint Monitoring Program

खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रगत विकास योजना अनुरुप खानेपानी सेवाको स्तरलाई निम्न बमोजिम बर्गिकरण गरेको पाइन्छ। जसलाई तलको तालिकामा स्पष्टरुपमा उल्लेख गरिएको छ।


तालिका ८ : खानेपानी सेवा स्तरको वर्गिकरण

| परिमितिहरु | | सेवाको स्तर | | | |
|---|---|---|---|---|---|
| | | निम्न | आधारभूत | मध्यम | उच्च |
| आवश्यकता | परिमाण (एल पि सि डी) | २५-४५ | ४५-६५ | ६५-१०० | १००-१५० |
| | स्वच्छता | नभएको | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता संभव, कपडा धुन नुहाउन अपुग | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित, कपडा धुन र नुहाउन पनि सुनिश्चित | सबै स्वच्छताका आवश्यकताहरु पुरा हुने |
| गुणस्तर | | पिउन योग्य | राष्ट्रिय गुणस्तर मानक (ग्रामिण मापदण्ड) पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ |
| शुलभ पहुँच | | २५% भन्दा कम उपभोक्ताले निजि धारा जडान | २५% भन्दा बढि उपभोक्ताले निजि धारा जडान गरेको | १००% उपभोक्ताले निजि धारा जडान गरेको | १००% उपभोक्ताले निजि धारा जडान गरेको |
| विश्वसनियता | वितरण अवधि घण्टा/दिन | | ८ घण्टा (अधिक माग समयमा) | १२ घण्टा दिनको समयमा | २४ घण्टा |
| | निरन्तरता | | एक महिनामा एक पटकसम्म सेवा अवरुद्ध | तिन महिनामा एक पटकसम्म सेवा अवरुद्ध | बाह्र महिनामा एक पटकसम्म सेवा अवरुद्ध |
| लचकता | | | अबरुद्ध सेवा २ दिन भित्र सुचारु हुने | अबरुद्ध सेवा १ दिन भित्र सुचारु | अबरुद्ध सेवा १ दिन भित्र सुचारु |
| अधिक माग धान्ने क्षमता | | | | अचानक १०% अधिक माग धान्ने | अचानक १०% अधिक माग धान्ने |
| सेवा सन्तुष्टि स्तर | | नगरेको | नगरेको | ७५% | ९०% |

### ३.१.४ खानेपानी आयोजनाका प्रकार र नियमितताको अवस्था

सर्केगाड गाउँपालिकामा हाल सञ्चालनमा रहेका ४३ वटा खानेपानी आयोजनाहरुमा सम्पूर्ण आयोजनाहरु ग्राभिटी सिस्टम रहेका र उक्त आयोजनाहरुको श्रोतमा ४३ वटा खानेपानी आयोजनाको श्रोत ४३ वटा मुल र १ वटा खोला समेत पानीको श्रोतको रुपमा प्रयोग गरेको देखिन्छ । २८ वटा मुलबाट २८ वटा खानेपानी आयोजनाहरुमा पानी बर्ष भरी प्रवाह भएको र बाँकी १५ वटा आयोजनामा १६ वटा पानीका श्रोतबाट ११ देखि १२ महिनासम्म पानी पर्याप्त हुने देखिन्छ । उपरोक्त आयोजनाहरु मध्ये १३ वटा खानेपानी आयोजनाको श्रोत संरक्षण गरेको र बाँकी आयोजनामा ३१ व्टा श्रोतको संरक्षण नगरेको देखिन्छ । खानेपानी आयोजनाको प्रकार र नियमितताको अवस्थालाई विस्तृत रुपमा तलको तालिकामा उल्लेख गरिएको छ ।

चित्र नं. ३.३ खानेपानी आयोजनाका प्रकार र नियमितताको अवस्थाा




श्रोत : NWASH, घरधुरी सर्वेक्षण २०७६ र खानेपानी योजना सर्वेक्षण २०७६

तालिका ९ : खानेपानी आयोजनाका प्रकार र नियमितताको विवरण


| वडा नं | हाल संचालनमा रहेका खा. पा. योजना संख्या | आयोजनाको प्रकार | | | श्रोतको प्रकार | | | | पानीको बहावको नियमितता | | | श्रोत संरक्षणको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ग्राभिटी | बिद्युतिय लिफ्टिङ | सौर्य लिफ्टिङ | कुवा | मूल | खोला | नदी | बर्षभरी | ११-१२ महिना | ११ महिना भन्दा कम | सबै किसिमले संरक्षित | जोखिममा |
| १ | ५ | ५ | ० | ० | ० | ५ | ० | ० | ० | ५ | ० | २ | ३ |
| २ | ३ | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ३ | ० | ० | ३ |
| ३ | १ | १ | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | १ | ० |
| ४ | ६ | ६ | ० | ० | ० | ६ | ० | ० | २ | ४ | ० | ० | ६ |
| ५ | ८ | ८ | ० | ० | ० | ९ | ० | ० | ९ | ० | ० | ३ | ६ |
| ६ | ७ | ७ | ० | ० | ० | ७ | ० | ० | ४ | ३ | ० | ३ | ४ |
| ७ | ९ | ९ | ० | ० | ० | ९ | ० | ० | ९ | ० | ० | ३ | ६ |
| ८ | ४ | ४ | ० | ० | ० | ४ | ० | ० | ३ | १ | ० | १ | ३ |
| जम्मा | ४३ | ४३ | ० | ० | ० | ४३ | १ | ० | २८ | १६ | ० | १३ | ३१ |

श्रोत : NWASH, घरधुरी सर्वेक्षण २०७६ र खानेपानी योजना सर्वेक्षण २०७६

### ३.१.५ वडागत रुपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरी

सर्केगाड गाउँपालिकामा हाल अस्तित्वमा रहेका तथा सञ्चालनमा भएका ४३ वडा खानेपानी आयोजनाहरु मध्ये सबैभन्दा बढी ९ वटा  खानेपानी आयोजनाहरु वडा नं

चित्र नं. ३.१.५. धाराहरुको विवरण




७ मा र सबै भन्दा कम अर्थात् १ वटा आयोजना वडा नं ३ मा रहेको पाइन्छ भने अन्य वडाहरुमा ३ वटा भन्दा आयोजना भएको देखिन्छ । त्यसै गरी नीजि धाराको पानी प्रयोग गर्ने घरधुरी ४१ र सार्बजनिक धाराको पानी प्रयोग गर्ने घरधुरी १९३६ रहेका छन् भने १ घरधुरीले संस्थागत धाराको पानी प्रयोग गरीराखेको पाइन्छ। यस गाउँपालिकाका ६ वटा वडाहरुमा १४ वटा खा.पा.आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका र योजना सम्पन्न पश्चात् २९३९ घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित हुने देखिन्छन् । हालसम्म १९ वटा घरधुरीहरुमा खानेपानीको पहुँच पुगेको देखिदैन ।

तालिका १० : वडागत रुपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरीको विवरण

| वडा नं | जम्मा घरधुरी | खानेपानी आयोजनाको संख्या | लाभान्वित घरधुरीको संख्या | | | | निर्माणाधिन खानेपानी आयोजनाको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नीजि धाराको पानी प्रयोग गर्ने घरधुरी | सार्वजनिक धारा प्रयोग गर्ने घरधुरी | संस्थागत धारा प्रयोग संख्या | जम्मा घरधुरी | खानेपानी आयोजनाको संख्या | लाभान्वित घरधुरीको संख्या | |
| १ | ३३० | ५ | ० | ३३० | ० | ३३० | ५ | ९५२ | |
| २ | १०९ | ३ | ० | १०९ | ० | १०९ | ३ | ८६९ | |
| ३ | १८० | १ | ६ | १७४ | ० | १८० | ३ | ४३५ | |
| ४ | ३०४ | ६ | २५ | २७८ | १ | ३०४ | १ | ७६ | |
| ५ | ३१७ | ८ | १ | ३१६ | ० | ३१७ | १ | २३५ | |
| ६ | ३७३ | ७ | १ | ३७२ | ० | ३७३ | ० | ० | |
| ७ | २६३ | ९ | ६ | २५७ | ० | २६३ | १ | ३७२ | |
| ८ | १०२ | ४ | २ | १०० | ० | १०२ | ० | ० | |
| **जम्मा** | १९७८ | ४३ | ४१ | १९३६ | १ | १९७८ | १४ | २९३९ | |

श्रोत : NWASH, घरधुरी सर्वेक्षण २०७६ र खानेपानी योजना सर्वेक्षण २०७६

### ३.१.६ योजनाको आयुको आधारमा खानेपानी आयोजनाको संख्या

सर्केगाड गाउँपालिकामा विगतदेखि हालसम्म निर्माण भएका ४३ वटा खानेपानी आयोजना मध्ये ४३ वटै खानेपानी आयोजनाहरु हालसम्म सञ्चालनमा आएका देखिन्छन् । १८ वटा आयोजना ० देखि ५ बर्ष सम्म, १७ वटा आयोजनाहरु ६ देखि १० बर्ष सम्म, ६ वटा आयोजनाहरु ११ देखि १५ बर्ष सम्म, १ वटा आयोजना १६ देखि २० बर्ष सम्म र १ वटा आयोजनाहरु २० बर्ष भन्दा माथि नियमित मर्मत सम्भार हुदै दिगो रुपमा सञ्चालन हुदै आइरहेका छन् । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।


## तालिका ११ : योजनाको आयुको आधारमा वडागत रुपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरीको विवरण

| वडा नं | खानेपानी आयोजनाको कुल संख्या | कुल लाभान्वित घरधुरी | ०-५ बर्ष | | ६-१० बर्ष | | ११-१५ बर्ष | | १६-२० बर्ष | | २० बर्ष भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आयोजनाको संख्या | लाभान्वित घरधुरी | आयोजनाको संख्या | लाभान्वित घरधुरी | आयोजनाको संख्या | लाभान्वित घरधुरी | आयोजनाको संख्या | लाभान्वित घरधुरी | आयोजनाको संख्या | लाभान्वित घरधुरी |
| १ | ५ | ३३० | २ | ४७ | २ | ८८ | १ | १९५ | ० | ० | ० | ० |
| २ | ३ | १०९ | २ | ४७ | १ | ६२ | ० | ० | ० | ० | ० | ० |
| ३ | १ | १८० | १ | १८० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | ६ | ३०४ | १ | ४६ | २ | १४९ | ३ | १०९ | ० | ० | ० | ० |
| ५ | ८ | ३१७ | ४ | २१६ | १ | १९ | १ | ३३ | १ | २२ | १ | २७ |
| ६ | ७ | ३७३ | ७ | ३७३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | ९ | २६३ | १ | ७ | ७ | १५३ | १ | १०३ | ० | ० | ० | ० |
| ८ | ४ | १०२ | ० | ० | ४ | १०२ | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | ४३ | १९७८ | १८ | ९१६ | १७ | ५७३ | ६ | ४४० | १ | २२ | १ | २७ |

श्रोत : NWASH ,घरधुरी सर्वेक्षण २०७६ र खानेपानी योजना सर्वेक्षण २०७६

### ३.१.७ मौजुदा खानेपानी प्रणालीहरूको कार्यक्षमता तथा सुचारुपन (Functionality status)

चित्र नं. ३.४. खानेपानी आयोजनाहरुको सुचारुपनको अवस्था




सर्केगाड गाउँपालिका भरि संचालनमा रहेका खानेपानी योजनाहरूको सुचारुपनाको अवस्थाको आंकलन WASH MIS बाट प्राप्त तथ्यांक विश्लेषणका आधारमा गरिएको छ । तालिकामा दिइएको सुचारुपनको अवस्थालाई हेर्ने हो भने कुल ४३ वटा खानेपानी आयोजना मध्ये राम्रोसंग संचालित र पुनःनिर्माण गर्नुपर्ने आयोजनाहरु कुनै पनि छैनन् र ३६ वटा खानेपानी आयोजनाको सामान्य मर्मत गर्नुपर्ने र बाँकी ७ वटा खानेपानी आयोजनाको बृहत् मर्मत गर्नुपर्ने देखिन्छ ।

### ३.१.८ खानेपानी आयोजनाहरूको ईन्टेक लगायत अन्य भौतिक संरचनाको अवस्था

कुल ४३ वटा खानेपानी आयोजना मध्ये ४४ वटा इन्टेक निर्माण भएको र उक्त निर्माण भएका इन्टेक मध्ये ३२ वटा राम्रो अवस्थामा रहेका, ८ वटा इन्टेक सामान्य मर्मत सुधार गर्नुपर्ने, ४ वटा इन्टेकको बृहत् मर्मत सुधार गर्नुपर्ने र इन्टेकमा पुनः निर्माणको आवश्यकता नरहेको देखिन्छ । यसै गरी ४३ वटा खानेपानी आयोजना मध्ये ४० वटा खानेपानी आयोजनामा आर.भी.टी.निर्माण भएकोमा सम्पूर्ण आर.भी.टी.राम्रो अवस्थामा रहेको देखिन्छ । यसै गरी कुल ४१० किमि पाइपलाइन मध्ये ३३९ किमि पाईपलाइन राम्रोसंग संचालित, ५० किमि पाईपलाइनलाई सामान्य मर्मत सम्भार गर्नुपर्ने, २० किमि पाईपलाइन बृहत् मर्मत सम्भार गर्नुपर्ने र १ किमि पाईपलाइनलाई पुनःनिर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यस्तै गरेर ४३ वटा खानेपानी आयोजनामा कुल २०३ वटा धारा निर्माण भइ हाल १४३ वटा धारा राम्रोसंग सञ्चालनमा रहेका, ३२ वटा धारामा सामान्य मर्मत सुधार गर्नुपर्ने, १५ वटा धारामा बृहत् मर्मत सुधारको आवश्यकता छ भने १३ वटा धाराको पुनःनिमार्ण गर्नुपर्ने आवश्यकता छ । यस सम्बन्धी वडा स्तरीय विस्तृत विवरण अनुसुचि २ राखिएको छ ।

तालिका १२ : खानेपानी आयोजनाहरूको ईन्टेक लगायत अन्य भौतिक संरचनाको अवस्थाको विवरण


| विवरण | ईकाई | संख्या | राम्रोसंग सञ्चालित | सामान्य मर्मत सुधारको आवश्यकता | बृहत् मर्मत सुधारको आवश्यकता | पुनर्निर्माणको आवश्यकता |
|---|---|---|---|---|---|---|
| ईन्टेकको अवस्था | वटा | ४४ | ३२ | ८ | ४ | ० |
| आर.भी.टी.को अवस्था | वटा | ४० | ० | ० | ० | ० |
| पाईपलाइनको अवस्था | कि.मि | ४१० | ३३९ | ५० | २० | १ |
| धाराको अवस्था | वटा | २०३ | १४३ | ३२ | १५ | १३ |

श्रोत : NWASH, खा.पा.आ. सर्वेक्षण २०७६

### ३.१.९ खानेपानी आयोजनाहरूको संचालन तथा मर्मत सम्भारको अवस्था

सर्केगाड गाउँपालिकामा कुल ४३ वटा खा.पा.आयोजना मध्ये २५ वटा खा.पा. आयोजनामा सक्रिय उपभोक्ता समिति भएका, ४० वटा आयोजना जलश्रोत समितिमा दर्ता भएका, १० वटा आयोजनामा मर्मत सम्भार कार्यकर्ताको ब्यबस्था भएका,३ वटा मात्र खा.पा. आयोजनामा पानी महशुलको व्यबस्था भएको, १ वटा खा.पा. आयोजनामा मर्मत सम्भार औजारको ब्यबस्था भएको र ३ वटा खा.पा. आयोजनामा संचालन तथा मर्मत सम्भार कोषको ब्यबस्था छ ।

चित्र नं. ३.५. खानेपानी आयोजनाहरुको संचालन तथा मर्मत सम्भारको अवस्था




### ३.१.१० खानेपानी प्रणालीहरूको दिगोपना (Sustainability status)

सर्केगाड गाउँपालिकाभित्र संचालनमा आएका ४३ वटा खानेपानी आयोजनाहरूको संस्थागत दिगोपना अध्ययन गर्ने क्रममा जम्मा १६ वटा खानेपानी आयोजनाहरू कम जोखिम वा जोखिममा छैनन्, ३ वटा खानेपानी आयोजनाहरु केहि जोखिममा छन् भने २४ वटा खानेपानी आयोजनाहरुमा बढी जोखिममा रहेका छन् ।

प्राप्ताकंका आधारमा योजनाहरूको दिगोपनाका वर्गिकरण

- ७० भन्दा बढि: कम जोखिम वा जोखिममा छैनन्
- ६० देखि ७०: केहि जोखिम
- ६० भन्दा कम: बढि जोखिम

तालिका १३ : खानेपानी आयोजनाहरूको दिगोपनाको अवस्था

| वडा नं. | खा.पा.आ. हरुको कुल संख्या | सूचारुपनामा जोखिम नभएका/ कम जोखिम भएका आयोजनाहरुको संख्या (अंक ७० भन्दा बढी ) | केहि जोखिम भएका आयोजनाहरुको संख्या (अंक ६०-७०) | उच्चजोखिम भएका आयोजनाहरुको संख्या (अंक ६० भन्दा कम) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५ | १ | ० | ४ | |
| २ | ३ | ० | २ | १ | |
| ३ | १ | १ | ० | ० | |
| ४ | ६ | ४ | ० | २ | |
| ५ | ८ | ८ | ० | ० | |
| ६ | ७ | २ | १ | ४ | |
| ७ | ९ | ० | ० | ९ | |
| ८ | ४ | ० | ० | ४ | |
| जम्मा | ४३ | १६ | ३ | २४ | |

श्रोत : NWASH, खा.पा.आ. सर्वेक्षण २०७६

### ३.१.११ निर्माणाधिन खानेपानी प्रणालीहरू

सर्केगाड गाउँपालिकामा खानेपानी,सरसफाइ तथा उर्जा विकास कार्यालय, गाउँपालिका तथा अन्य निकाय बिशेष गरेर ग्रामीण जलश्रोत परियोजना मार्फत १४ वटा खानेपानी तथा सरसफाइ योजनाहरू निर्माणाधिन रहेका छन् । यी योजनाहरुको उपभोक्ता समित दर्ता, सिभिल कार्य सम्पन भएको र ईन्टेक र रिजर्भ्वाएर ट्याङ्क निर्माणाधिन रहेको योजनामा बाँकि अन्य संरचनाहरू क्रमागत रुपमा निर्माण हुने बताइन्छ । उक्त निर्माणाधिन योजनाको निर्माण कार्य सम्पन्न भए पश्चात् करिव २९३९ घरधुरी लाभान्वित हुने देखिन्छ । निर्माणाधिन खानेपानी योजनाहरुको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।


तालिका १४ : निर्माणाधिन खानेपानी प्रणालीहरूको विवरण

| क सं | खानेपानी योजनाको नाम | लाभान्वित क्षेत्र | प्रकार | वडा नं | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निपाने खा.पा.यो, उनपाली | समुदाय | ग्राभिटी पाईप प्रणाली | १ | २३६ | |
| २ | गुसा खा.पा.यो, उनापानी | समुदाय, | ग्राभिटी पाईप प्रणाली | ३ | ४५७ | |
| ३ | धुपीरुख खा.पा.यो, जैर | समुदाय र विद्यालय | ग्राभिटी पाईप प्रणाली | ३ | ३२१ | |
| ४ | मुदुस्या खा.पा.यो, जैर | समुदाय | ग्राभिटी पाईप प्रणाली | २ | १९५ | |
| ५ | लेप्चया खा.पा.यो, रिप | समुदाय | ग्राभिटी पाईप प्रणाली | ३ | ६५ | |
| ६ | खानीदेखि निपाली, रिप | समुदाय | ग्राभिटी पाईप प्रणाली | ४ | २८५ | |
| ७ | निपाने खा.पा.यो, उनपाली | समुदाय र विद्यालय | ग्राभिटी पाईप प्रणाली | ५ | १७६ | |
| ८ | गप्पा खा.पा.यो, रिप | समुदाय र विद्यालय | ग्राभिटी पाईप प्रणाली | ७ | ८५ | |
| ९ | मुडी साँया खा.पा.यो, न्यासी | समुदाय र विद्यालय | ग्राभिटी पाईप प्रणाली | १ | ७६ | |
| १० | बराई खा.पा.यो, बराई | समुदाय र विद्यालय | ग्राभिटी पाईप प्रणाली | १ | २३५ | |
| ११ | रोडीकोट मा.वि. खा.पा.यो, रोडीकोट | समुदाय र विद्यालय | ग्राभिटी पाईप प्रणाली | १ | ३७२ | |
| १२ | तल्ला नाउला खा.पा, जैर | समुदाय | ग्राभिटी पाईप प्रणाली | १ | १२६ | |
| १३ | तल्ल सैन खा.पा.यो, जैर | समुदाय | ग्राभिटी पाईप प्रणाली | ३ | ९२ | |
| १४ | धामी चौर खा.पा.यो, जैर | सदाय | ग्राभिटी पाईप प्रणाली | ३ | २१८ | |

श्रोत : NWASH, खा.पा.आ. सर्वेक्षण २०७६


### ३.१.१२ खानेपानीको गुणस्तर

सर्केगाड गाउँपालिकाका ८ वटै वडामा नमूना सर्वेक्षणको क्रममा खानेपानी पिउन योग्य छ छैन भनी गरिएको सर्वेक्षणमा ७५.९ प्रतिशत घरपरिवारले पिउन योग्य छ , १.८ प्रतिशत परिवारले पिउन योग्य छैन भने र २२.३ प्रतिशत परिवारले थाहा छैन भन्ने जवाफ दिएका थिए । तर खानेपानी पिउन भन्दा पहिले शुद्धीकरण गरिन्छ छ कि गरिदैन भनि गरिएको धारणा सर्वेक्षणमा पानी शुद्धीकरण नगरी प्रयोग गर्ने परिवार नभेटिका, ९७.२ प्रतिशत घरपरिवारले पानी कहिलेकांहि मात्र शुद्धीकरण गरेर प्रयोग गर्ने गरेको, २.८ प्रतिशत परिवारले सधैं शुद्धीकरण गरेर प्रयोग गर्ने गरेका थिए ।




श्रोत : NWASH, खा.पा.आ. सर्वेक्षण २०७६

### ३.१.१३ हाल सम्म खानेपानी पहुँच नपुगेका बस्तीहरुको विवरण





सर्केगाड गाउँपालिकाका ८ वटा वडाका कुल २८ बस्ती मध्ये २७ वटा बस्तीमा पाइप प्रणालीद्धारा खानेपानीको पहुँच पुगेको देखिन्छ भने बाँकी १ वटा बस्ती कुतीका १९ घरधुरीमा हालसम्म खानेपानीको पहुँच पुग्न सकेको छैन । जसमा १९ वटै घरधुरी ब्राहमण र क्षेत्री जातिको रहेका छन् । विस्तृत विवरण तलको तालिकामा उल्लेख शगरिएको छ ।

तालिका १५ : खानेपानीको पहुँच नपुगेका बस्ती र घरधुरीको विवरण

| सि.न. | बस्तीको नाम | जम्मा घरधुरीहरु | दलित घरधुरी | जनजाति घरधुरी | ब्राहमण /क्षेत्री घरधुरी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कुती | १९ | ० | ० | १९ | |
| | जम्मा | १९ | ० | ० | १९ | |

श्रोत : खा.पा.आ. नमुना सर्वेक्षण,२०७६

## ३.२ शैक्षिक संस्थाहरुको खानेपानी,सरसफाइ र स्वच्छता अवस्था




सर्केगाड गाउँपालिका अन्तर्गत २८ वटा सामुदायिक र १ वटा संस्थागत गरी जम्मा २९ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । १४ वटा अलग्गै बाल विकास केन्द्र, २४ वटा आधारभूत तहको विद्यालय, ३ वटा माध्यामिक तहको विद्यालयमा कुल ४३७५ जना विद्यार्थीहरु अध्ययनरत छन् भने कुल १८३ जना पुरुष र महिला शिक्षकहरु अध्यापन गर्दै आइरहेका छन् । यी सम्पूर्ण विद्यालयहरुमा खानेपानी तथा सरसफाइको प्रयाप्त सुविधा पुग्न सकेको छैन । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १६ : विद्यालयको विवरण


| वडा नं. | विद्यालय विवरण | | | तह | | | | विद्यार्थी संख्या | | | शिक्षक तथा कर्मचारी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | बाल शिक्षा मात्र | आधारभूत तह (कक्षा ८ सम्म) | माबि तह | क्याम्पस/कलेज | छात्रा | छात्र | जम्मा | महिला | पूरुष | जम्मा |
| १ | ६ | १ | ७ | ३ | ५ | १ | ० | ४०० | ५०८ | ९०८ | २८ | ८ | ३६ |
| २ | २ | ० | २ | ० | २ | ० | ० | १७७ | १८२ | ३५९ | १४ | ३ | १७ |
| ३ | १ | ० | १ | ० | १ | ० | ० | १४५ | ११६ | २६१ | ८ | १ | ९ |
| ४ | २ | ० | २ | ० | १ | १ | ० | २०६ | १९२ | ३९८ | २३ | ३ | २६ |
| ५ | ५ | ० | ५ | ५ | ४ | ० | ० | १७७ | १८५ | ३६२ | १७ | ७ | २४ |
| ६ | ४ | ० | ४ | २ | ४ | ० | ० | २७५ | २७० | ५४५ | १७ | ५ | २२ |
| ७ | ६ | ० | ६ | ४ | ५ | १ | ० | ६३७ | ४८२ | १११९ | २५ | ११ | ३६ |
| ८ | २ | ० | २ | ० | २ | ० | ० | २२० | २०३ | ४२३ | १० | ३ | १३ |
| जम्मा | २८ | १ | २९ | १४ | २४ | ३ | ० | २२३७ | २१३८ | ४३७५ | १४२ | ४१ | १८३ |

श्रोत : विद्यालय सर्वेक्षण, २०७६

### ३.२.१ विद्यालयहरुको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति (तारा पद्धती)

सर्केगाड गाउँपालिका क्षेत्रका २८ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालय गरी जम्मा २९ वटा विद्यालयको तारे पद्धति अनुरुप मुल्याङ्कन गर्दा २९ वटै अथवा शत प्रतिशत विद्यालयले १ ताराको सूचक प्राप्त गरेका र हालसम्म कुनै पनि विद्यालयले २ तारा र ३ ताराको सूचक प्राप्त गर्न नसकेको देखिन्छ । बाँकी विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

चित्र ३.६ विद्यालयको तारा पद्धति




तालिका १७ विद्यालयहरुको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति (तारा पद्धती) को विवरण


| वडा न. | विद्यालय विवरण | | | तारा स्तर | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | १ तारा | २ तारा | ३ तारा | कुनै तारा नभएका | जम्मा |
| १ | ६ | १ | ७ | ७ | ० | ० | ० | ७ |
| २ | २ | ० | २ | २ | ० | ० | ० | २ |
| ३ | १ | ० | १ | १ | ० | ० | ० | १ |
| ४ | २ | ० | २ | २ | ० | ० | ० | २ |
| ५ | ५ | ० | ५ | ५ | ० | ० | ० | ५ |
| ६ | ४ | ० | ४ | ४ | ० | ० | ० | ४ |
| ७ | ६ | ० | ६ | ६ | ० | ० | ० | ६ |
| ८ | २ | ० | २ | २ | ० | ० | ० | २ |
| जम्मा | २८ | १ | २९ | २९ | ० | ० | ० | २९ |

श्रोत : विद्यालय सर्बेक्षण,२०७६

### ३.२.२ विद्यालयमा खानेपानीको अवस्था

शैक्षिक संस्थाको हकमा कुल २९ वटा विद्यालयहरू मध्ये जम्मा १३ वटा विद्यालयमा मात्र नियमित खानेपानीको सुविधा रहेको देखिन्छ । त्यस्तै १७ वटा विद्यालयको खानेपानीको सुरक्षित श्रोत भएको,२ वटा विद्यालयमा खानेपानी भण्डार सुविधा भएको, २९ वटा विद्यालय मध्ये कुनै पनि विद्यालयले खानेपानीको सुद्धिकरण गरि प्रयोग गर्ने नगरेको, ४ वटा विद्यालयले खानेपानीको नियमित गुणस्तर परिक्षण गर्ने गरेको र ३ वटा विद्यालयमा गुणस्तरको नतिजा अनुसार पानी पिउनयोग्य देखिन्छ । विस्तृत विवरण विश्लेषणात्मक चार्ट तल उल्लेख गरिएको छ ।

चित्र ३.७ विद्यालयमा खानेपानीको अवस्था





तालिका १८ : विद्यालयहरुमा खानेपानी सेवा आपुर्ति अवस्था

| वडा नं. | नियमित खाने पानी सुविधा भएका विद्यालय संख्या | खानेपानीको सुरक्षित श्रोत भएका विद्यालय | पानी भण्डारण सुविधा भएका | खानेपानीको सुद्धिकरण गरि प्रयोग गर्ने गरेका | खानेपानीको नियमित गुणस्तर परिक्षण गर्ने गरेका | गुणस्तरको नतिजाले पानी पिउन योग्य तथा सुरक्षित भएको |
|---|---|---|---|---|---|---|
| १ | १ | २ | ० | ० | ० | ० |
| २ | १ | २ | ० | ० | १ | १ |
| ३ | १ | १ | ० | ० | ० | ० |
| ४ | २ | २ | १ | ० | १ | १ |
| ५ | ३ | ४ | ० | ० | ० | ० |
| ६ | ३ | ३ | ० | ० | ० | ० |
| ७ | २ | ३ | १ | ० | २ | १ |
| ८ | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | १३ | १७ | २ | ० | ४ | ३ |

श्रोत : विद्यालय सर्वेक्षण,२०७६

### ३.२.३ विद्यालयहरुमा शौचालयको अवस्था

सर्केगाड गाउँपालिकामा सामुदायिक र संस्थागत गरी कुल २९ वटा विद्यालय मध्ये २२ वटा विद्यालयमा शौचालयको सुविधा रहेको छ भने २२ वटै विद्यालयमा छात्राका लागि छुट्टै शौचालयको ब्यवस्था रहेको छ । एवं प्रकारले १२ वटा विद्यालयमा पानी सहितको सुधारिएका शौचालय छन् भने ३ वटा छात्रा र २ वटा छात्र शौचालय राष्ट्रिय मापदण्ड अनुरुप ४० बिद्यार्थीको अनुपातमा १ शौचालय रहेका देखिन्छ । १५ वटा विद्यालयका शौचालय लैगिंकमैत्री, १८ वटा विद्यालयका शौचालय बालमैत्रि, ५ वटा विद्यालयका शौचालय अपागंतामैत्री र ४ वटा विद्यालयका शौचालय वातावरणमैत्री रुपमा प्रयोगकर्तामैत्री रहेका छन् । १ वटा विद्यालयमा छात्रा युरीनलको सुविधा छ भने कुनै पनि विद्यालयमा छात्र युरीनलको ब्यवस्था र विद्यालयमा छात्राहरु महिनावारी भएको बेलामा स्यानीटरी प्याड व्यवस्थापन गर्ने इन्सीनेटरको ब्यवस्था भएको पाइदैन । बाँकी वितृत विवरण तलको ग्राफ र तालिकामा उल्लेख गरिएको छ ।


इन्सीनेरेटर भएको
छात्र युरिनल सुविधा
छात्रा युरिनल सुविधा
वातावरण मैत्री शौचालय
अपागंतामैत्री शौचालय
बालमैत्री शौचलय
लैगिकमैत्री शौचलय
छात्र शौचलय अनुपात
छात्रा शौचलय अनुपात
सुधारीएको शौचलय भएका
छात्राका लागि छुट्टै शौचलय
शौचलय प्रयोगमा रहेका विद्यालय
०
०
१
४
५
१८
१५
२
३
१२
२२
२२
०५
१०
१५
२०
२५

| वडा न. | शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | छात्राका लागि छुट्टै शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | सुधारीएको शौ चालय भएका तथा प्रयोगमा रहेका विद्यालय | राष्ट्रिय मापदण्ड अनुसार शौचालय विद्यार्थी अनुपात (१:४०) भएका | | शौचालय प्रयोगकर्तामैत्री भएका | | | | यूरीनल सुबिधा भएका विद्यालय संख्या | | स्यानीटरी प्याड व्यवस्थापन गर्ने इन्सीनेटर भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | लैगिंक हिसावले सुरक्षित भएका | बालमैत्रि रहेका विद्यालय | अपागंतामैत्री रहेका विद्यालय | वातावरण मैत्री रहेका विद्यालय | छात्रा | छात्र | |
| १ | ३ | ३ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० |
| २ | १ | १ | १ | ० | ० | १ | १ | १ | १ | ० | ० | ० |
| ३ | १ | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| ४ | २ | २ | २ | ० | ० | १ | २ | ० | १ | ० | ० | ० |
| ५ | ४ | ४ | १ | २ | १ | ३ | ३ | १ | १ | १ | ० | ० |
| ६ | ४ | ४ | ४ | १ | १ | ४ | ४ | ० | ० | ० | ० | ० |
| ७ | ५ | ५ | ४ | ० | ० | ५ | ५ | ३ | १ | ० | ० | ० |
| ८ | २ | २ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | २२ | २२ | १२ | ३ | २ | १५ | १८ | ५ | ४ | १ | ० | ० |

श्रोत : विद्यालय सर्बेक्षण,२०७६

### ३.२.४ महिनावारी स्वच्छता

यस गाउँपालिकामा रहेका २९ वटा विद्यालय मध्ये कुनै पनि विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि प्रयोग भएका स्यानीटरी प्याडको सुरक्षित व्यवस्थापन गर्न इन्सीनेटरको व्यबस्था भएको पाइदैन भने १ वटा विद्यालयमा छात्राका लागि स्यानीटरी प्याडको व्यवस्था गरिएको छ । त्यस्तै छात्राहरु महिनावारी भएको बेला १५ वटा विद्यालयमा मात्र छात्राहरु विद्यालयमा आउने गरेको र बाँकी विद्यालयको छात्राहरु नआउने गरेको पाइएको छ । वडागत रुपमा विद्यालयको महिनावारी स्वच्छता सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छता योजना,२०७७-२०८१

तालिका १९ : महिनावारी स्वच्छता सम्बन्धी विवरण

| वडा नं. | जम्मा विद्यालय संख्या | स्यानीटरी प्याड व्यवस्थापन गर्ने इन्सीनेटर भएको | स्यानीटरी प्याड ब्यवस्था गरेका विद्यालय | छात्राहरुलाई पुनः प्रयोग गर्ने सकिने स्यानीटरी प्याडनिर्माण तालिम प्रदान गरिएको | छात्राहरु सधै र सबै विद्यालय आउने गरेका छन । |
|---|---|---|---|---|---|
| १ | ७ | ० | १ | ० | २ |
| २ | २ | ० | ० | ० | ० |
| ३ | १ | ० | ० | ० | १ |
| ४ | २ | ० | ० | ० | २ |
| ५ | ५ | ० | ० | ० | ४ |
| ६ | ४ | ० | ० | ० | २ |
| ७ | ६ | ० | ० | ० | ४ |
| ८ | २ | ० | ० | ० | ० |
| जम्मा | २९ | ० | १ | ० | १५ |

श्रोत : विद्यालय सर्वेक्षण,२०७६

### ३.२.५ विद्यालयमा समुहगत हातधुने व्यवस्था

सर्केगाड गाउँपालिका क्षेत्रका कुनै पनि विद्यालयमा समुहगत हातधुने सुविधा भएको पाईदैन भने १ वटा विद्यालयमा मात्र राष्ट्रिय मापदण्ड अनुसार ५० विद्यार्थीको अनुपातमा १ धाराको ब्यवस्था भएको पाइन्छ । विद्यालयमा फोहर पानीको सुरक्षित निकास तथा व्यवस्थापन कुनै पनि विद्यालयमा भएको पाइदैन ।

तालिका २० : विद्यालयमा समुहगत हातधुने व्यवस्था सम्बन्धी विवरण

| वडा न. | जम्मा विद्यालय संख्या | समुहगत हातधुने सुविधा भएका तथा प्रयोगमा आएका | राष्ट्रिय मापदण्ड अनुसार धारा विद्यार्थी अनुपात (१:५०) भएका | समुहगत हातधुने स्थानमा साबुन र पानीको नियमित व्यवस्था भएका | फोहर पानीको सुरक्षित निकास तथा व्यवस्थ( ापन भएको |
|---|---|---|---|---|---|
| १ | ७ | ० | ० | ० | २ |
| २ | २ | ० | ० | ० | २ |
| ३ | १ | ० | ० | ० | १ |
| ४ | २ | ० | ० | ० | २ |
| ५ | ५ | ० | ० | ० | ४ |
| ६ | ४ | ० | १ | ० | ३ |
| ७ | ६ | ० | ० | ० | ३ |
| ८ | २ | ० | ० | ० | ० |
| **जम्मा** | २९ | ० | १ | ० | १७ |

श्रोत : विद्यालय सर्बेक्षण,२०७६

### ३.२.६ वातावरणीय सरसफाइ

विद्यालयको वातावरणीय सरसफाइको अवस्थालाई हेर्ने हो भने ७ वटा विद्यालयमा ठोस फोहरलाई डस्टबिनमा संकलन गरि सुरक्षित विसर्जन गर्ने गरेको, १ वटा विद्यालयमा कुहिने र नकुहिने फोहोरको अलग अलग संकलन गरि सुरक्षित विसर्जन गर्ने गरेको,५ वटा विद्यालयमा फोहरको पुन: प्रयोग तथा पुन चक्रण पद्धती लागु गरिएको,५ वटा विद्यालयको परिसरमा फूल रोपी बगैचाको व्यवस्थापन गरिएको र ४ वटा विद्यालयको खाली जमिनमा बृक्षारोपण, बगैचा र करेसावारी बनाएको देखिन्छ । अन्य विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २१ : वातावरणिय सरसफाइ सम्बन्धी विवरण

| वडा न. | जम्मा विद्यालय संख्या | ठोस फोहरलाई डस्टबिनमा संकलन गरि सुरक्षित विसर्जन गर्ने | कुहिने र नकुहिनेको अलग अलग संकलन गरि सुरक्षित विसर्जन गर्ने | फोहरको पुन: प्रयोग तथा पुन चक्रण पद्धती लागु गरिएका | विद्यालय क्षेत्र खुला दिसा मुक्त रहेको | विद्यालय परिसर मा फूल रो पी बगैचाको व्यवस्थापन गरि एको | विद्यालयको खाली जमिनमा बृक्षारोपण, बगै चा र करेसावारी बनाईएको |
|---|---|---|---|---|---|---|---|
| १ | ७ | २ | १ | ० | २ | १ | ० |
| २ | २ | ० | ० | ० | २ | ० | १ |
| ३ | १ | १ | ० | ० | १ | १ | १ |
| ४ | २ | २ | ० | १ | २ | १ | १ |
| ५ | ५ | ० | ० | ० | ४ | १ | ० |
| ६ | ४ | १ | ० | १ | ४ | ० | ० |
| ७ | ६ | १ | ० | ३ | ५ | १ | १ |
| ८ | २ | ० | ० | ० | १ | ० | ० |
| **जम्मा** | २९ | ७ | १ | ५ | २१ | ५ | ४ |

श्रोत : विद्यालय सर्वेक्षण,२०७६

### ३.२.७ व्यवस्थापन तथा संस्थागत अवस्था

सर्केगाड गाउँपालिका अन्तर्गतका विद्यालयको व्यवस्थापन तथा संस्थागत अवस्थालाई विश्लेषण गर्दा कुल २९ वटा विद्यालय मध्ये १६ वटा विद्यालयमा मात्र बाल क्लब गठन भएको, १ वटा विद्यालयमा वास सम्पर्क शिक्षक तोकिएका १६ वटा विद्यालयमा वास समिति गठन भएको, १५ वटा विद्यालयले वास कार्य योजना बनाएर एस.आई.पि.मा समावेश गरी कार्यान्वयन गरेका, ७ वटा विद्यालयले वास सम्बन्धी अंक पद्धती लागु गरेका, २ वटा विद्यालयमा मर्मत संभार कोषको स्थापना भएको, २ वटा विद्यालयले विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा र जोखिम नक्सांकन गरेको पाइन्छ । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २२ : व्यवस्थापन तथा संस्थागत अवस्था सम्बन्धी विवरण

| वडा न. | जम्मा विद्यालय संख्या | बाल क्लब गठन भएका | वास सम्पर्क शिक्षक तोकिएको | वास समिति गठन भएको | वास कार्य योजना तथा कार्यान्वयन भएका | वास सम्बन्धी अंक पद्धती लागु गरिएको | मर्मत संभार कोषको स्थापना | वास कर्नर स्थापना गरिएको | विद्यालयको विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा | जोखिम नक्सांकन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | ३ | ० | ३ | १ | ० | ० | ० | ० | ० |
| २ | २ | २ | ० | २ | २ | ० | ० | ० | ० | ० |
| ३ | १ | १ | ० | १ | १ | ० | १ | ० | १ | १ |
| ४ | २ | २ | ० | २ | १ | १ | १ | ० | ० | ० |
| ५ | ५ | १ | ० | १ | ३ | १ | ० | ० | ० | ० |
| ६ | ४ | ३ | १ | ३ | ३ | २ | ० | ० | ० | ० |
| ७ | ६ | ४ | ० | ४ | ४ | ३ | ० | ० | १ | १ |
| ८ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २९ | १६ | १ | १६ | १५ | ७ | २ | ० | २ | २ |

श्रोत : विद्यालय सर्वेक्षण, २०७६

### ३.२.८ बाल विकास केन्द्र (कक्षा) मा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको अवस्था

सर्केगाड गाउँपालिका अन्तर्गत कुल १४ वटा बाल विकास केन्द्र रहेका र जसमध्ये समुदायमा आधारित बालविकास केन्द्र कुनै पनि नभएको र १४ वटै विद्यालयमा आधारित बाल विकास केन्द्र रहेका छन् । विद्यालयमा आधारित बाल विकास केन्द्र मध्ये १४ वटामा सुरक्षित खानेपानी सेवा पुगेको,१२ वटामा शौचालयको सुविधा भएको  र ५ वटा बाल विकास केन्द्रमा समुहमा हात धुने सुविधा रहेको छ । बाँकी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

## तालिका २३ : बाल विकास केन्द्रको खानेपानी, सरसफाइ तथा स्वच्छता विवरण


| सि.नं. | वडा न. | समुदायमा आधारित बा.वि.के. | | | | विद्यालयमा आधारित बा.वि.के. | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | सुरक्षित खाने पानी सेवा भएका | शौचालय | समुहमा हात धुने सुविधा | संख्या | सुरक्षित खाने पानी सेवा भएका | शौचालय | समुहमा हत धुने सुविधा |
| १ | १ | ० | ० | ० | ० | ३ | ० | ० | ० |
| २ | २ | ० | ० | ० | ० | ० | ० | १ | ० |
| ३ | ३ | ० | ० | ० | ० | ० | ५ | ५ | ३ |
| ४ | ४ | ० | ० | ० | ० | ० | २ | २ | २ |
| ५ | ५ | ० | ० | ० | ० | ५ | ३ | १ | ० |
| ६ | ६ | ० | ० | ० | ० | २ | २ | २ | ० |
| ७ | ७ | ० | ० | ० | ० | ४ | २ | १ | ० |
| ८ | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | ० | ० | ० | ० | १४ | १४ | १२ | ५ |

श्रोत : विद्यालय सर्वेक्षण, २०७६


## ३.३. स्वास्थ्य संस्थाहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था

### ३.३.१ स्वास्थ्य संस्थामा खानेपानीको अवस्था

सर्केगाड गाउँपालिका क्षेत्र भित्र भएका ९ वटा स्वास्थ्य संस्थाहरु मध्ये ३ वटा स्वास्थ्य संस्थामा नियमित खानेपानी सेवा उपलब्ध छ तथापि २ वटा स्वास्थ्य संस्थामा २४ सै घण्टा खानेपानी सेवा उपलब्ध छ भने बाँकी स्वास्थ्य संस्थामा निश्चित समयमा मात्र पानीको उपलब्धता हुन्छ। ३ वटा स्वास्थ्य संस्थामा सुरक्षित श्रोतको खानेपानी सेवा उपलब्ध छ र कुनै पनि स्वास्थ्य संस्थामा पानीको शुद्धिकरण गरिएको छैन । खानेपानी सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरु मध्ये कुनै पनि स्वास्थ्य संस्थाको खानेपानी गुणस्तर परिक्षण गरिएको देखिदैन भने १ वटा स्वास्थ्य संस्थामा खानेपानी भण्डारणको सुविधा रहेको छ ।




चित्र ३.११ स्वास्थ्य संस्थाको खानेपानीको अवस्था



तालिका २४ : स्वास्थ्य संस्थामा खानेपानीको अवस्थाको विवरण


| सिनं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं | नियमित खानेपानी सेवा उपलब्ध भएको | २४ सै घण्टा खाने पानीको उपलब्धता | सुरक्षित श्रोतको खानेपानी सेवा उपलब्ध भएको | पिउनका लागि शुद्धिकरण गरिएको | खाने पानीको गुणस्तर परिक्षण गरिएको | अपांगता भएको व्यक्तिहरुलाई खानेपानीको सुबिधा भएको | खाने पानी भण्डार सुबिधा भएको | खानेपानी नियमित सेवा नभए बैकल्पीक श्रोतको पहिचान भएको | अनुमानित दुरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जैर स्वास्थ चौकि, हुम्ला | स्वास्थ्य चौकी | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २ | तुम्च सामुदायिक स्वास्थ्य केन्द्र, हुम्ला | सामुदायिक स्वास्थ्य केन्द्र | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ३ | सर्केदेउ आयुर्वेदिक औषधालय | आयुर्वेदिक केन्द्र | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | रिप स्वास्थ चौकि, हुम्ला | स्वास्थ्य चौकी | २ | १ | १ | १ | १ | ० | १ | १ | १ | |
| ५ | सायाँ स्वास्थ्य चौकि, हुम्ला | स्वास्थ्य चौकी | ४ | १ | १ | १ | ० | ० | ० | ० | ० | |
| ६ | गोठी स्वास्थ्य चौकी, हुम्ला | स्वास्थ्य चौकी | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ७ | बराई स्वास्थ्य चौकी, हुम्ला | स्वास्थ्य चौकी | ६ | १ | ० | १ | १ | ० | ० | ० | ० | |
| ८ | रोडिकोट स्वास्थ चौकी, हुम्ला | स्वास्थ्य चौकी | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ९ | रहदेव स्वास्थ्य चौकी, हुम्ला | स्वास्थ्य चौकी | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | जम्मा | | | ३ | २ | ३ | २ | ० | १ | १ | १ | |

श्रोत : स्वास्थ्य संस्थाको वास सर्वेक्षण २०७६

### ३.३.२ स्वास्थ्य संस्थाको शौचालय र यसको सरसफाइको अवस्था

सर्केगाड गाउँपालिकाका ९ वटा स्वास्थ्य संस्था मध्ये ७ वटा स्वास्थ्य संस्थामा २९ वटा सुधारिएको शौचालय भए पनि २१ वटा शौचालय मात्र प्रयोगमा रहका छन् । जसमध्ये २ वटा स्वास्थ्य संस्थामा महिलाका लागि छुट्टै शौचालय र २ वटा स्वास्थ्य संस्थामा हात धुने स्थानको व्यबस्था छ भने अन्य बिशेष स्थानहरुमा हात धुनका लागि ह्याण्ड वाशिङ्ग स्टेशन नभएको देखिन्छ । २ वटा स्वास्थ्य संस्थामा युरिनलको व्यवस्था भएको पाइन्छ ।

चित्र ३.१२ स्वास्थ्य संस्थाको शौचालय र सरसफाइको अवस्था



## तालिका २५ स्वास्थ्य संस्थामा शौचालय र यसको सरसफाइको विवरण


| सि. नं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं | सुधारिएको शौचालय | | | शौचालय छ भने | | | | युरिनलको व्यवस्था भएको | | शौचालय प्रयोगकर्ता मैत्री भएको | | | शौचालयमा ह्यान्ड वाशिंग स्टेशन भएको | स्वास्थ्य संस्थाको विशेष स्थानहरुमा ह्यान्ड वाशिंग स्टेशन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छ | जम्मा संख्या | प्रयोगमा रहेको संख्या | महिलाका लागि शौचालय | बिरामीका लागि छुट्टै | स्टाफका लागि छुट्टै शौचालय | सर्वसाधारणका लागि छुट्टै शौचालय भएको | महिला | पुरुष | बालबालिका लागि | महिलाका लागि | अपांगता भएको | | |
| १ | जैर स्वास्थ चौकि, हुम्ला | स्वास्थ्य चौकी | १ | १ | २ | २ | ० | ० | १ | १ | ० | ० | १ | ० | १ | ० | |
| २ | तुम्च सामुदायिक स्वास्थ्य केन्द्र | सामुदायिक स्वास्थ्य केन्द्र | १ | १ | ३ | ३ | ० | १ | १ | १ | ० | ० | १ | ० | ० | ० | |
| ३ | सर्किदेउ आयुर्वेदिक औषधालय | आयुर्वेदिक केन्द्र | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | रिप स्वास्थ चौकि | स्वास्थ्य चौकी | २ | १ | ३ | ३ | १ | १ | १ | १ | ० | ० | १ | १ | १ | ० | |
| ५ | सायाँ स्वास्थ्य चौकि | स्वास्थ्य चौकी | ४ | १ | १ | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | |
| ६ | गोठी स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ५ | १ | ४ | ४ | ० | १ | २ | १ | ० | ० | ० | ० | ० | १ | |
| ७ | बराई स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ६ | १ | ९ | ९ | ० | ३ | ३ | ३ | ० | १ | १ | ० | १ | ० | |
| ८ | रोडिकोट स्वास्थ चौकी | स्वास्थ्य चौकी | ७ | १ | ७ | ० | १ | ३ | ३ | १ | ० | १ | १ | १ | ० | १ | |
| ९ | रहदेव स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | **जम्मा** | | | ७ | २९ | २२ | २ | ९ | ११ | ९ | ० | २ | ५ | २ | ३ | २ | |

श्रोत : NWASH, स्वास्थ्य संस्थाको वास सर्वेक्षण २०७६


### ३.३.३ स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन

गाउँपालिकाका ९ वटा स्वास्थ्य संस्था मध्ये ५ वटा स्वास्थ्य संस्थामा ठोस फोहोरको सुरक्षित संकलन गर्न ४ वटा लेवलिङ्ग सहितको बकेट र १ वटा लेवलिङ्ग नगरिएको बकेटको व्यवस्था गरिएको छ भने ७ वटा स्वास्थ्य संस्थामा ठोस फोहोरको सुरक्षित निर्मलिकरण गर्ने गरिएको छ । उक्त ७ वटै स्वास्थ्य संस्थाको ठोस फोहोरको जैविक प्रक्रियाबाट निर्मलिकरण गरी सुरक्षित रुपमा विसर्जन गर्ने गरेको पाईन्छ । ३ वटा स्वास्थ्य संस्थाको पून :प्रयोग गर्न मिल्ने औजारहरुको निर्मलिकरण तथा अटो क्लेभिंग Autoclave with prescribed equipment Steam sterilization under pressure बाट गर्ने गरेको,४ वटा स्वास्थ्य संस्थाको Chemical disinfection को माध्यमबाट र बाँकी २ वटा स्वास्थ्य संस्थाको Autoclave with local process को माध्यमबाट स्वास्थ्य संस्थामा औजारहरुको सफाइ गर्ने प्रक्रिया अपनाएको देखिन्छ । बाँकी विस्तृत विवरण तलको तालिका र स्तम्भ चित्रमा उल्लेख गरिएको छ ।

चित्र ३.१३ फोहोर व्यवस्थापनका लागि डस्टविनको अवस्था




चित्र ३.१४ निर्मलीकरण्क एवं औजारको सफाइ



## तालिका २६ स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापनको विवरण


| सि.नं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं | ठोस फोहोरको सुरक्षित संकलन गर्न बकेटहरुको लेवलिङ्ग सहित व्यवस्था गरिएको | ठोस फोहोरको सुरक्षित नि( र्मलिकरण गर्ने गरि एको | ठोस फोहोरको सुरक्षित रुपमा विसर्जन गर्ने गरेको | पुन :प्रयोग गर्न मिल्ने औजारहरुको निर्मलिकरण तथा अटो क्लेभिंग गर्ने गरेको |
|---|---|---|---|---|---|---|---|
| १ | जैर स्वास्थ चौकि, हुम्ला | स्वास्थ्य चौकी | १ | छ | गरिन्छ | जैविक प्रक्रिया बाट | Chemical disinfection |
| २ | तुम्च सामुदायिक स्वास्थ्य केन्द्र | सामुदायिक स्वास्थ्य केन्द्र | १ | छ | गरिन्छ | जैविक प्रक्रिया बाट | Autoclave with prescribed equipment ¬ Steam sterilization under pressure |
| ३ | सर्किदेउ आयुर्वेदिक औषधालय | आयुर्वेद केन्द्र | २ | छैन | गरिन्छ | जैविक प्रक्रिया बाट | Autoclave with local process |
| ४ | रिप स्वास्थ चौकि | स्वास्थ्य चौकी | २ | छ | गरिन्छ | जैविक प्रक्रिया बाट | Autoclave with prescribed equipment ¬ Steam sterilization under pressure |
| ५ | सायाँ स्वास्थ्य चौकि | स्वास्थ्य चौकी | ४ | छैन | गरिदैन | जैविक प्रक्रिया बाट | Autoclave with prescribed equipment ¬ Steam sterilization under pressure |
| ६ | गोठी स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ५ | छैन | गरिदैन | जैविक प्रक्रिया बाट | Chemical disinfection |
| ७ | बराई स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ६ | छ | गरिन्छ | जैविक प्रक्रिया बाट | Autoclave with local process |
| ८ | रोडिकोट स्वास्थ चौकी | स्वास्थ्य चौकी | ७ | छैन | गरिन्छ | जैविक प्रक्रिया बाट | Chemical disinfection |
| ९ | राहदेव स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ८ | छैन | गरिन्छ | जैविक प्रक्रिया बाट | Chemical disinfection |

श्रोत : NWASH, स्वास्थ्य संस्थाको वास सर्वेक्षण २०७६

## ३.३.४ प्रसुती केन्द्रहरुमा खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था

कुल ९ वटा स्वास्थ्य संस्था मध्ये ७ वटा स्वास्थ्य संस्थामा प्रसुती केन्द्रको सुविधा भएको पाइन्छ । ३ वटा प्रसुती केन्द्रमा सुरक्षित खानेपानी सुबिधा भएको, ६ वटा प्रसुती केन्द्रमा सुधारीएको शौचालय सुविधा भएको तथा कुनै पनि प्रसुती केन्द्रमा हातधुने सुविधा रप्लासान्टा पिटको व्यवस्था भएको पाइदैन ।

चित्र नं. ३.१० प्लेसान्टा पिटको अवस्था





तालिका २७ : प्रसुती केन्द्रहरुमा खानेपानी, सरसफाइ र स्वच्छता सुविधाको अवस्थाको विवरण

| वडा. न. | स्वास्थ्य संस्थाको नाम | बथिंगं सेंन्टर भएको | मासिक औसत डेलिभरी संख्या | सुरक्षित खाने पानी सुबिधा भएको | सुधारीएको शौचालय सुबिधा भएको | हातधुने सुविधा भएको | प्लासान्टा पिट भएको |
|---|---|---|---|---|---|---|---|
| १ | जैर स्वास्थ चौकि, हुम्ला | १ | २ | ० | १ | ० | ० |
| १ | तुम्च सामुदायिक स्वास्थ्य केन्द्र | १ | २ | १ | १ | ० | ० |
| २ | सर्किदेउ आयुर्वेदिक औ षधालय | ० | ० | ० | ० | ० | ० |
| २ | रिप स्वास्थ चौकि | १ | ३ | १ | ० | ० | ० |
| ४ | सायाँ स्वास्थ्य चौकि | १ | ० | ० | ० | ० | ० |
| ५ | गोठी स्वास्थ्य चौकी | १ | १ | ० | १ | ० | ० |
| ६ | बराई स्वास्थ्य चौकी | १ | ३ | ० | १ | ० | ० |
| ७ | रोडिकोट स्वास्थ चौकी | १ | १ | १ | १ | ० | ० |
| ८ | राहदेव स्वास्थ्य चौकी | ० | २ | ० | १ | ० | ० |
| जम्मा | | ७ | १४ | ३ | ६ | ० | ० |

श्रोत : NWASH, स्वास्थ्य संस्थाको वास सर्वेक्षण २०७६


## ३.४ सरसफाइ तथा स्वच्छताको अवस्था

### ३.४.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था




सर्केगाड गाउँपालिकाका २१७८ घरधुरी मध्ये खासस्व योजनाको तयारीका क्रममा ८ वटै वडाका २८२ घरपरिवारको नमुना घरपरिवार सर्वेक्षण गरिएको थियो। सो सर्वेक्षणलाई सामान्यिकरण गर्दा शौचालय भएका घरधुरी ७३.८ प्रतिशत,शौचालय नभएका घरधुरी २६.२ प्रतिशत र २०.९ प्रतिशत घरधुरीमा मात्र सुधारिएको शौचालय भएको देखिन्छ । त्यसै गरी हावा पास हुने खाल्डो भएका शौचालय ३६.९,कम्पोष्ट शौचालय १२.८ र अन्य प्रकारको शौचालय ३.२ प्रतिशत रहेको देखिन्छ।

चित्र ४.१ शौचालयको विवरण



### ३.४.२ सरसफाइ सेवाको स्तर

सर्केगाड गाउँपालिकामा सरसफाइ सेवाहरूको स्तर दिगो विकास लक्ष्य(एसडीजी) का परिभाषाहरू प्रयोग गरी मूल्याङ्कन गरिएको थियो । व्यवस्थित सरसफाइमा गोवर ग्यांस जडित र डबल पिट भएका शौचालयहरू पर्दछन् भने सेप्टिक टैंक भएका शौचालयहरूलाई आधारभूत सरसफाइ र कच्चि चर्पीहरूलाई नसुधारिएको सुविधामा राखिएको छ । गाउँपालिकाका ८ वटै वडामा सरसफाइ सेवाको स्तर सम्बन्धी नमूना घरधुरी सर्वेक्षण गर्ने  क्रममा कुनै पनि घरपरिवारमा सुधारिएको र आधारभूत स्तरको सरसफाइ सेवा नभएको,६६.३ प्रतिशत घरपरिवारमा सिमित सरसफाइ सेवा र बाँकी ३३.७ प्रतिशत घरपरिवारमा सरसफाइ सुविधा नै नभएको देखिन्छ । परिभाषाका लागि संगैको बक्स हेर्न सकिन्छ ।

**सुरक्षिरुपले व्यवस्थित सरसफाइ**

दिगो विकास लक्ष्यले सुरक्षित रूपले व्यवस्थित सरसफाइलाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पतिस्थानमै, वा सुरक्षित रुपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यबस्थापन गरिएको' रुपमा परिभाषित गरेको छ । नेपालको सन्दर्भमा यो सामान्यतया डबल (पिट शौचालयहरूमा मात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोस्ट हुदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रुपमानै फोहर निकालेर खालि गर्नं पर्दैन ।


सर्भे गर्दा प्रयोग गरिएका अन्य परिभाषाहरु निम्नानुसार छन्

- आधारभुत Basic : (पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको एकल सेप्टिक टैंक भएका शौचालयहरु)
- सिमित Limited :(पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको)
- नसुधारिएको Unimproved: कच्ची शौचालयहरु भएको
- खुल्ला दिशा: (शौचालय नभएको)

श्रोत: JMP, httpsM//washdata.org/monitoring/sanitation


श्रोत : NWASH, नमुना घरधुरी सर्वेक्षण २०७६

चित्र ४.१ शौचालयको विवरण



### ३.४.३ महिनावारी हुदा चर्पीको प्रयोग

चित्र नं. ४.३ महिनावारी हुंदा चर्पीको प्रयोग





सर्केगाड गाउँपालिकाका ८ वटै वडामा महिलाहरुले महिनावारी भएको बेलामा चर्पीको प्रयोग गर्छन् गर्दैनन् भनि गरिएको नमूना सर्बेक्षणमा ५७.४ प्रतिशत महिलाले चर्पीको प्रयोग गर्ने गरेको र १६.३ प्रतिशत महिलाहरुले महिनावारी भएको बेलामो चर्पिको प्रयोग गर्ने नगरेको पाइएको छ भने बाँकी २६.२ प्रतिशतले जवाफ नदिएको पाइयो जसलाई ग्राफबाट स्पष्ट पार्न खोजिएको छ ।

### ३.४.४ घरयासी शौचालय सरसफाइको अवस्था

छायाँनाथ रारा नगरपालिकाका करिब ७५.७१ प्रतिशत घरपरिवारमा शौचालयको सुविधा रहेको छ भने बाँकी २४.२९ प्रतिशत घरपरिवार खुला स्थानमा दिसा गरिरहेको तथ्याङ्कले देखाउदछ । निर्माण भएका शौचालय मध्ये करिब ७२.३० प्रतिशत शौचालय स्थायी प्रकृतिका र बाँकी अस्थायी प्रकृतिका छन् । शौचालयको बनोटलाई हेर्ने हो भने २५.४३ प्रतिशत घरधुरीका शौचालय सुधारिएका शौचालय र बाँकी शौचालय सामान्य प्रकृतिका छन् । करिब ३०.८३ प्रतिशत शौचालयबाट निस्कने पदार्थलाई सेप्टिक ट्यांकमा खसाल्ने ब्यबस्था गरिएको,६७.६७ प्रतिशत शौचालयलाई ढाकेको खाल्डोमा जोडिएको, १.२५ प्रतिशत शौचालय खुल्ला खाडलमा जडान गरिएको छ भने ०.२५ प्रतिशत शौचालयबाट निस्कने फोहोरलाई सिधै खोला वा खुल्ला ठाउँमा बिसर्जन गर्ने गरिएको छ ।

चित्र नं. ४.४ शौचालयबाट निस्कने पदार्थ जोडिएको स्थान





श्रोत : NWASH, नमुना घरधुरी सर्वेक्षण २०७६

### ३.४.५ घरायसी दिसाजन्य पदार्थ सरसफाइको अवस्था

यस सर्केगाड गाउँपालिकामा निर्मित शौचालय मध्ये १८.४ प्रतिशत शौचालयको मात्र खाडल भरिएको र बाँकी शौचालयको खाडल हालसम्म भरिएको छैन । २.५ प्रतिशत खाडल निर्माण गरेको २ बर्ष भित्र, ३.९ प्रतिशत खाडल २ देखि ४ बर्ष भित्र, ६.७ प्रतिशत खाडल ४ देखि ६ बर्ष भित्र र ५.३ प्रतिशत खाडल निर्माण भएको ६ बर्ष पछि भरिएको पाइएको छ । भरिएका खाडलहरु सफाइ गर्ने शिलशिलामा १७.७ प्रतिशतले आफै सफा गरेको, ठेक्कामा कसैले पनि खाडल सफाइ नगरेको र बाँकी ०.७ प्रतिशतले अन्य माध्यमद्धारा भरिएको चर्पिको खाडल सफा गरेको देखिन्छ ।

**चित्र नं. ४.५ घरायसी दिसाजन्य पदार्थ व्यवस्थापन**





### ३.४.६ घरायसी ठोस पदार्थको व्यवस्थापन

सर्केगाड गाउँपालिकाका ८ वटै वडामा ठोस फोहोरको व्यवस्थापन सम्बन्धी गरिएको नमूना सर्बेक्षण अनुसार घरबाट निस्केको फोहोरलाई करिब १२.१ प्रतिशत घरधुरीले कुहिने र नकुहिने गरी छुट्याउने गरेको र बाँकी ८७.९ प्रतिशत घरपरिवारले फोहोर छुट्टयाउने नगरेको पाइयो ।

सर्केगाड गाउँपालिकाका करिब ७४ प्रतिशत घरधुरीमा मात्र शौचालय निर्माण भइ प्रयोग हुदै आएका र उक्त निर्माण भएका शौचालय मध्ये ३१.७ प्रतिशत शौचालय अस्थाई प्रकृतिका र बाँकी ६८.३ प्रतिशत शौचालय स्थायी प्रकृतिका निर्माण भएको पाइयो । कुनै पनि घरमा वैज्ञानिक ढलनिकासको व्यवस्था नभएको तथा गाउँपालिकामा पनि फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइट तथा ढल निकासको प्रवन्ध नरहेको पाइयो ।


**चित्र नं. ४.६ घरायसी ठोस पदार्थको व्यवस्थापन सम्बन्धी विवरण**




श्रोत : NWASH, नमुना घरधुरी सर्वेक्षण २०७६

### ३.४.७ हातधुने स्थानको अवस्था

**चित्र नं. ४.७ हात धुने सरसफाइ सम्बन्धी बिबरण**




सर्केगाड गाउँपालिकामा शौचालय प्रयोग गर्ने घरधुरीमा हृत धुनका लागि स्थानको निर्माण र साबुन पानीको ब्यबस्था भए नभएको सम्बन्धी नमूना सर्बेक्षणमा करिब ७.७ प्रतिशत घरमा मात्र साबुन सहितको निश्चित हात धुने स्थान भएको र ९२.३ प्रतिशत घरधुरीमा साबुन पानी सहितको हात धुने निश्चित स्थानमा नभएको पाइयो ।

### ३.४.८ सार्वजनिक र सामुदायिक शौचालय

सर्केगाड गाउँपालिकाका महत्वपूर्ण सार्वजनिक क्षेत्रहरुमा हालसम्म सार्वजनिक शौचालय निर्माण नभएको पाइएको छ । गाउँपालिकाका महत्वपूर्ण स्थानहरु जस्तै सर्केगाड बजार,लिप्ने,दुल्ली,जैर जस्ता बजारोन्मुख अन्य क्षेत्रहरुमा सार्वजनिक शौचालयहरु निर्माणका लागि आवश्यक पहल भएको देखिन्छ ।

## ३.५ विपद् जोखिम तथा जलवायु परिवर्तन असर

### ३.५.१ विपद्को ऐतिहासिक समयरेखा

सर्केगाड गाउँपालिकाको वडा र गाउँपालिकास्तरमा भएको खासस्व योजना तयारीका लागि संकलित तथ्याङ्कहरुको वैधीकरण गोष्ठीमा सहभागितात्मक अवधारणा अनुरुप जोखिम क्षमता विश्लेषण (Vulnerability Capacity Assesment) गरिएको थियो । सो विश्लेषणको आधारमा प्रमुख जोखिमको रुपमा भुकम्प, बाढीपहिरो, हावाहुरी, आगलागी, असिना, खडेरी, हिमपात,महामारी र असिना आएका थिए । खानेपानी, सरसफाइ र स्वच्छताका क्षेत्र लगायत अन्य क्षेत्रमा बि.सं. २०५६ सालदेखि हालसम्ममा त्यस्ता विपद्हरूले गम्भीर असर पार्दै आएका छन् । यससम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २८ विभिन्न समयमा विपद्बाट भएको क्षति

| प्रकोपको प्रकार | वर्ष | स्थान | भएको क्षति |
|---|---|---|---|
| आगलागी | २०५६ | धनदुला | १ को मृत्यु, १ घर पूर्ण क्षति । |
| | २०६९ | गैरिसायाँ | २ जना घाइते भएको । |
| | २०५५ | दुल्ली | २ जना घाइते भएको । |
| | २०६८ | दुल्ली | १ घर पूर्ण रुपले नष्ट, ६ वटा गाई गोरु मरेको, अन्नबाली सबै नष्ट भएको । |
| | २०७० | दुल्ली | सिचाई पाइप लाइन जलेर नष्ट भएको । |
| | २०६१ | सामुदायिक बन | बोट बिरुवाको क्षति । |
| | २०६३ | सामुदायिक बन | बोट बिरुवाको क्षति । |
| | २०६१ | रडगिर्यत २ | २ घर पूर्ण क्षति, लत्ता कपडा, भाडा, अन्न बालि जलेर नष्ट । |
| | २०६३ | रिप १ | ४ घर पूर्ण क्षति, १४ गाई गोरु मरेको, २२ क्युनटल अनाज नष्ट । |
| | २०७५ | रोडीकोट, कार्किबाड़ा | १६ घरधुरी जलेर पुरै नस्ट करोडौको धनमाल अन्नपातको क्षति |

| प्रकोपको प्रकार | वर्ष | स्थान | भएको क्षति |
|---|---|---|---|
| पहिरो | २०५७ | माथि मुण्डि | ७ घर पुरिएको । |
| | २०४३ | गौरिसायाँ | ५ हल खेत नष्ट, २० मिटर हिड्ने बाटो भत्काएको । |
| | २०५२ | गौरिसायाँ | ३ मिटर सिचाई पाइप बगाएको । |
| | २०६३ | गौरिसायाँ | १ विद्यालय भत्काएको, १२ मिटर हिड्ने बाटो भत्काएको । |
| | २०४५ | दुल्ली | ३ हल खेत नष्ट, २० मिटर हिड्ने बाटो भत्काएको । |
| | २०४९ | दुल्ली | ९ मिटर सिचाई पाइप बगाएको । |
| | २०५५ | दुल्ली | १ विध्यालय भत्काएको, १२ मिटर हिड्ने बाटो भत्काएको । |
| | २०६३ | दुल्ली | ४ हल खेत नष्ट, खानेपानी ट्याङकि र पाइप भत्काएको । |
| | २०५३ | खाँडा लेक | ३ घट्ट, २५ रोपनी खेती योग्य जमिन, २ वटा काठे पुल बगाएको । |
| | २०५५ | गुसा ५,६,७ र८ | २ घर, ३० रोपनी खेती योग्य जमिन, ७ वटा घट्ट बगाएको । |
| | २०६२ | उनापानी | ३ घर, ४ घट्ट, २ काठे पुल, ३५ रोपनी खेती योग्य जमिन बगाएको |
| | २०७० | उनापानी | १२ घरमा क्षति, २ काठे पुल भत्किएको । |
| | २०७३ | गुसा | ५ वटा घर भत्किएको, १६० रोपनी खेती योग्य जमिन बगाएको । |
| | २०५६ | लेख ४ | १० घर, ८० रोपनी खेत, लत्ता कपडा, भाडा, अन्न बालि बगाएको |
| | २०६५ | लेख ४ | ४ घट्ट, २४ रोपनी जग्गा बगाएको । |
| | २०६८ | लेख ४ | २२ रोपनी खेती योग्य जमिन बगाएको । |
| | २०७१ | लेख ४ | ३० रोपनी खेती योग्य जमिन बगाएको । |
| बाढी | २०६५ | भित्त खोला | ३० रोपनीमा लगाएको बाली पुरिएर नष्ट भएको । |
| | २०६८ | पाटा खोला | १५ रोपनीमा लगाएको बाली पुरिएको । |
| | २०७३ | नागड खोला | |
| | २०५३ | खाँडा लेक | घट्ट, खेती योग्य जमिन, २ वटा काठे पुल बगाएको । |
| | २०५५ | गुसा | २ घर डुवानमा परेको । |
| महामारी | २०५५ | मुण्डि | ५ को मृत्यु, १६ जना विरामी । |
| | २०४९ | लेख ४ | ५ को मृत्यु । |
| | २०७२ | लेख ४ | २० जना अस्पताल भर्ना । |
| | २०४७ | रिप २ | १ को मृत्यु । |

| प्रकोपको प्रकार | वर्ष | स्थान | भएको क्षति |
|---|---|---|---|
| ढुङ्गा खस्ने | २०६४ | खोला | ४ जना घाईते । |
| | २०६४ | खोला | ४ जना घाईते । |
| | २०५८ | भलाने ३ | १ को मृत्यु । |
| | २०६४ | मेल्गैरा ३ | १ जना घाईते । |
| हावाहुरी | २०५९ | धनदुला | २ घरमा क्षति भएको । |
| | २०४५ | खलुवा | २ को मृत्यु, १ जना घाइते । |
| | २०६८ | सइना गाँउ | १ को मृत्यु, ३ जना घाइते । |
| | २०६८ | गुसा लेक | १० वटा भेडा र १३ गाई गोरु मरेको । |
| हिमपात | २०५० | गुसा लेक | २ को मृत्यु । |
| | २०६० | गुसा | १ जना धाइते, १ झुमा मरेको । |
| असिना | २०६४ | मुण्डि | ८ रोपनीमा लगाएको बाली नष्ट । |

श्रोत : गाउँपालिकाका जानकार व्यक्तिहरुसंगको छलफल, २०७७

उपरोक्त तालिकालाई विश्लेषण गर्दा जनसंख्या बृद्धि,बस्ति विस्तारका कारण बाढी, पहिरो र आगलागीका घटनाहरु बर्षेनी घटेर ठूलो मात्रामा धनजनको क्षति पुऱ्याएको देखिन्छ भने महामारी सम्बन्धी घटनाहरु विगतका बर्षहरुमा नियमित जस्तो घट्दै आएपनि गाउँपालिका अन्तर्गतका साविकका गाविसहरु खुला दिशामुक्त हुनु र यहाँका बासिन्दाहरुको सफा र सुरक्षित खानेपानीमा पहुँच बृद्धि हुनु एक प्रमुख कारकको रुपमा लिइन्छ । तसर्थ गाउँपालिकाले विपद् सम्बन्धी पूर्वतयारी र विपद् व्यवस्थापनको क्षेत्रमा ध्यान केन्द्रित गर्नका लागि विपद् जोखिम पाश्र्व चित्र तयार गरी कार्यान्वयन गर्ने क्रममा रहेको छ ।

### ३.५.२. वडागत रुपमा बाढी पहिरोको उच्च जोखिम रहेका स्थानहरु

| वडा न. | बाढी पहिरोको जोखिम क्षेत्र | वडा नं. | बाढी पहिरोको जोखिम क्षेत्र |
|---|---|---|---|
| १ | तुम्च, बाहुनबाडा, छत्यालबाडा, बालुकुना, माझ गाउँ, भिटा गाउँ, छिडि र नात्ता | ५ | गोठीगाउँ |
| २ | गुसाँ,लेख रिप | ६ | बराई, छ्याँगी, ग्युसी, औल बराई |
| ३ | औल उनापानी,स्विना | ७ | ठुलागाउँको दलितबाडा |
| ४ | गैह्री सायाँ, दुल्ली, मुंण्डी र सर्केगाड , डाँडा साँया | ८ | फुचा |

श्रोत : गाउँपालिकाका जानकार व्यक्तिहरुसंगको छलफल, २०७७

### ३.५.३. प्रकोप पात्रो

| प्रकोप | ३० वर्ष | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| वाढी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असीनापानी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| महामारी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हावाहुरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चट्याङ | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिमपात | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

श्रोत : गाउँपालिकाका जानकार ब्यक्तिहरुसंगको छलफल,२०७७

यस गाउँपालिका क्षेत्रमा विपद्,भूकम्प, बाढीपहिरो आउँदा मानव वस्तीमा उद्दार कार्य गर्न र मानिसहरूलाई सुरक्षित स्थानमा सार्नका लागि खुला क्षेत्र नभएको पाइएको छ । समग्र जिल्लामा जस्तै यस गाउँपालिका क्षेत्रमा पनि जलवायु परिवर्तनको असरहरू देखिन थालेको बताइन्छ । प्रमुख रुपमा खानेपानीको प्रमुख श्रोतको रुपमा रहेको भुमिगत श्रोतको पानीको सतह घटेको,अतिबृष्टि र अनाबृष्टिको कारणले बाढिका साथै खडेरी जस्ता समस्याहरू क्रमश बढेका छन् । जलवायु अनुकूलनका लागि योजनाबद्ध तवरबाट कुनै पनि कार्यक्रमको शुरुवात भएको  छैन ।

## ३.६ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता

सर्केगाड गाउँपालिका क्षेत्रका जनतामा खानेपानी, सरसफाइ र स्वच्छताका सम्वन्धमा बढेको चासो स्थानीय सरकारको स्थापना पश्चात चासोसंगै अपेक्षा पनि झनै बढेको छ । अब

साना साना लगानी र जनपरिचालनको लागि खासै समस्या नरहेकोले समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता अभियानलाई परिमाणमुखी बनाउन गाउँपालिकाका जनता जागरुक एवं तत्पर देखिन्छन् ।

## ३.७. खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा भए गरेका राम्रा प्रयासहरु, देखिएका समस्या/चुनौती, सम्भावना तथा अवसरहरु

### ३.७.१. खानेपानी,सरसफाइ र स्वच्छता क्षेत्रमा भए गरेका राम्रा प्रयासहरु

१. सर्केगाड गाउँपालिकामा एक घर एक धाराको अवधारणा पूर्ण रुपमा कार्यान्वयन नभए पनि आगामी दिनहरुमा निर्माण हुने नयाँ खानेपानी आयोजनाहंरुमा अनिवार्य रुपमा एक घर एक धाराको नीति अवलम्वन गरिएको छ । साथै गाउँपालिका र विभिन्न दातृ निकायको सहयोगमा गाउँपालिका क्षेत्रमा खानेपानी, सरसफाइ र स्वच्छता समन्वय समितिहरु गठन भइ क्रियाशिल रहेका छन् । नयाँ निर्माण गरिने खानेपानी आयोजनाहरुमा अनिवार्यरुपमा एक घर एक धारा निर्माण भइरहेका छन् जसको फलस्वरुप हाल एक घर एक धारामा पहुँच भएका घरधुरीको संख्या करिव २.०७ प्रतिशत रहेको छ ।

२. ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको सहयोगमा यस गाउँपालिकामा हाल संचालनमा रहेका खानेपानी योजनाहरुको सुचारुपना तथा खानेपानी गुणस्तर सुधारका लागि खानेपानी सुरक्षा योजना लागु गरिएको छ । उक्त कार्यमा गाउँपालिका र एस.आई.डिसि. हुम्लाको सहयोग एवं सहकार्य रहेको छ ।

३. खानेपानी आयोजना तथा विद्यालयहरुको खानेपानीको गुणस्तर परिक्षण गरिनुका साथै आवश्यक मात्रामा क्लोरिनेसन गर्ने कार्य भइरहेको  छ ।

४. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा तारा पद्धतीको थालनी भएको र विद्यालयहरुको क्षमता विकास, खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको सुधार तथा नियमित मुल्याङ्कन गर्ने पद्धति लागु गरिएको छ ।

५. स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी मापदण्ड, २०७५ को मर्मअनुसार स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गरिएको छ ।

६. गाउँपालिका क्षेत्रका विभिन्न महत्वपूर्ण स्थानमा सार्वजनिक शौचालयहरुको निर्माणका लागि पहल भइ रहेको छ ।

७. समुदायस्तरको सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा वडास्तरबाट नियमित रुपमा सरसफाइ सम्बन्धी अभियानहरु संचालन हुदै आएका छन् ।

### ३.७.२. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा देखिएका समस्या, चुनौती, सम्भावनाहरु

सर्केगाड गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमाको क्रममा

वडा तथा पालिकास्तरीय छलफलका आधारमा देखिएका मुख्य समस्या, चुनौती र सम्भावनाहरु यस प्रकार रहेका छन् ।

तालिका २९ खासस्व क्षेत्रमा देखिएका समस्या/चुनौती, सम्भावना तथा अवसरहरु,

| १. गाउँपालिका/वडा स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संस्थागत तथा क्षमता विकास | |
|---|---|
| समस्या तथा चुनौतीहरु | सम्भावना तथा अवसरहरु |
| • खुला दिसामुक्त घोषणा पश्चात् वडा तथा गाउँपालिकास्तरीय समन्वय समितिहरु निस्कृय हुनु ।<br>• खानेपानी तथा सरसफाइ क्षेत्रको एकीकृत कार्य योजना निर्माण,कार्यान्वयन र संयुक्त अनुगमन हुन नसक्नु ।<br>• समन्वय समितिहरुको क्षमता विकास तथा प्रभावकारी परिचालन हुनु नसक्नु । | • सबै तहहरुमा निर्वाचित जनप्रतिनिधिहरुको उपस्थिति तथा स्थानीय स्तरमा बजेटको तर्जुमा हुने गरेको ।<br>• गाउँपालिका/वडास्तरमा सवै सरोकारवालाहरु खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सकारात्मक तथा प्रतिबद्ध रहेका ।<br>• समन्वय समितिहरुको क्षमता विकास गैर सरकारी संस्थाहरुको प्राथमिकतामा पर्नु |
| २. संस्थागत खानेपानी तथा सरसफाइ प्रवर्द्धन<br>क. शैक्षिक संस्थाहरु | |
| • विद्यालयहरुको खानेपानी तथा सरसफाइ सुविधाहरुको कमजोर व्यवस्थापन रहनु,<br>• सबै विद्यालयहरुमा बाल, लैगिंक तथा अपांगतामैत्री सरसफाइ सुविधाहरु नहुनु ।<br>• विद्यालयहरुमा जोखीमपूर्ण अवस्थामा साबुन पानीले हातधुने व्यवस्था तथा आनीबानीमा परिवर्तनको विकास नभएको, | • स्थानीय तहबाट विद्यालयको खानेपानी तथा सरसफाइ प्रवर्द्धनमा बजेट विनियोजन हुने गरेको ।<br>• विद्यालय वास सम्बन्धी स्वीकृत कार्यविधि तथा तारे पद्धतिको कार्यान्वयन हुदै आएको ।<br>• विद्यालय तहमा व्यवस्थापन समिति, विद्यालय वास समिति, र बालक्लव गठन भएका ।<br>• खानेपानी तथा सरसफाइ सम्बन्धी बिषय बस्तुहरु विद्यालयको पाठ्यक्रममा समाविष्ट भएको । |
| ख. स्वास्थ्य संस्थाहरु | |
| • स्वास्थ्य संस्थाहरुमा खानेपानी तथा सरसफाइ सम्बन्धी सुविधाहरुको पूर्ण व्यवस्था नहुनु तथा भएकोमा पनि उचित व्यवस्थापन नहुनु,<br>• सरसफाइ प्रवर्द्धन तथा व्यवस्थापनमा जनस्तरबाट खासै चासो तथा अपनत्वभाव नहुनु, अरुलाई जिम्मेवार मान्ने प्रवृति रहनु । | • स्थानीय तहबाट स्वास्थ्य संस्थाको खानेपानी तथा सरसफाइ प्रवर्द्धनमा बजेट विनियोजन हुने गरेको ।<br>• स्वास्थ्य संस्थाको वास सम्बन्धी स्वीकृत कार्यविधि जारी भएको ।<br>• व्यवस्थापन समितिहरुमा जनप्रतिनिधिहरुको प्रतिनिधित्व रहेकोले श्रोतको व्यवस्थापनमा सहजता भएको । |
| ३. व्यक्तिगत, घरायसी, वातावरणीय सरसफाइ तथा स्वच्छता | |

| | |
|---|---|
| • समुदायमा सरसफाइ तथा स्वच्छता सम्बन्धी न्युन चेतनास्तर रहनु ।<br>• शौचालयहरुको कमजोर व्यवस्थापन तथा व्यक्तिगत सरसफाइ (जोखिमपूर्ण समयमा हातधुने) बानीको विकास नहुनु ।<br>• घरायसी ठोस तथा तरल फोहोरको उचित व्यवस्थापन नहुनु । | • खुला दिसामुक्त क्षेत्र घोषणा भएको तथा वडास्तरबाट पूर्ण सरसफाइ सम्बन्धी अभियान संचालन भइरहेको ।<br>• स्थानीय संचार माध्यमहरुबाट सरसफाइ सम्बन्धी सन्देशमूलक सूचनाहरु सम्प्रेषण हुदै आएको ।<br>• गैर सरकारी संघ संस्थाहरुसंगको समन्वयमा पूर्ण सरसफाइ अभियान संचालन भइरहेको । |
| **४. सुरक्षित खानेपानीमा पहुँच बृद्धि, आयोजनाहरुको दिगोपना, तथा सुरक्षा योजना** | |
| • पानीको स्रोत सुक्दै जानु तथा श्रोतको संरक्षण नहुनु,<br>• सम्पन्न आयोजनाहरुमा पानीको कमी तथा कमजोर व्यवस्थापन हुनु,<br>• आयोजना निर्माण सम्पन्न पश्चात् खानेपानी उपभोक्ता समिति सक्रिय नहुनु<br>• प्राकृतिक प्रकोपका कारण खानेपानी आयोजना क्षतीग्रस्त हुनु<br>• खानेपानीको नियमित रुपमा गुणस्तर परीक्षण नहुनु । | • खानेपानी आयोजना निर्माण तथा मर्मत सुधारमा स्थानीय तहमा विभिन्न निकायहरु लगायत वाह्य दातृ निकायहरुको सहयोगमा धेरै संघसंस्थाहरु कार्यरत रहेका ।<br>• खानेपानी सुरक्षा योजना, सुचारुपनामा सुधार तथा एक घर एक धारा अभियान लागु भएको । |
| **५. बजार क्षेत्र तथा सार्वजनिक स्थलहरुमा सरसफाइ प्रवर्द्धन र सरसफाइ बजारीकरण** | |
| • अव्यवस्थित वस्ती तथा फोहोर व्यवस्थापनमा चासो नरहेको,<br>• गाउँपालिकाका मुख्य बजार क्षेत्र स्थित सार्वजनिक शौचालयहरु नहनु । | • टोल सुधार समिति गठन तथा सुधार कार्य संचालन भइरहेको,<br>• मसिक रुपमा ठोस फोहरहरुको संकलन तथा व्यवस्थापन गर्ने गरेको । |
| **६. जलवायू परिवर्तन तथा जोखीम न्यूनीकरण** | |
| • भूक्षय तथा पहिरोका कारण गाउँपालिकाका प्राय सबै क्षेत्र प्रभावित हुने गरेका र अधिकांश खानेपानी आयोजनाहरु प्रभावित हुने गरेको,<br>• जलवायु परिवर्तनका कारण हुने भू-क्षय, पहिरो, बाढी, किराको प्रकोप र खडेरी आदिका कारण पानीका मुहानहरु सुक्ने समस्या देखिएको | • प्रकोप संभावित क्षेत्रहरुको नक्शांकन तथा व्यवस्थापन योजना निर्माण भएको,<br>• जलवायु परिवर्तनको कारण हुने जोखीम न्यूनीकरण कार्यक्रमका लागि वजेट तथा कार्यक्रम भएको, |

## अध्याय ४

# राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, योजना तथा लक्ष्यहरुसंगको तादम्यता

सर्केगाड गाउँपालिकाको खासस्व योजना तर्जुमा गर्ने सन्दर्भमा नेपाल सरकारले खानेपानी तथा सरसफाइको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धताहरु जस्तै नेपालको संविधान, २०७२ को धारा ३० को मौलिक हक अन्तर्गत गरेको व्यवस्था, दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले गरेका प्रतिवद्धता, खानेपानी तथा सरसफाइ क्षेत्रको क्षेत्रगत विकास योजना, १५ औं पञ्चवर्षिय योजनाको आधार पत्र, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पूर्ण सरसफाइ मार्गदर्शन, विद्यालय एवं स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि तथा मापदण्डले मार्गदर्शन गरेका मुख्य मुख्य बिषयहरुलाई पनि यस खासस्व योजनामा प्राथमिकताका साथ समाविष्ट गरी कार्यान्वयन गर्न लागिएको छ ।

| मुख्य नीति तथा योजना | खानेपानी तथा सरसफाइ सम्बन्धी प्रावधान |
|---|---|
| दिगो विकास लक्ष्य २०१६–२०३० | • ३.९.२ असुरक्षीत खानेपानी, सरसफाइ तथा स्वच्छताले हुने मृत्युदर घटाउने<br>• ४.क. विद्यालयमा बाल, लैगिंक तथा अपागंमैत्री सुरक्षित संरचना निर्माण गरी सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सुनिश्चित हुने |
| | • ६.१.सन् २०३० सम्ममा सबैको सबैको लागि समतामूलक रूपमा सुरक्षित खानेपानी पुऱ्याउने<br>• ६.२. सन् २०३० सम्ममा सबैका लागि प्रयाप्त सरसफाइ र स्वच्छतामा समता मुलक पहुँच हासिल गर्ने र खुला दिसा गर्ने अभ्यासको अन्त्य गर्ने |
| नेपालको संविधान, २०७२ | • नेपालको संविधान,२०७२ को धारा ३० स्वच्छ वातावरणको हक अन्तर्गत उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ<br>• धारा ३५ स्वास्थ्य सम्बन्धी हक अन्तर्गत उपधारा (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ<br>• धारा ४४ उपभोक्ताको हक अन्तर्गत उपधारा (१) मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने कानुनी प्रावधान छ । |

| | |
|---|---|
| खानेपानी तथा सरसफाइ क्षेत्रगत विकास योजना (२०७३-२०८७) | • क्षेत्रगत सुशासन र प्रभावकारितामा सुधारका माध्यमबाट "वास" सेवाहरूलाई सबैको पहुँचमा पुऱ्याईंदै सेवाको स्तरमा सुधार ल्याउने ।<br>• विद्यमान क्षेत्रगत मुद्दाहरू एवम् भविष्यमा बिकसित हुन सक्ने परिदृष्यहरूको सम्बोधन गर्ने ।<br>• यस क्षेत्रको प्रभावकारी कार्यक्रम निर्माण एवम् सुसङ्गत र सामञ्जस्सीय ढङ्गले कार्यान्वयन गर्नाका लागि क्षेत्रगत प्राथमिकता र रणनीति स्पष्ट गर्दै क्रमश : क्षेत्रगत एकत्रीकरण गर्ने ।<br>• राष्ट्रिय प्राथमिकताहरू, रणनीतिहरू, मानकस्तरहरू एवम् कार्यविधिहरूका तह सम्पूर्ण सरोकारवालाहरूलाई प्रभावकारी "वास" सेवा प्रवाहको कार्यक्रम निर्माण एवम् व्यवस्थापनका लागि मार्गनिर्देशन तथा अभिप्रेरित गर्ने ।<br>• सबै नेपाली नागरिकहरूसम्म सुचारु र दिगो "वास" सेवाहरूको पहुँचको सुनिश्चितता गर्न यस क्षेत्र विकास योजनासंग तादात्म्य हुने गरी सक्षमकारी नीति, कानुनी एवम् नियमनकारी खाका, सेवा प्रवाहको लागि स्पष्ट संस्थागत संयन्त्र, वित्तीय प्रबन्धहरू, क्षमता अभिवृद्धि, परिष्कृत समन्वय र कार्यसम्पादन अनुगमन पद्धति लागू गर्नु । |
| १५ औं पन्चवर्षिय योजना | • खानेपानी र सरसफाइ सेवाको पर्याप्त, सुरक्षित र सर्वसुलभ रूपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु ।<br>• सबै नागरिकलाई आधारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल मूत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गराउनु ।<br>• जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु ।<br>• खानेपानी तथा सरसफाइको दिगो सेवा प्रवाहमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिबृद्धि गर्नु । |

| | |
|---|---|
| स्थानीय सरकार संचालन ऐन,२०७४ | स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) झ<br>(१) मा आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जँमा, कार्यान्वयन तथा नियमन,<br>(२) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,<br>(३) सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन स्थानीय सरकारले गर्ने प्रावधान छ<br><br>उपदफा (२) ध.खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा<br>(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वन र नियमन,<br>(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन स्थानीय तहले गर्ने व्यबस्था छ ।<br><br>ऐनको दफा ११ को उपदफा ४ ग.२ मा खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन गाउँपालिका तथा नगरपालिकाद्धारा गर्ने व्यबस्था छ ।<br><br>ऐनको परिच्छेद ६ को दफा २४,योजना बनाई कार्यान्वयन गर्ने : मा बुदा नं (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नं प्रावधान छ ।<br><br>ऐनको दफा २५को दफा (२) को उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्नेछ ।<br><br>त्यसै गरी ऐनको दफा २६ को (घ) फोहोरमैला बिसर्जनस्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा गर्न सकिने व्यबस्था छ ।<br><br>ऐनको परिच्छेद (९): गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्रको दफा ६२ को उपदफा (२) गाउँपालिका तथा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछ । |

| | |
|---|---|
| पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ | पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ ले सन् २०३० सम्म सबैको लागि र सधैको लागि पूर्ण सरसफाइको अवस्था हासिल गर्नेतर्फ उन्मुख हुने लक्ष्य लिएको छ। उक्त लक्ष्यलाई ३ चरणमा विभाजन गरी कार्यान्वयन हुदै आइरहेको छ।<br><br>तह १ : सन् २०२२ सम्म १५ प्रतिशत गाउपालिका र १० प्रतिशत न.पा.<br>तह २: सन् २०२७ सम्म ५० प्रतिशत गाउपालिका र ४० प्रतिशत न.पा.<br>तह ३: सन् २०३० सम्म १०० प्रतिशत गाउपालिका र १०० प्रतिशत न.पा.<br><br>पूर्ण सरसफाइको उद्धेश्य भनेको :<br>• खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने ।<br>• सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्ने ।<br>• घरायसी तथा संस्थागत तहमा सरसफाइ र स्वच्छताका सुविधाको समुचित प्रयोग, मर्मत सम्भार तथा स्तरोन्नती गर्ने ।<br>• सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा सस्थागत तहमा पानी शुद्धीकरणको प्रवर्द्धन समेत गर्ने ।<br>• फोहोरमैला तथा मानव मलमूत्रीय फोहोरको सम्भव भएसम्म पून:प्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने ।<br>• पोखरी तथा साना जलाशय र खोला खोल्सीहरुको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने ।<br><br>पूर्ण सरसफाइका दुई चरण : सफा र स्वच्छ चरण, पूर्ण सरसफाइ उन्मुख चरणमा विभाजन गरी कार्यान्वयन गर्ने र सम्पूर्ण चरणहरु पश्चात् पूर्ण सरसफाइयुक्त गाउँ, बस्ती, टोल र समुदाय घोषणा गर्ने व्यवस्था यस मार्गदर्शनमा उल्लेख छ। |
| विद्यालय खानेपानी तथा सरसफाइ कार्यविधि, २०७४ | विद्यालय खानेपानी तथा सरसफाइ कार्यविधि,२०७४ को लक्ष्य :<br><br>विद्यालयमा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सिर्जना गर्ने रहेको छ<br><br>कार्यविधिको उद्देश्यहरु विद्यालयमा सबै बालबालिकाहरुका लागि अनुकूल हुने गरी खानेपानी, सरसफाइ तथा स्वच्छताका सूचकएवम् मापदण्ड तयार गर्ने,तयार गरिएको मापदण्ड कार्यान्वयनका लागि विधि, प्रक्रिया र पध्दतिका विषयमा सहजीकरण गर्ने र विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत साधनको उपयोगमा विभिन्न निकायहरुको भूमिका पहिचान एवम् समन्वयका लागि सहजीकरण गर्ने रहेको छ।<br><br>यस कार्यविधिले विद्यालय स्वमुल्याङ्कनको मापदण्ड जस्तै सबै विद्यालयहरुमा पानी, शौचालय, वातावरणीय सरसफाइ, हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, संस्थागत व्यवस्था र दिगोपना, विपद् जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहिताका आधार तय गरी यसै मापदण्डका आधारमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका अवस्थालाई मूल्याङ्कन गरेर वर्गीकरण गर्न तारा पद्धतिलाई आधार मानिएको छ। |

| | |
|---|---|
| स्वास्थ्य संस्थामा खाने पानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी मापदण्ड,२०७५ | १. ठुला स्वास्थ्य संस्थाहरु, मझौला स्वास्थ्य संस्थाहरु, साना स्वास्थ्य संस्थाहरु, विस्तारित सेवा,घुम्ती शिविर स्वास्थ्य संस्थाको तह र स्वास्थ्य संस्थाको बर्गिकरण ।<br><br>२. वितरण गरिने पानीको गुणस्तर : पिउने पानी, हात धुने पानी र मेडिकल प्रयोजनको लागि मध्यम स्तरको पानीको प्रगोग गर्ने र विशेष परिस्थितीको लागि उच्च स्तरको पानीको प्रयोग र पिउने पानीको गुणस्तर भन्दा कम स्तरको पानीलाई सफा गर्ने, लन्ड्री र सरसफाइको लागि मात्र प्रयोग गर्ने ।<br><br>३. स्वास्थ्य संस्थाहरुका लागि सरसफाइको मापदण्ड<br>कम्पाउन्डमा, अन्तरंग विभाग (आईपिडी), ओपिडी (प्रत्येक विभाग/ब्लक), प्रतिक्षा गर्ने स्थान, परामर्श कक्ष, लन्ड्री कोठा, युएसजी कोठा, शल्यक्रिया कोठा, प्याथोलोजि ब्लक, प्रसूति कोठा/उत्तर प्रसूति कक्ष, प्रसूति कक्ष, लास घर, प्रयोगशाला, लन्ड्री सेवा, प्रत्येक विभागमा Janitor's Closet, सबै सेवादिने स्थानमा हात धुने बेसिनमा सेवाग्राही एवं कर्मचारीको लागि मुत्रालय र शौचालयको मापदण्डको साथै हात धुने बेसिनको संख्या तोकिएको ।<br><br>**४. स्वास्थ्य संस्थाको लागि स्वच्छता मापदण्ड जस्तै** शौचालय/नुहाउने सुविधा, हातको सरसफाइ, लन्ड्री सरसफाइ, व्यक्तिगत सरसफाइ तथा व्यक्तिगत सुरक्षा सामग्री (सेवा प्रदायक), महिनावारी भएको अवस्थाको सरसफाइ व्यवस्थापन, खानेकुराको स्वच्छता (अवलोकन गर्ने), लासघरको सरसफाइ (लासघरको सुविधा भएको अस्पतालमा मात्र लागू हुने), सूचना प्रवाह र स्वच्छता प्रवर्द्धन, कीट तथा मुसाको नियन्त्रण, क्षमता अभिवृद्धि र वातावरणीय स्वच्छता/सरसफाइ तोकिएको ।<br><br>५. स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापनका लागि निश्चित मापदण्ड तोकिएको |



## ६.३.४ : विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी,सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलाप र वित्तीय श्रोत विश्लेषण

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | कार्य योजना (वर्ष) | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | |
| १ | **विद्यालय खानेपानी,सरसफाइ तथा स्वच्छता तर्फ** | | | | | | | | |
| १ | शिक्षक, बाल क्लब, अभिभावक संघ, विद्यालय व्यवस्थापन | पटक | १३ | ३ | ३ | ३ | २ | २ | |
| | | बजेट | | | | | | | |

# अध्याय ५

# खासस्व योजनाको सोच, परिलक्ष्य, लक्ष्य, उद्धेश्य र रणनीतिहरु

## ५.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य

खानेपानी तथा सरसफाइ मानव जातिकै अस्तित्वका लागि अत्यावश्यक तत्वहरू हुन् । पानी विनाको मानव जीवनको कल्पना समेत गर्न सकिदैंन । तसर्थ मानव मात्रका लागि पनि खानेपानी र सरसफाइको सुरक्षित र सहज उपलब्धता नै प्रमुख लक्ष्य रहदै आएको छ । यस सर्केगाड गाउँपालिकाले तयार गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको सोच र परिलक्ष्यहरू तपसिल बमोजिमका रहेका छन् ।

दुरदृष्टि (सोच) :

**"सफा, स्वच्छ, गुणस्तरीय र सुरक्षित खानेपानी एवं चर्पीयुक्त घर :**
**प्रभावकारी सेवा प्रवाह र समावेशी विकास निर्माण गाउँपालिकाको रहर" ।**

परिलक्ष्य (ध्येय): यस गाउँपालिकामा सफा, सुरक्षित एवं पहुँचयोग्य खानेपानी, लगानीमैत्री सरसफाइ र स्वच्छताका कार्यक्रमहरू संचालन गरी सन २०३० सम्ममा मध्यम तथा उच्च स्तरको खासस्व सेवा प्रदान गर्ने ।

## ५.२ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको लक्ष्य

यस गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा आगामी ५ वर्षका लागि तपसिलका लक्ष्य तथा नतिजाहरू तय गरेको छ । समग्रमा खानेपानी, सरसफाइ र स्वच्छता योजनामा तपसिलका लक्ष्यहरू राखिएका छन् ।

- सन् २०२२ सम्ममा ४०% मध्यम र २५% उच्च स्तरको खासस्व र
- सन् २०२५ सम्ममा ५०% मध्यम र ५०% उच्च स्तरको खासस्व

## ५.३ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको उद्धेश्य

बिषय क्षेत्र १. सुरक्षित खानेपानीमा पहँच बृद्धि, आयोजनाहरुको दिगोपना, तथा सुरक्षा
उद्देश्य १ : निर्माण भएका खानेपानी आयोजनाहरुको सूचारुपना सुधार तथा उत्थानशिल संरचना सहित नयाँ खानेपानी योजना निर्माण गरि शतप्रतिशत घरधुरीको समतामुलकरुपमा सुरक्षित खानेपानीको पहुँच बृद्धि गर्ने ।

बिषय क्षेत्र २ : सुधारिएको सरसफाइ तथा स्वच्छता सँविधामा पहुँच बृद्धि तथा दिगोपना
उद्देश्य २ : सहभागितात्मक पद्धतिको माध्यमबाट समुदाय र गाउँपालिका क्षेत्रको सरसफाइ

तथा स्वच्छता प्रवर्द्धनमा अपनत्वभावको विकास भई पूर्ण सरसफाइयुक्त घर, समुदाय, वडा तथा गाउँपालिकाको विकास भएको हुनेछ ।

बिषय क्षेत्र ३. विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन
उद्देश्य ३ :  समन्वयात्मक तथा एकीकृत कार्य पद्धती अवलम्बन गरी विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी, सुधारिएको सरसफाइ तथा स्वच्छता सेवाको नियमित र न्यायोचित पहुँच भएको हुनेछ ।

बिषय क्षेत्र ४.संस्थागत तथा क्षमता विकास
उद्देश्य ४: गाउँपालिका र वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संस्थागत विकास भइ पूर्ण सरसफाइ क्षेत्रमा क्षमता विकास भएको हुनेछ ।

बिषय क्षेत्र ५. जलवायु परिवर्तनको असरमा न्यूनीकरण तथा विपद्मा खानेपानी तथा सरसफाइ सेवा
उद्देश्य ५:  पानीका मूलहरुको संरक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कनद्वारा भौतिक निर्माणलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरमा न्यूनीकरण भएको हुनेछ । साथै विपद्मा प्रभावकारी खानेपानी तथा सरसफाइ सेवाका लागि उचित व्यवस्थापन भएको हुनेछ ।

बिषय क्षेत्र ६.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
उद्देश्य ६: गाउँपालिका तथा वडाहरुमा वास सेवामा लैङ्गिक समानता सुनिश्चित भएको हुनेछ ।

## ५.४ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको रणनीतिहरु

छायाँनाथ रारा नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सम्बन्धी लक्ष्य पुरा गर्न सरकारी, गैर सरकारी निकाय र नीजि क्षेत्रबिचको समन्वयात्मक कार्य एकता तथा एकीकृत कार्य पद्धतीको थालनी गर्नु नै यस योजनाको प्रमुख रणनीति हुनेछ । प्रदेश र संघिय सरकारहरूसंग समन्वय गरी मातहतका कार्यालयहरूसंग समन्वय र सहकार्य गरेर खासस्व योजना कार्यान्वयनका लागि पहल गरिने छ । यस खासस्व योजना कार्यान्वयनका लागि विशेषत तपसीलका रणनीतिहरू अवलम्वन गरिने छ ।

| बिषय क्षेत्र | रणनीतिहरु |
|---|---|
| संस्थागत तथा क्षमता विकास | १. गाउँपालिकाले खानेपानी तथा सरसफाइका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्न गाउँपालिकासंग अपुग श्रोत व्यवस्थापनका लागि अन्य निकायहरूसंगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइनेछ ।<br>२. खानेपानी तथा सरसफाइका क्षेत्रमा निर्धारित कार्ययोजना अनुसारका योजनाहरू कार्यान्वयनका लागि गाउँपालिकामा **"खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्वा) शाखा स्थापना"** गरिने छ । उक्त खासस्व शाखाबाट गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका कार्यक्रमहरुको संयोजन गरिने छ ।<br>३. खासस्व कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी एवं नतिजामुखी रुपमा संचालन गर्न एकीकृत संस्थागत संरचनाहरु खडा गरि परिचालनमा जोड दिईनेछ ।<br>४. गाउँपालिकाको खानेपानी तथा सरसफाइ क्षेत्रमा तय गरिएका लक्ष्य प्राप्तिका लागि आवश्यक पर्ने मर्मत संभार कार्यकर्ता, स्वास्थ्य तथा सरसफाइ प्रवर्दक उत्पादनका लागि साझेदार निकायसंगको समन्वय र सहकार्यमा पालिकास्तरीय सीप विकास केन्द्र वा स्रोत केन्द्र स्थापना प्रत्येक समुदायमा मर्मत संभार कार्यकर्ता, स्वास्थ्य तथा सरसफाइ प्रवर्दक परिचालन गर्न जोड दिईनेछ । |
| सुरक्षित खानेपानीमा पहुँच बृद्धि, आयोजनाहरुको दिगोपना, तथा सुरक्षा | ५. खानेपानी आयोजनाहरुको नयाँ निर्माण तथा मर्मत सुधार र विस्तार गर्दा अनिवार्य रुपमा "एक घर एक धारा" नीति अवलम्बन गरि सबै खानेपानी योजनाहरुमा अनिवार्य रुपले "खानेपानी सुरक्षा योजना तथा सुरक्षित खानेपानी युक्त समुदाय" को अबधारणा लागु गरिनेछ ।<br>६. राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६३ मा तोकिए बमोजिम खानेपानीको गुणस्तर तथा सेवास्तर सुधार गरिनेछ । साथै गाउँपालिकास्तरमा खानेपानीको गुणस्तर परिक्षणका लागि खानेपानी गुणस्तर केन्द्रको स्थापना गरी खानेपानी उपभोक्ताहरुको क्षमता विकास तथा समुदाय स्तरमा सचेतना अभिबृद्धि गरिनेछ ।<br>७. गाउँपालिकास्थित खानेपानी योजनाहरुको दिगो, सुरक्षित एवं गुणस्तरीय सेवा प्रवाह वा दिगो सुचारु गर्ने ध्येयका लागि योजना डिजाइनसंगै प्रत्येक स्किम, प्रत्येक धारामा मर्मत संभार र सरसफाइ कार्यकर्ता राखी प्रभावकारी परिचालन गर्न आयोजना तथा लाभान्वित समुदाय दुवैलाई उत्प्रेरित गर्ने रणनीति तय गरिनेछ ।<br>८. खानेपानी योजनाहरुको दिगोपना र नियमित संचालनका लागि वडा, समुदाय, टोलका साथै विभिन्न संस्थागत संरचनाहरुमा समेत स्थानीय तह, सम्बन्धीत आयोजना र समुदायको सक्रिय समन्वय, सहकार्य र साझेदारीमा खानेपानी योजना मर्मत संभार कोष खडा गरि यथोचित परिचालन गरिनेछ ।<br>९. स्थानीय तह र समुदायका साथै उपभोक्ता समितिबीच सहकार्य, समन्वय र साझेदारी गरि एकीकृत एवं सयुक्त मुल्यांकन रणनीतिक योजना तयार गरि कार्यन्वयनमा बिशेष जोड दिइनेछ ।<br>१०. खानेपानी योजनाको प्रभावकारी तथा दिगो संचालन गर्न उपभोक्ता समितिलाई यथोचित परिचालानका लागि उत्प्रेरित गर्ने नीतिलाई प्रमुखता दिईनेछ । |

| | |
|---|---|
| सुधारिएको सरसफाइ तथा स्वच्छता सुविधामा पहुँच बृद्धि तथा दिगोपना | ११. यस गाउँपालिका क्षेत्रमा सार्वजनिक शौचालयहरुको निर्माण तथा सन्चालनका लागि सार्वजनिक र नीजि क्षेत्रसंगको सहकार्यमा विभिन्न आय आर्जनका गतिविधिहरू (जस्तै शौचालयको अगाडि भागमा पसल संचालन गर्ने र पछाडि भागमा सार्वजनिक शौचालय प्रयोगमा ल्याउने वा गोबर ग्याँस जडान गर्ने आदि) संग  जोडिने गरि संचालन र व्यवस्थापन गर्ने प्रणाली अवलम्बन गरिने छ ।<br>१२. फोहरमैला व्यवस्थापन तथा सरसफाइ प्रवर्द्धन गर्न वडाको नेतृत्वमा सचेतना अभिबृद्धि गर्न पूर्ण सरसफाइ अभियान संचालन गरिनेछ ।<br>१३. गाउँपालिका अन्तर्गतका बजार क्षेत्रको ढल निकास व्यवस्थापनलाई एकीकृत कार्यक्रमको रूपमा कार्यान्वयन गरिनेछ । "फोहरलाई बनाऊँ मोहर" भन्ने नारालाई व्यापक बनाइ फोहरमैला व्यवस्थापन तथा सरसफाइ कार्य सञ्चालन गर्दा सार्वजनिक नीजि साझेदारीको रणनीति अवलम्वन गरिनेछ ।<br>१४. मुख्य बजार र बजार उन्मुख क्षेत्रहरूमा उत्पन्न हुने ठोस तथा तरल फोहोरलाई श्रोत स्तरको ग्रेडिङ्ग गरि सुरक्षित व्यवस्थापनका लागि उचित स्थानमा प्रशोधन र व्यवस्थापनमा विशेष प्राथमिकतामा दिइनेछ ।<br>१५. सरसफाइ र स्वच्छता दीर्घ जीवनको आधार भएकोले स्थानीय तहका प्रत्येक समुदायमा सचेतना अभिबृद्धि गर्दै सरसफाइ र स्वच्छता नमुना वस्ती घोषणा सहित उचित पुरुस्कारको व्यवस्था गर्न विशेष जोड दिइनेछ । |
| विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन | १६. विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको सुधार तथा व्यवस्थापनका लागि विद्यालय ३ तारे पद्धतीको अवलम्बन गरिने छ भने स्वास्थ्य संस्थाहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था सुधारका लागि स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छताको गुणस्तरीय सुधार (Water, sanitation and hygiene facility improvement tool- WASH Fit) लाई कार्यान्वयनमा ल्याइने छ ।<br>१७. विद्यालय तथा स्वास्थ्य संस्थाहरुको खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रवर्द्धन गर्न सम्बन्धीत संस्थामै खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रवर्द्धन डेस्क स्थापना गरि परिचालन गर्न आवश्यक निर्देशिका बनाई कार्यान्वयनमा जोड दिइनेछ ।<br>१८. खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रवर्द्धन गर्न विद्यालय तथा स्वास्थ्य संस्थाहरुको संस्थागत संरचनालाई अग्रभागमा राख्दै समुदायको समन्वय, सहकार्य र साझेदारी सहित परिचालनमा प्रमुखता दिईनेछ |

| | |
|---|---|
| जलवायु परिवर्तनको असरमा न्यूनीकरण तथा विपद्मा खानेपानी तथा सरसफाइ सेवा | १९. खानेपानी तथा सरसफाइ प्रवर्द्धनका कार्यक्रमको संभाव्यता अध्ययन, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन लगायतका सबै चरणहरुमा जलवायु परिवर्तनको प्रभाव, विपद् न्यूनीकरणका क्रियाकलापहरुलाई मुल प्रवाहिकरण गरि सो सम्बन्धी मुद्धाहरूको पहिचान र सम्बोधन गरिनेछ ।<br>२०. खानेपानी तथा सरसफाइका भौतिक संरचनाहरूको भूकम्पीय प्रतिरोधिता तथा अन्य जोखिम न्यूनिकरण का लागि हाल संचालनमा रहेका संरचानहरुको आम प्रबलिकरण गरि उत्थानशिल संरचना निर्माण गरिने छ ।<br>२१. गाउँपालिका हुदैं वडा, समुदाय तथा टोलका साथै संस्थागत तवरमा समेत खासस्व विपद् कोष खडा गर्दै आवश्यकता र औचित्यताको आधारमा परिचालन गर्न जोड दिइनेछ ।<br>२२. गाउँपालिकास्तरमा निर्माण गरिने विभिन्न भौतिक संरचनाहरु वातावरण तथा विपद् प्रतिरोध मैत्री गर्न गराउन योजनाको प्रकृति हेरी वातावारणीय प्रभाव मुल्यांकन कार्यलाई कडाईका साथ लागु गर्ने नीति लिइनेछ । |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | २३. घरायसी चर्पी निर्माण तथा थप मर्मत सुधारका लागि घरपरिवार स्वयमलाई नै जिम्मेवार बनाईने छ । शारिरिक रुपमा अशक्त, अपाङ्ग र एकल महिलाहरूका लागि अनुगमन समितिको सिफारिसमा आर्थिक सहयोग उपलब्ध गराइनेछ भने अन्यलाई आर्थिक अनुदान उपलब्ध नगराउने नीति लिईने छ ।<br>२४. लक्षित वर्गमुखी योजना निर्माणदेखि समान सहभागिता र समावेशिकरणमा बृद्धि गर्न आम समुदायमा लैंगिक एवं सामाजिक सचेतीकरण गर्न जोड दिइनेछ । |

## ५.५. गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका निर्देशक सिद्धान्तहरु

खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको दूरदृष्टि तर्फ उन्मुख हुन, लक्ष्य प्राप्तिमा अधिकतम योगदान पुऱ्याउन तथा उद्देश्य हासिल गर्नका लागि संचालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको योजनाबद्ध प्रयासहरुमा देहायका निर्देशित सिद्धान्तहरु अवलम्बन गरिनेछ ।

१. खासस्व सेवाको विकासमा नागरिक संलग्नता

यस गाउँपालिकाको खासस्व क्षेत्रको सामाजिक परिचालनमा महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति र पिछडिएको वर्ग एवं समुदायको सशक्तिकरणलाई माध्यम बनाइनेछ । खासस्व क्षेत्रमा समुदायमा आधारित तथा नागरिक समाजका संस्थाहरुको संस्थागत क्षमता विकासको माध्यमबाट खासस्व क्षेत्रको विकास प्रक्रियामा नागरिक तथा समुदायको संलग्नता बृद्धि गरिनेछ । खासस्व क्षेत्रमा स्थानीय श्रोत, साधन, प्रविधि, ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गरी दिगोपनामा टेवा पुऱ्याईनेछ ।

२. वातावरण सन्तुलन तथा खासस्व क्षेत्रको दिगो विकास

जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरण र जोखिम न्यूनिकरण तथा स्थानीय अनुकूलनको उपायहरु अवलम्बन गरी जनकेन्द्रीत खासस्व सेवा विकासको अवसरमा बृद्धि गरिनेछ । यस गाउँपालिकाको खासस्व क्षेत्र विकास प्रक्रियामा वातावरणमैत्री स्थानीय

शासन प्रणालीलाई समाहित गरी खासस्व सेवाको कार्यलाई वातावरणमैत्री तथा दिगो बनाइनेछ ।

३. स्थानीय संस्था/संजालहरुको क्षमता विकास तथा परिचालन

गाउँपालिका भित्रका वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य व्यवस्थापन समिति लगायत अन्य समुदायमा आधारित समूह र सञ्जालहरुको खासस्व सम्बन्धी क्षमता अभिबृद्धि गरी उनीहरुलाई यस क्षेत्रमा अझ बढी क्रियाशील र प्रभावकारी बनाईनेछ । स्थानीय तहमा खासस्व क्षेत्रको संरचनागत सुधार र क्षमता विकासको माध्यमबाट स्थानीय शासन प्रक्रियामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा पछाडि पारिएका वर्गको संलग्नतालाई सुनिश्चित, अर्थपूर्ण र प्रभावकारी बनाईनेछ । स्थानीय स्तरमा खासस्व क्षेत्रमा संचालित आयोजना तथा कार्यक्रमलाई दिगो, नतिजामुलक, पारदर्शी र प्रभावकारी बनाईनेछ ।

४. लैगिंक समानता तथा सामाजिक समावेशीकरण

योजना तर्जुमा, सञ्चालन तथा अनुगमन प्रक्रियालाई अझ बढी समावेशी र सहभागितामुलक बनाई उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरी दिगो र सन्तुलित खासस्व सेवामा जोड दिईनेछ । खासस्व क्षेत्रको संस्थागत विकास सुदृढ गरी समावेशी र समानतामैत्री वातावरण निर्माण गरिनेछ । खासस्व सेवा तथा सुविधामा आम नागरिक तथा सेवाग्राहीहरुको पहुँच बृद्धि गरी स्थानीयस्तरमा प्रवाहित सेवा तथा सुविधाहरु अधिकारमा आधारित, सहज, सर्वसुलभ र गुणस्तरीय बनाइनेछ । समावेशीकरण नीति अन्तर्गत खासस्व क्षेत्र अन्तर्गतका कार्यक्रम खास गरि सेवाबाट वञ्चित समुदाय, क्षेत्र र जनसंख्या (महिला, दलित, आदिबासी-जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा अन्य पिछडा वर्ग) को समुचित सेवामा बढी लक्षित हुनेछ । खासस्व योजना कार्यान्वयनको शिलशिलामा निर्माण हुने सम्पूर्ण खानेपानी तथा सरसफाइ संरचनाहरु बाल, महिला, अपाङ्गता र वातावरणमैत्रीका सूचकलाई मुख्य आधार बनाईने छ । सरसफाइ तथा स्वच्छता सम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरुमा लैङ्गिक संवेदनशीलतालाई आत्मसात गरिनेछ । खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुमा कम्तिमा पनि एक तिहाइ सदस्य सहित प्रमुख वा उपप्रमुख पदहरुमा महिला हुनुपर्ने प्रावधानलाई सुनिश्चित गरिनेछ ।

५. मानव अधिकार र सामाजिक न्याय

सुरक्षित पानी र आधारभूत सरसफाइ मानवको मौलिक आवश्यकता र आधारभूत मानव अधिकार हुन् । प्रत्येक व्यक्तिलाई स्वस्थ, मर्यादित,र उत्पादनशील जीवन बाँच्न ती सेवाहरूको आवश्यकता पर्दछ । अधिकारमा आधारित पद्धति मानव अधिकारको प्रगतिशील सोचाइको लागि क्षेत्रगत सुशासन प्रणालीको फराकिलो सुधार हो । यसमा सबै नागरिकको "खासस्व" सेवाहरूका लागि गाउँपालिकाले तय गरेको समय तालिकामा स्रोतको अधिकतम उपयोग

गर्नु हो । अधिकारमा आधारित पद्धतितर्फ जानु भनेको स्थानीय तह र नागरिकहरूको बीच सम्बन्धमा केन्द्रित हुनु हो । खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सरकारी, गैर सरकारी, सामुदायिक संस्थाको संस्थागत संरचनामा विपन्न एवं सिमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्दै सामाजिक न्यायको अवधारणालाई अवलम्बन गरिनेछ । समाजमा पिछडिएको वर्ग, दलित, जनजाति, जेष्ठ नागरिक, महिला तथा बालबालिकाको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी लक्षित वर्ग कार्यक्रमका साथै अन्य विशेष कार्यक्रम संचालन गरिनेछ ।

६. समुदाय, निजी क्षेत्र एवं गैसस साझेदारी

खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सेवा प्रवाह तथा पूर्वाधार विकास कार्यमा सामुदायिक तथा सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्वन गरिनेछ । समुदाय, निजी क्षेत्र तथा गैसस जस्ता साझेदारहरु बीच अन्तरक्रिया, छलफल र वहसका माध्यमवाट खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा विस्तार कार्यलाई अझ वढी समन्वयात्मक, सहभागितामूलक र प्रभावकारी बनाइनेछ । खानेपानी, सरसफाइ तथा स्वच्छता अन्तर्गतका कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र जवाफदेहिता अभिबृद्धिका लागि उपलब्ध कानूनी व्यवस्था अनुसार सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरिक अनुगमन तथा निगरानीको औजार प्रयोग गरी सुधारका प्रतिवद्धताको पालना गरिनेछ ।

७. नतिजा मूलक व्यवस्थापन प्रणाली

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तथा बजेट तर्जुमा गर्दा नतिजामूलक योजनाको खाकामा सूचकको आधारमा गरिनेछ । खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको नतिजामूलक अनुगमन खाका अनुसार सहभागितामुलक र तेश्रो पक्षद्धारा समीक्षा गरिने छ । आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्यांकन गरिने छ र कार्य सम्पादनको आधारमा राम्रो काम गर्ने संघ, संस्था तथा निकायलाई प्रोत्साहन गरिनेछ ।

# अध्याय ६

# संभाग अनुसार रणनीति, अपेक्षित उपलब्धि, नतिजा तालिका र क्रियाकलापहरु

## ६.१ बिषय क्षेत्र : सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा

### ६.१.१ उद्देश्य :

सर्केगाड गाउँपालिका भित्र निर्माण भएका तर संचालनमा समस्या भएका खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजनाको अवधारणा अवलम्बन गरी आयोजनाहरुको नियमित मर्मत संभार एवं सूचारुपना सुधार तथा उत्थानशिल संरचना निर्माण गर्ने र खानेपानी सुविधा नपुगेका बस्तिहरुमा नयाँ योजना निर्माण गरि शतप्रतिशत घरधुरीमा समतामुलकरुपमा सुरक्षित खानेपानीको पहुँच बृद्धि गर्ने ।

नतिजा १.१: गाउँपालिका क्षेत्रका सम्पूर्ण घरधुरीमा सुरक्षित खानेपानीको सेवामा पहुँच बृद्धि भएको हुनेछ ।

नतिजा १.२:उपभोक्ता समितिहरुको आवश्यक क्षमता अभिबृद्धि भएर सकृय भएका र खानेपानी योजनाको उचितरुपले मर्मत सम्भार गरि गुणस्तरयुक्त खानेपानी आपूर्तिमा निरन्तरता आएको हुनेछ ।

### ६.१.२ कार्यनीतिहरु :

१. खानेपानी आयोजनामा उपभोक्ता समितिको गठन, पुनर्गठन गरि उक्त आयोजनाहरु गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गर्ने एवं उपभोक्ता समितिहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्दै व्यवस्थित र व्यवसायिक बनाइनेछ ।

२. खानेपानी आयोजनाको सुचारुपना र दिगोपनाका लागि मर्मत संभार कोष, मर्मत संभार कार्यकर्ता, पानी शुल्कको अनिवार्य व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ साथै उपभोक्ता समितिलाई जिम्मेवार बनाउन गाउँपालिका, वडा र उपभोक्ता समितिबिच त्रिपक्षिय कार्यक्षमता तथा दिगोपना सम्झौता गरि नियमित अनुगमन तथा मूल्याङ्कन गरिने छ ।

३. खानेपानी आयोजनाको पहुँच एवं सेवा विस्तारका लागि एक घर एक धाराको नीति लिईनेछ, मौजुदा योजनाको मर्मत सम्भार वा विस्तार गर्दा सम्भब भए सम्म एक घर एक धारा अवधारणामा गरिनेछ भने नयाँ बन्ने योजनाको हकमा एक घर एक धारालाई अनिवार्य गरिनेछ ।

४. मर्मत संभार गरिने सबै खानेपानी योजनामा अनिवार्य रुपले खानेपानी सुरक्षा योजना लागु गरि उपभोक्ता समितिहरुको क्षमता अभिबृद्धि गरी उनीहरुकै नेतृत्वमा आवश्यक मर्मत सुधारका साथै खानेपानीको गुणस्तर सुधारका कार्यहरु संचालन गरेर गुणस्तरीय खानेपानी सेवाको सुनिश्चित गरि सुरक्षित खानेपानीयुक्त समुदाय विकास गर्ने अभियानको अवलम्बन गरिने छ ।

५. खानेपानी आयोजनाहरुको निर्माण गर्दा जोखिमको न्यून प्रभाव हँने गरी वातावरणमैत्री बनाउने कार्यनीति अवलम्बन गरिने छ र खानेपानी आयोजनाका सबै संरचनाहरुलाई उत्थानशिल बनाउन बिशेष पहल गरिने छ ।

६. खानेपानी आयोजनाहरुको मर्मत संभार तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकास्तरमा खानेपानी क्षेत्रका दक्ष प्राविधिक र प्लम्बरहरुको क्षमता विकास गरी  परिचालन गरिनेछ ।

७. हालसम्म खानेपानी योजना निर्माण नभएका, सामाजिक रुपले बन्चितिकरणमा परेका समुदायको बसोबास भएका बस्तिलाई नयाँ निर्माण गरिने योजनामा विशेष प्राथमिकता दिइनेछ ।

८. खानेपानी उपभोक्ता समितिहरुलाई खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी क्षमता विकास गरि आवश्यक औजार प्रदान गर्ने र उपभोक्ता समितिहरुले नियमितरुपमा खानेपानीको गुणस्तर परीक्षण गरि सो को प्रतिवेदन गाउँपालिकाको खासस्व शाखा/इकाईमा पेश गर्ने र खासस्व इकाईले अभिलेख अद्यावधिक गर्ने व्यवस्था गरिनेछ ।

९. खानेपानीको नियमित रुपले गुणस्तर परीक्षणका लागि आवश्यक पर्ने किट, जनशक्ति, र ल्याब सेवा स्थानीय रुपमा उपलब्ध गराउनका लागि निजि क्षेत्रका सेवा प्रदायकको क्षमता अभिबृद्धिका साथ निजि क्षेत्रसंग सहकार्य र साझेदारीको कार्य आरम्भ गरिने छ ।

१०.खानेपानी योजनाको प्रभावकारी संचालन तथा व्यवस्थापनका आधारमा खानेपानी उपभोक्ता समितिहरुलाई प्रोत्साहन तथा दण्ड र जरिवाना गर्ने प्रणाली अवलम्बन गरिने छ ।

११.गाउँपालिकास्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईको संयोजनमा खानेपानी योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन निर्देशिका तयार गरि सो अनुसार नियमित अनुगमन गरिनेछ ।

१२.हालसम्म निर्माण सम्पन्न खानेपानी आयोजनाहरुको अभिलेख राखी नियमित रुपमा उक्त अभिलेखहरुको समसामयकीकरण गर्न पहल गरिनेछ ।

## ६.१.३ सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा क्षेत्रको नतिजा तथा लक्ष्य तालिका

| सि.नं. | सचकहरु | इकाई | वर्तमान अवस्था (०७६/७७) | मध्यम अवस्था (०७८/७९) | पाँचौ बर्ष (०८१/८२) | पुस्ट्याइका आधारहरु | जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|
| नतिजा १ | **गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण घरधुरीमा सुरक्षित खानेपानीको सेवामा पहुँच वृद्धि भएको हुनेछ।** | | | | | | |
| १.१ | उच्च स्तरको खानेपानी सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ० | १० | २० | गाउँपालिकाको वास प्रतिवेदन, खासस्व योजनाको समिक्षा | |
| १.२ | मध्यम स्तरको खानेपानी सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | २.५ | २० | ३० | ,, ,, | |
| १.३ | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका घरधुरी | प्रतिशत | ९४ | ९८ | १०० | ,, ,, | |
| १.४ | सिमित खानेपानी सेवा पुगेका घरधुरी | प्रतिशत | २.५ | १० | ३० | ,, ,, | |
| १.५ | सेवा नपुगेका घरधुरी | प्रतिशत | १.१ | ० | | ,, ,, | |
| नतीजा २ | **खानेपानी उपभोक्ता समितिहरु सकृय भई निर्माण भएका खानेपानी योजनाको उचितरुपले मर्मत सम्भार गरि गुणस्तरयुक्त खानेपानी आपूर्तिमा निरन्तरता आएको हुनेछ।** | | | | | | |
| २.१ | नियमित रुपमा मर्मत सम्भार भई पूर्ण क्षमतामा संचालन भएका खा.पा.योजना | प्रतिशत | ० | २५ | ५० | गाउँपालिकाको वास प्रतिवेदन, खासस्व योजनाको समिक्षा | |
| २.२. | नियमित रुपमा खानेपानीको गुणस्तर परिक्षण भई गुणस्तरयुक्त खानेपानी आपूर्ति गरि रहेका खा.पा.योजनाहरु | प्रतिशत | ० | २५ | ५० | ,, ,, | |
| २.३ | पानी सुरक्षा अवधारणा कार्यान्वयन भै मर्मत संभार गरिएका आयोजनाहरु | प्रतिशत | ० | २५ | ४० | ,, ,, | |
| २.४ | सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा भएका खानेपानी उ.स.हरु | प्रतिशत | ० | २५ | ५० | ,, ,, | |
| २.५ | नियमित साधारण सभा, लेखा परीक्षण र पार दर्शिता कायम भएका सकृय उपभोक्ता समिति (संख्या/प्रतिशत) | प्रतिशत | ७ | २० | ७० | ,, ,, | |
| २.६ | खानेपानी आयोजनाको उचित मर्मत संभार संयन्त्र (कोष, कार्यकर्ता, औजार) भएका खानेपानी उ.स. (संख्या/प्रतिशत) | प्रतिशत | १० | ३० | ६० | ,, ,, | |

## ६.१.४ कार्ययोजना,प्रमुख क्रियाकलाप तथा वित्तीय श्रोत विश्लेषण

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | कार्य योजना (वर्ष) | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | |
| क | **खानेपानी सेवा विस्तार** | | | | | | | | |
| १ | नयां खानेपानी आयोजनाहरुको निर्माणबाट खानेपानी सेवा विस्तार | घरपरिवार | २२१० | ४०० | ६०० | ६०० | ४०० | २१० | गाउँपालिका, साझेदार संस्था |
| | | योजना संख्या | ४८ | १० | १२ | १२ | १० | ४ | |
| | | बजेट (रु.000) | १४४००० | ३०००० | ३६००० | ३६००० | ३०००० | १२००० | |
| २ | मौजुदा खानेपानी योजनाको खानेपानी सुरक्षा अवधारणा बमोजिम मर्मत सम्भार र विस्तार | घरपरिवार | ११०० | २०० | ३०० | ३०० | २०० | १०० | गाउँपालिका, खा.पा.उ.स., साझेदार संस्था |
| | | योजना संख्या | २३ | ५ | ६ | ६ | ५ | १ | |
| | | बजेट (रु.000) | ११५०० | २५०० | ३००० | ३००० | २५०० | ५०० | |
| ३ | मौजुदा खानेपानी योजनाहरुको पुन निर्माण | घरपरिवार | ११५० | १५० | २०० | ३०० | ३०० | २०० | गाउँपालिका, साझेदार संस्था |
| | | योजना संख्या | २६ | ६ | ४ | ६ | ६ | ४ | |
| | | बजेट (रु.000) | २६००० | ६००० | ४००० | ६००० | ६००० | ४००० | |
| ४ | घर परिवारमा निजि धारा जडान | संख्या | १८०० | २०० | ३०० | ५०० | ४०० | ४०० | गाउँपालिका, खा.प( ा.उ.स., साझेदार संस्था |
| | | बजेट (रु.000) | १८००० | २००० | ३००० | ५००० | ४००० | ४००० | |
| | **(क) जम्मा** | | २०५८५७ | ४१४७१ | ४७४२२ | ५१७२४ | ४३८२१ | २१४१९ | |
| ख | खानेपानीको श्रोत संरक्षण र गुणस्तर | | | | | | | | |
| ५ | खानेपानी आयोजनाका मुल तथा श्रोतहरुको संरक्षण, | योजना संख्या | ३० | ६ | ८ | ६ | ५ | ५ | खा.पा.उ.स. |
| | | बजेट (रु.000) | ३००० | ६०० | ८०० | ६०० | ५०० | ५०० | |
| ६ | खानेपानी आयोजनाहरुको खानेपानी सुरक्षा योजना तर्जमा र कार्यान्वयन | योजना संख्या | ४१ | ६ | १० | १० | १० | ५ | खा.पा.उ.स., साझेदार संस्था |
| | | बजेट (रु.000) | २०५००० | ३००० | ५००० | ५००० | ५००० | २५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | खानेपानीको नियमित गुणस्तर परीक्षण तथा पानी प्रशोधन गर्ने | योजना संख्या | ४१ | ६ | १० | १० | १० | ५ | गाउँपालिका, साझेदार संस्था |
| | | बजेट (रु.000) | ४१00 | ६00 | १000 | १000 | १000 | ५00 | |
| ८ | पानी प्रशोधन प्रणाली जडान गरिने खानेपानी योजना | योजना संख्या | १0 | २ | २ | ३ | २ | १ | |
| | | बजेट (रु.000) | २000 | ४00 | ४00 | ६00 | ४00 | २00 | |
| | (ख) जम्मा | | २९७२२ | ४६२0 | ७२३0 | ७२२९ | ६९२७ | ३७१६ | |
| ग | नीतिगत तथा संस्थागत बिकास | | | | | | | | |
| ९ | खा.पा उपभोक्ता समिति गठन र पुनर्गठन गरि क्षमता विकास गर्ने | संख्या | ४८ | १0 | १0 | १५ | १0 | ३ | |
| | | बजेट (रु.000) | ४८0 | १00 | १00 | १५0 | १00 | ३0 | |
| १0 | खानेपानी योजनाको मर्मत संभार संयन्त्रको विकास गर्ने(पानी शुल्क, मर्मत सम्भार कार्यकर्ता, लेखा व्यवस्थापक, औजार आदि) | संख्या | ४0 | ५ | १0 | १0 | १0 | ५ | गाउँपालिका, साझेदार संस्था |
| | | बजेट (रु.000) | १६00 | २00 | ४00 | ४00 | ४00 | २00 | |
| ११ | खानेपानीको गुणस्तर परीक्षणका लागि आवश्यक किट, जनशक्ति सहित ल्याब सेवाको उपलब्धता | संख्या | २२ | ४ | ४ | ६ | ४ | ४ | गाउँपालिका, साझेदार संस्था |
| | | बजेट (रु.000) | २२00 | ४00 | ४00 | ६00 | ४00 | ४00 | |
| १२ | खानेपानी आयोजनाका नियमित अनुगमन, सुपरिवेक्षण तथा दिगोपनाको जाँच | संख्या | ४८ | १0 | १0 | १५ | १0 | ३ | |
| | | बजेट (रु.000) | २५५0 | ५00 | ५00 | ७५0 | ५00 | ३00 | |
| | (ग) जम्मा | | ६९८८ | १२२९ | १४३४ | १९४६ | १४३४ | ९४५ | |
| | कुल जम्मा (क)+(ख)+(ग) | | २४२५६७ | ४७३२0 | ५६0८६ | ६0८९९ | ५२१८२ | २६0८0 | |

### ६.१.५. नयाँ निर्माण हुने योजनाहरुको प्राथमिकताक्रम

यस गाउँपालिका अन्तरगत वडा नं ५ कुतीका १९ वटाघरधुरीलाई खानेपानीको पहुँच नपुगेको देखिए पनि सम्पूर्ण घरधुरीले सामुहिक र संस्थागत धाराबाट खानेपानी प्रयोग गरिराखेको देखिन्छ । तसर्थ हाल यस गाउँपालिकाका कुनै पनि वडा र बस्तीमा नयाँ खानेपानीका आयोजनाहरु निर्माण हुने देखिदैन ।

### ६.१.६. सामान्य मर्मत संभार गर्नु पर्ने योजनाहरुको प्राथमिकताक्रम

सर्केगाड गाउँपालिकामा निर्माण भएका खानेपानी आयोजनाहरुको संचालन अवस्थालाई नियमित सुचारु राख्न तथा थप व्यवस्थित गर्न सामान्य मर्मत संभार गर्नु पर्ने खानेपानी आयोजनाहरुका प्राथमिकता तपसिल बमोजिम निर्धारण गरिएको छ । निम्न योजनाहरुको प्रस्तावित मर्मत सम्भार लागत NWASH बाट खानेपानी आयोजनाको सर्बेक्षणको क्रममा भएको सम्भाब्यता अध्ययनबाट अनुमान गरिएको छ ।

| सि.नं. | योजनाको नाम | ठेगाना/स्थान | लाभान्वित हुने घरधुरी | | | | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाति | अन्य | जम्मा | | |
| १ | लेखुती खा.पा.यो | सर्केगाड-५, कुटी | ० | १९ | ० | १९ | २५४६१७ | |
| २ | सिमखोला खा.पा.यो | सर्केगाड-५, कुटी | ० | ५० | ७ | ५७ | ४५८७९० | |
| ३ | माथिल्लो सिमखोला | सर्केगाड-७,पुर्बता | ० | १९ | ० | १९ | ३७२०३१ | |
| ४ | पुर्बता खा.पा.यो | सर्केगाड-८,ग्वाली | ० | ७ | ३८ | ४५ | १४०१३८३ | |
| ५ | ग्वाली सिक्कड़ा खा.पा.यो | सर्केगाड-६,छ्याँगी | ० | १७ | ० | १७ | २३२५९३ | |
| ६ | बुकाखोला खा.पा.यो | सर्केगाड-७,जवाडा | २ | ० | ५४ | ५६ | २८५८५० | |
| ७ | पाखोमन्ना खा.पा.यो | सर्केगाड-६,गिउसी | ४ | ७ | ११ | २२ | ७००१४४ | |
